






# सञ्जाल विज्ञापनको



- एड मेकर प्रेम उपाध्यायले कोइराला परिवारकी छोरी मनीषा कोइरालालाई 'मेघा ऊल' को विज्ञापनमा अभिनय गराउँदा सोचेका पनि थिएनन् होला, मनीषा बलिउड चलचित्र उद्योगकी स्थापित नायिका हुनेछिन्। मनीषाका निम्ति पर्दाको त्यो पहिलो अनुभवले निरन्तर यही क्षेत्रमा लहसिने चाहना विकास गरिदियो। सौदागर, १९४२ अ लभ स्टोरी, दिलसे, बम्बे, खामोशी द म्युजिकल, मनजस्ता सुपरहिट चलचित्रमा नायिकाको भूमिकामा जमेकी मनीषाले मेघाऊलको त्यो विज्ञापनमा अभिनय गरेपछि नेपाली चलचित्र फेरि भेटौंलामा अभिनय गरेकी थिइन्। फेरि भेटौंलामा काम गरेर मुम्बई पुगेकी मनीषा नेपाली पर्दामा फेरि भेट्न त आएकी छैनन्, तर उनलाई मेघा ऊलकी मोडलका रूपमा सम्झनेहरू उत्तिकै छन्।
- मोडलका रूपमा स्थापित हुन सनि रौनियारलाई ब्राइटर टुथपेस्टको विज्ञापनले पर्याप्त मद्दत गर्‍यो। एक समय नेपाली चलचित्रमा राज गरेकी नायिका सनिले अभिनय गरेका चलचित्र प्रेमपिण्ड, दैवसंजोग तथा सडकले दर्शकमाझ अमिट छाप छोडेका छन्। आकर्षक शारीरिक बनावटकी सनीले ब्राइटर टुथपेस्टका लागि दिएको मुस्कानले उनलाई अभिनय क्यारियर विकास गर्न सहयोग मिल्यो। ब्राइटर टुथ पेस्ट र सनि रौनियार दुवै ब्रान्ड यही विज्ञापनबाट स्थापित भएका थिए।
- डली गुरुङलाई पहिलो नेपाली महिला मोडलका रूपमा वाईवाई चाउचाउको विज्ञापनले चिनायो। काँचको पर्दा शीर्षकको पुस्तकमा दीपा गौतम लेख्छिन् डली गुरुङ अभिनीत वाईवाई चाउचाउको विज्ञापनलाई प्राविधिक हिसाबले पहिलो स्तरीय टिभी विज्ञापन मान्न सकिन्छ। पहिलो पटक त्यो विज्ञापन हेरेपछि वाइवाइ कम्पनीका सञ्चालकहरू चित खाए र तिनले भने- 'यो केटीको विज्ञापन हो कि हाम्रो चाउचाउको ? यसमा ८० प्रतिशत सिन त केटीकै छ, हाम्रो चाउचाउ खोइ ?' तर अचम्म त्यही विज्ञापनले वाईवाई चाउचाउको बजार फराकिलो बनायो। त्यसैले निर्देशक प्रेम उपाध्यायलाई चिनायो र डली गुरुङलाई पब्लिक फिगरसमेत बनायो।

● विदुर खतिवडा

माथि उल्लेख गरिएका यी केही उदाहरणले स्पष्ट पार्छ, कुनै एक उत्पादनका लागि अभिनय गरेका कलाकारहरू विज्ञापनकै कारण चम्किन सक्छन्। राम्रो विज्ञापनमा अभिनय गरेका कारण उनीहरूको क्यारियर स्वत: विकास भएका उदाहरण पनि पाइन्छन्। वास्तवमा एउटा सामान्य मानिसलाई ३०, ४५ र ६० सेकेन्डको विज्ञापनले जनमानसमा स्थापित गर्नु अनौठो कुरा हो, तर टेलिभिजन च्यानलमा पटक-पटक देखिरहँदा उनीहरू सजिलै पब्लिक फिगर बन्न सक्छन्। विज्ञापनको ठूलो बजार भएका अन्य मुलुकमा सामान्य व्यक्ति विज्ञापनमा अभिनय गरेको भरमै ठूलो फड्को मार्ने आँट राख्छन्, क्लोजअप टुथपेस्टको विज्ञापनमा अभिनय गरेकी दीपिका पादुकोनेले त्यो विज्ञापनकै भरमा शाहरूख खानको सुपरहिट चलचित्र 'ओमशान्ति ओम' मा केन्द्रीय भूमिकामा काम गर्न पाइन्, तर हाम्रोजस्तो सानो

बाँकी पृष्ठ ६ मा



## प्रेरणा शर्मा

मध्यपृष्ठमा

साप्ताहिक

## ● क्यासेट ●

### लाइभ कन्सर्ट




युवा रेकर्ड्सको गीतिसंग्रह 'लाइभ कन्सर्ट' गायक प्रकाशका एकल स्वरले सजिएको छ। संग्रहका दसवटै गीत गायक प्रकाशले नै संगीतवद्ध गरेका हुन्। चरित्र बन्जारा, एसपी खरेल तथा गायक प्रकाशले संग्रहका गीत रचना गरेका छन्।

### भाग्य



गायक फुर्साङ लामाको गीतिसंग्रह 'भाग्य' बजारमा आएको छ। सम्झना अडियोको यो संग्रहमा पप शैलीका आठवटा गीत सुन्न सकिन्छ। संग्रहका सबै गीतमा गायक लामाकै शब्द तथा संगीत समेटिएको छ। संग्रहमा बिजु कर्माचार्यले संगीत संयोजन गरेका छन्।

## ● ग्यालरी ●

● बजारमा प्रायः नपाइने पुस्तकहरूको प्रदर्शनी हालै सम्पन्न भएको छ। मार्टिन चौतारी र हिमाल एसोसिएसनको संयुक्त आयोजनामा उक्त प्रदर्शनी पाँच दिनसम्म चलेको थियो। गैरसरकारी क्षेत्रका संस्थाहरूले प्रकाशित गरेका सधैं बजारमा नपाइने पुस्तकहरू प्रदर्शनीमा राखिएको थियो। राष्ट्रिय सभागृहको प्राङ्गणमा सम्पन्न प्रदर्शनीमा रुम टु रिड, इन्सेक, इम्बेल एक्सिस, इसिमोड, सिविन, ओरेक नेपाल, मदन पुरस्कार पुस्तकालय, माइग्रेसन नेटवर्कलगायत २७ वटा संघ-संस्थाका स्टल थिए।

● दक्षिण कोरियामा करिब छ महिना लामो प्रशिक्षणमा सहभागी भएर स्वदेश फर्किएकी चित्रकार एरिना ताम्राकारका कोरियाली प्रभावका चित्रकला दरबारमार्गस्थित आर्ट सप ग्यालरीमा प्रदर्शन भैरहेका छन्। प्रदर्शनीमा एरिनाले तयार पारेका दुई दर्जन चित्र समावेश छन्। प्रदर्शनीमा समावेश गरिएका चित्रकलामा एरिनाले कोरियाली संस्कृति, भू-दृश्य, भाषा तथा सामाजिक स्थितिलाई चित्रमा उतारेकी छिन्। एक्रेलिक माध्यममा तयार पारिएका चित्रहरू आगामी सोमबारसम्म जारी रहनेछ।

● विरोध गर्ने आ-आफ्नै तरिका हुन्छन्, तर विरोध गर्नका लागि बन्द नै गर्नुपर्दैन भन्ने सन्देश दिंदै राजधानीका ३५ क्याम्पसका ६५ विद्यार्थीले चित्रमार्फत विरोध-सिर्जना तयार पारेका छन्। गत शनिबार टुडिखेलमा आयोजित खुला चित्रकला प्रतियोगितामा विद्यार्थीहरूले चित्रकलामार्फत विरोधका ध्वंसात्मक उपाय छाडेर सिर्जशील उपाय अपनाउन आह्वान गरेका थिए।

## ● पुस्तक ●

### विश्वको छानामा महाकवि

लेखक तुलसी भट्टराईले तिब्बतको ल्हासामा महाकवि देवकोटाको प्रतिमा स्थापना भएको सन्दर्भलाई समेटेर तयार पारेको पुस्तक विश्वको छानामा महाकवि जेपी प्रकाशनले सार्वजनिक गरेको हो। पुस्तकमा लेखक भट्टराईले काठमाडौंदेखि ल्हासासम्मको यात्रा तथा महाकवि देवकोटाको प्रतिमा स्थापनाको चर्चा समेटेका छन्। १ सय ३ पृष्ठको यो पुस्तकको मूल्य १ सय रुपैयाँ छ।


## ● चलचित्र ●

### इन्साफ



यो साता कलिउडका सिनेमाघरहरू सोभित बस्नेतमय हुने भएका छन्। राजधानीबाहिर बस्नेतले निर्देशन गरेको 'मिसन लभ इन सिक्किम' प्रदर्शन हुँदैछ भने राजधानीमा आज शुक्रबारदेखि उनकै निर्देशनमा निर्माण भएको चलचित्र 'इन्साफ' चल्दैछ। झन्डै एक वर्षअघि निर्माण भएको 'इन्साफ'की निर्मात्री कृषा चौलागाईं हुन्। चलचित्रमा मानिसप्रति पशुसरह प्रस्तुत व्यवहारलाई समेटिएको छ। जयकिशन बस्नेत र विक्रान्त बस्नेतले निखिल उप्रेतीलाई पशुसरह पालेका हुन्छन्। उनको घाँटीमा कुकुरको झैं पट्टा बाँधिएको हुन्छ। पट्टा खोल्नेबित्तिकै उनी आफ्नो बल प्रदर्शन गर्दै झगडा गर्न झम्टछन्। चलचित्रमा राजेश हमाल पनि छन्। हमालको उपस्थितिले चलचित्रमा रोमाञ्च उत्पन्न हुने निर्देशक बस्नेतको दाबी छ। चलचित्रमा धीरेन शाक्य र नागेन्द्र रिजाल खलनायकको भूमिकामा छन्। झरना थापा र रेजिना उप्रेतीले नायिकाको भूमिका निर्वाह गरेको यो चलचित्रका लेखक विकास आचार्य हुन्। आचार्यका अनुसार चलचित्रको विषय यथार्थतामा आधारित छ। चलचित्र 'इन्साफ'मा कृष्ण श्रेष्ठको छायांकन, राजु शाहको नृत्य, योगेन्द्र श्रेष्ठको द्वन्द्व तथा महेश खड्काको संगीत सुन्न-हेर्न पाइनेछ।

### वफा



अघिल्लो साता प्रदर्शन भएको चलचित्र 'रब ने बना दि जोडी' ले दर्शकको साथ पाइरहेको अवस्थामा यो साता बलिउडमा एउटा मात्र चलचित्र प्रदर्शन हुँदैछ। 'वफा' शीर्षकको यो चर्चामै नआएको चलचित्रमार्फत पुराना चलचित्रकर्मी राजेश खन्ना लामो समयपछि पर्दामा देखिनेछन्। सुदेश बेरीले पनि चलचित्रमा प्रमुख भूमिका निर्वाह गरेका छन्। सलिम राजाले तयार पारेको कथामा आधारित यो चलचित्रको निर्देशन राकेश सावन्तले गरेका छन्। पाकिस्तानी कलाकार सान्ना खानले यही चलचित्रमार्फत बलिउड यात्रा प्रारम्भ गरेकी छिन्। सान्ना चलचित्रकी एक मात्र नायिका हुन्। चलचित्रको शीर्षकझैं यसमा श्रीमान्-श्रीमतीबीचको सम्बन्धलाई चित्रण गरिएको छ। कथाअनुसार राजेश खन्नाले धनाढ्य व्यक्तिको भूमिका निर्वाह गरेका छन्। प्रौढ अवस्थामा प्रवेश गरिसकेका खन्नाले एउटी सुन्दर युवतीसँग विवाह गर्छन्। कम उमेरकी ती सुन्दरीले खन्नाको सम्पत्तिका लागि विवाह गरेकी हुन्छिन्। उनी आफ्ना वृद्ध श्रीमान्बाट शारीरिक रूपले असन्तुष्ट हुनु स्वाभाविक हो। त्यसैले उनले परपुरुषसँग सम्बन्ध विस्तार गर्न थाल्छिन्। परपुरुषसँग सम्बन्ध बढेपछि आफ्ना श्रीमान्सँग उनको सम्बन्ध बिग्रन थाल्छ। चलचित्रको क्लाइमेक्सलाई भने निर्देशकले अनुमान गरेभन्दा विपरीत बनाएका छन्। करिब दुई घण्टा लामो यो चलचित्रको क्लाइमेक्सका बारेमा जान्न दर्शकले चलचित्र नै हेर्नुपर्ने हुन्छ।


## ● रंगमञ्च ●

● हिमालय थिएटरको आयोजनामा गत शनिबार राजधानीमा 'गाडी' शीर्षकको नाटक मञ्चन भएको छ। टुडिखेलमा मञ्चन गरिएको उक्त नाटकमा राजनैतिक स्वार्थका लागि मात्र नभै सानो पारिवारिक झमेला हुँदासमेत सडकजाम गर्ने खराब संस्कृतिप्रति व्यंग्य गरिएको थियो।

● नुवाकोटवासीले एक महिनाअघि खाडी मुलुकबाट फर्किएकी एउटी नेपाली चेलीको कथा नाटकमार्फत हेर्न पाएका छन्। चेलीबेटी बेचबिखनबाट प्रभावित जिल्लाको यो पूर्वी गाउँमा चेतना जगाउन जिविस, शक्ति समूह तथा प्रगतिशील लेखक समूहले 'आँसुको इजलासमा राधा' शीर्षकका नाटक मञ्चन गरेको हो। सत्य घटनामा आधारित नाटकले ग्रामीण क्षेत्रको गरिबी तथा चेलीलाई विदेश पठाउन बाध्य अभिभावकको अवस्थालाई चित्रण गर्नुका साथै त्यस्तो अवस्थाबाट मुक्त हुन सन्देश पनि दिएको छ।



## तपाईंको यो साता



## यो साताको पञ्चाङ्ग

पुस ५ गते : अन्तर्राष्ट्रिय मानव एकता दिवस, ८ गते : सफला एकादशी, १० गते : इसाई धर्मावलम्बीहरू पर्व क्रिसमस।

### मेष

परिश्रम गर्नुपरे पनि धन आर्जन हुनसक्छ। व्यवसायबाट लाभ हासिल हुनेछ। यात्रा गर्ने अवसर प्राप्त होला। भाग्यले साथ दिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग भए पनि बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ताले सताउने देखिन्छ।

### मिथुन

समय त्यति राम्रो छैन। काम गर्दा विचार पुऱ्याउनुहोला। मन चञ्चल रहनेछ। घरेलु समस्याले सताउन सक्छ। काम गर्ने उत्साह देखिँदैन। गलत विचार बढ्न सक्छ। अध्ययनमा अवरोध आउला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। व्यवसायमा सफलता प्राप्त हुनेछ। धन आर्जन पनि हुनसक्छ।

### सिंह

साता मध्यम रहनेछ। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता पाउन प्रयास गर्नुपर्ला। बुधबार तथा बिहीबार घरेलु समस्याले सताउने, चिन्ता बढ्ने एवं काममा अवरोध आउने देखिन्छ।

### तुला

साता मध्यम रहनेछ। सुरुमा खर्च एवं विवाद बढ्नेछ भने धनमाल हराउन सक्छ। विवादको सम्भावना भएकाले संयमित रहनुहोला। शनिबार तथा आइतबार अशुभ समाचार सुन्नुपर्ला। सोमबार र मंगलबार मानसम्मान एवं काममा सफलता मिल्ने तथा प्रसन्नता बढ्ने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### धनु

समय राम्रो छ। काममा सफलता मिल्नेछ भने पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सबैले सहयोग गर्नेछन्। व्यवसायमा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता प्राप्त होला। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ।

### कुम्भ

काममा अवरोध आउनाले मनोबल घट्नेछ भने खर्च एवं विवाद बढ्नेछन्। मन दुविधाग्रस्त रहनेछ। झूटा आरोप पनि लाग्न सक्छ। बुधबार तथा बिहीबार मानसम्मान एवं काममा सफलता मिल्ने, धन आर्जन हुनुका साथै अध्ययनमा सफलता पाइने योग छ। अधुरा काम पूरा हुनेछन्। आफन्तहरूले भने सताउन सक्छन्।

### वृष

ग्रहगोचर राम्रा छन्। काममा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ भने पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। व्यवसायबाट लाभ प्राप्त हुनेछ। अरूबाट सहयोग पनि पाउनुहोला। यात्रा गर्ने अवसर जुट्नेछ। स्वास्थ्य गडबड रहनेहुँदा खानपानमा विचार पुऱ्याउनुहोला। अध्ययनमा सफलतामा पाउन समय लाग्न सक्छ।

### कर्कट

समस्याहरू आउलान्। द्विविधाले पनि सताउनेछ। कुरा काट्नेहरू प्रशस्तै होलान्। मित्रहरूसित सजग रहनुहोला। अध्ययनमा सफलता पाउन गाह्रो छ। धनमाल हराउन सक्छ। व्यवसायबाट लाभ लिन सकिनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। सफलताका लागि गोपनियता अपनाउनुहोला।

### कन्या

मानसम्मान प्राप्त हुनेछ भने भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। व्यवसायबाट पनि लाभ होला। पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ। सजिलै अरूको मन जित्न सकिनेछ। बोलीको प्रभाव एवं धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ।

### वृश्चिक

ग्रहगोचर राम्रा छन्। सुरुमा मानसम्मान पाइनेछ भने धन आर्जन पनि हुनसक्छ। अरूको मन जित्न सकिनेछ। पराक्रम एवं बोलीको प्रभाव बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ। अध्ययनमा सफलता एवं भेटघाटमा रमाउने अवसर मिल्नेछ। सोमबार तथा मंगलबार खर्च एवं विवाद बढ्न सक्छ।

### मकर

सुरुमा अस्वस्थता एवं आलस्यता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। खर्च एवं विवाद पनि बढ्नेछ। कुरा काट्नेहरूबाट सावधान रहनुहोला। सोमबारदेखि मानसम्मान मिल्ने, काममा सुधार आउने तथा व्यवसायमा सफलता मिल्ने देखिन्छ। धन आर्जन हुने एवं यात्रा गर्ने अवसर जुट्नेछ।

### मीन

काममा सफलता मिल्ने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग मिल्नेछ। अध्ययनमा सफलता प्राप्त होला। व्यवसायबाट लाभ हात लाग्नेछ। यात्रा गर्ने अवसर प्राप्त होला। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

# भोलि कृति एवार्ड



विज्ञापन व्यवसायीहरूले सृजना गरेका विज्ञापनहरूको प्रतिस्पर्धा 'कृति एवार्ड' भोलि शनिबार हुने भएको छ। एडभरटाइजिङ एसोसिएसन अफ नेपाल (आन) ले आयोजना गरेको यो एवार्ड समारोहलाई ८ वटा राष्ट्रिय टेलिभिजन च्यानलले प्रत्यक्ष प्रसारण गर्नेछन्। विज्ञापन व्यवसायीहरूले निर्माण गरेका विज्ञापनमध्ये विभिन्न विधामा नोमिनेसनमा परेका विज्ञापनलाई एवार्डद्वारा सम्मान गरिने आयोजकले बताएका छन्।

होटल सोल्टीमा हुने 'पाँचौं ओरान्जेबुम कृति एवार्ड' मा ३२ वटा विज्ञापन एजेन्सीले भाग लिएका छन्। तीन घण्टा चल्ने कृति एवार्डमा उपस्थित दर्शकलाई पर्याप्त मनोरञ्जन दिने थुप्रै कार्यक्रम प्रस्तुत हुनेछन्। 'सी टुमोरो टुडे' अर्थात् भोलिलाई आजै हेरौं भन्ने नाराका साथ आयोजित कृति एवार्डको यस पटकको संस्करणमा हास्यकलाकार मनोज गजुरेलले २५ वर्ष पछाडिको नेपाली विज्ञापन बजारको कल्पनामा हास्य प्रहसन प्रस्तुत गर्नेछन्। 'विज्ञापन बजारको अतीतदेखि वर्तमान हुँदै भविष्यसम्मको यात्रामा आलोचनात्मक हास्य प्रहसनलाई कृति एवार्डमा महत्त्व दिँदैछौं,' आनका अध्यक्ष निर्मल पौडेल भन्छन्- 'तीन घण्टाको कार्यक्रमलाई टेलिभिजन हेर्ने दर्शकले पनि महत्त्वका साथ हेरून् भन्ने हाम्रो चाहना हो।' एवार्ड समारोहमा विभिन्न विज्ञापनको जिंगलको पृष्ठभूमिमा मोडलहरूलाई र्‍याम्पमा उतारिनेछ। कार्यक्रमका अर्को आकर्षण नायक श्रीकृष्ण श्रेष्ठ बन्नेछन्। फ्युजन डान्ससहित प्रस्तुत हुने नायक श्रेष्ठलाई एक नायिकाले साथ दिनेछिन्। यस बाहेक ललितकला केन्द्रका कलाकारहरूले विभिन्न गीतमा आकर्षक नृत्य प्रस्तुत गर्नेछन्।

विभिन्न २१ विधामा वितरण गरिने कृति एवार्ड हस्तान्तरणका लागि चर्चित नेपाली सेलिब्रेटीहरू उपस्थित हुनेछन्। आनका अध्यक्ष पौडेलका अनुसार कार्यक्रमलाई पर्याप्त हास्यमनोरञ्जनात्मक बनाउने प्रयासमा आन जुटेको छ। नेपाली टेलिभिजन च्यानलहरूबाट करिब १ करोड नेपालीले प्रत्यक्ष हेर्ने अपेक्षा राखिएको यो समारोहमा करिब ७ सय आगन्तुक उपस्थित हुनेछन्।

कार्यक्रमको अर्को मुख्य आकर्षण दौरा-सुरुवाल प्रतिस्पर्धा हुनेछ। पछिल्ला वर्षहरूमा नेपाली पहिरन दौरा-सुरुवाल विस्थापित हुँदै गएकाले दौरा-सुरुवालप्रति मोह बढाउन यस प्रकारको प्रतिस्पर्धाको आयोजना गरिएको पौडेल बताउँछन्। प्रतियोगिता दौरा-सुरुवाल लगाएर सहभागी हुन चाहने जो-कोहीका निम्ति खुला गरिएको छ। प्रतिस्पर्धामा चार जनालाई पुरस्कृत गरिनेछ। यसबाहेक आकर्षक दौरा-सुरुवाल लगाउने एक जनालाई विशेष पुरस्कारको व्यवस्था गरिएको छ।

नेपाली बजारमा प्रत्येक वर्ष २० प्रतिशतका दरले विज्ञापनको बजार बढ्दै गएको छ। विज्ञापन बजार बढेकैले पाँच वर्ष अघिदेखि विज्ञापन निर्माताहरूबीच प्रतिस्पर्धा गराउने उद्देश्यले 'कृति एवार्ड' गरिँदै आएको हो।

गत वर्षभन्दा बढी विज्ञापन व्यवसायीले सहभागिता जनाएको यस पटकको कृति एवार्डमा बेस्ट टिभिसी, बेस्ट टिभिसी स्क्रिप्ट राइटर, बेस्ट टिभिसी एडिटर, बेस्ट क्यामेरापर्सन, बेस्ट टिभिसी डाइरेक्टर, बेस्ट एनिमेटेड टिभिसी, बेस्ट प्रिन्ट एड, बेस्ट आर्ट डाइरेक्टर (प्रिन्ट), बेस्ट कपिराइटर (प्रिन्ट), बेस्ट प्रिन्ट फोटोग्राफर, बेस्ट रेडियो स्पट, बेस्ट लिरिसिस्ट/स्क्रिप्ट राइटर, बेस्ट जिंगल कम्पोजर, बेस्ट साउन्ड रेकर्डिस्ट, बेस्ट रेडियो जिंगल, बेस्ट आउट डोर (बिलिबोर्ड्स), बेस्ट इभेन्ट म्यानेजर, बेस्ट कमर्सियल क्याम्पेन शीर्षकमा नोमिनेसनमा परेका विज्ञापन सामग्रीहरूको प्रतिस्पर्धा हुनेछ। प्रत्येक विधामा ५ विज्ञापन व्यवसायीका विज्ञापन नोमिनेसनमा परेका छन्। प्रतिस्पर्धामा विज्ञापन बजारमा अग्रणी रहेका प्रिज्मा एडभरटाइजिङ, वेलकम एड्भरटाइजिङ, एड एभेन्युज नेपाल, बिजनेस एडभान्टेज, स्पेक्ट्रम एड्भरटाइजिङ अन्य व्यवसायीको तुलनामा धेरैवटा विधामा नोमिनेसनमा परेका छन्। केही चल्तीका विज्ञापन व्यवसायीले सहभागिता नजनाएको कृति एवार्डमा यसपटक नयाँ व्यवसायीहरूको उपस्थिति बढेको आनले जनाएको छ।




## आवश्यकता
NGO संग आबद्ध निरन्तर ५ बर्षदेखि संचालित संस्थाको लागि १६ कर्मचारी विभिन्न पदमा आवश्यकता।
Test, SLC above - 10
Basic computer - 6
आम्दानी - रु १०,०००/-
सम्पर्क: २०७३६१६, ९८४११९९११९
साधारण लेखपढले पनि जब गर्न मिल्ने।

## अर्जेन्ट आवश्यकता
नेपाल सरकारबाट विगत ५ वर्षदेखि मान्यता प्राप्त N.A.O. नामक संस्थालाई कर्मचारी हरुको आवश्यकता। पार्टटाइम, फुलटाईम जबको व्यबस्था। गृहणी, विद्यार्थीलाई पनि मिल्ने
तलब- ९०००+गाडीभाडा
संख्या: १० महिला/७ पुरुष
योग्यता: साधरण लेखपढ, Basic Internet, SLC +2 + above
सम्पर्क: २०७३८४४, ९८४१९८८१७४
कोटेश्वर
शनिबार पनि अफिस खुल्ला रहनेछ।

## Wanted
L.G Company लाई कर्मचारी आवश्यकता
संख्या: 11Gents/ Ladies
तलब: 8500
योग्यता: SLC or above
Unique Solution
5543056, 9841466409
9803897872
Gwarko, Lalitpur
नोट: बुझ्न आउदाँ Document अनिवार्य छ।

## होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम
- UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
- ६ महिने कुकमा FREE BARMAN/ ६ जनाको ग्रुपमा आउँदा १ जना FREE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
केयर गिभरका नयाँ कक्षाहरु धमाधम शुरु भैरहेको छ।

र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के. क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
2200889, 016913003, 9841-891131

साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Tourism Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओल्डबाट मर्ग
2040782, 016200757, 98510-93629

र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629




## तु-आवश्यकता
बल्खु स्थित एक American नागरिकको सहयोगमा सञ्चालित International Organization लाई इमान्दार कर्मचारी आवश्यकता
संख्या: 10 Gents / 10 Ladies
तलब: 8000+अन्य सुविधा
योग्यता: Test, SLC, PCL
सम्पर्क: 2392369
9841881312
बल्खु चोक
नोट : कार्यलय आउंदा Document अनिवार्य छ।

• सम्पादकीय •

# असुरक्षित सडक

दिनहुजसो सडक दुर्घटनाका समाचार नेपाली जनताका लागि अब सामान्य भैसकेको आभास हुन थालेको छ। सञ्चारमाध्यमले पनि यस्ता दुर्घटनाका समाचारलाई प्रमुख समाचार बनाउन छाडिसकेका छन्। कुनै बेला सडक दुर्घटनामा परेको सवारी साधन वा मानिस समाचारको मुख्य विषय हुन्थे, तर अहिले त्यस्तो अवस्था छैन। दिनहुजसो सडक दुर्घटना हुन थालेपछि सञ्चारमाध्यमले पनि सम्बन्धित समाचारलाई नियमित समाचारका रूपमा लिन थालेका हुन। यो स्थिति भनेको असुरक्षित सडकको संकेत हो। नेपालजस्तो पहाडी मुलुकका लागि सडक संरचना जटिल एवं संवेदनशील मानिन्छ। हाम्रा सडकहरू पनि यस्तो स्थितिबाट अलग छैनन्। विकासप्रति जनताको चासो र सडक नै विकासको प्रतीक हो भन्ने मानसिकताका कारण हामीकहाँ बनेका सडकका संरचनाहरू पर्याप्त लगानीको अभावमा कमजोर र असुरक्षित मानिन्छन्। यस्तो सडकमा दक्षतापूर्वक सवारी साधन चलाउनुपर्छ। अलिकति असावधानी भयो भने दुर्घटना हुन पुग्छ। यस्तो अवस्थामा सरकारले सवारीचालक इजाजतपत्र, सवारी साधनको रुट परमिट, क्षमताभन्दा बढी यात्रु नराख्नेजस्ता कुरामा विशेष ध्यान दिनुपर्ने हो।

त्यसबाहेक सवारी साधनको आयुले पनि सुरक्षित यात्रामा प्रमुख भूमिका निर्वाह गर्छ भन्ने कुरा हाम्रा नीति–निर्माताहरूले हेक्का राख्नुपर्ने हो, तर यी कुराको ठीक विपरीत जथाभावी वितरण गरिएका सवारी चालक इजाजतपत्र, रुट परमिट, कच्चा र भत्किएका सडक, क्षमताभन्दा बढी यात्रु र सवारी साधनको अवस्थाले के प्रमाणित गर्छ भने हामीकहाँ हुने अधिकांश सडक दुर्घटना भवितव्यभन्दा बढी मानवीय कमजोरीका कारण हुने गरेका छन्। यस्तो स्थिति त्यतिबेलासम्म जारी रहनेछ जबसम्म हामी आयु सकिएका सवारी साधनलाई रुट परमिट दिइरहन्छौं, आलाकाँचा चालकहरूलाई सवारी चालक इजाजतपत्र दिइरहन्छौं वा सडकको मर्मत–सम्भारमा ध्यान पुऱ्याउँदैनौं। यसबाहेक चालकहरूले गर्ने मदिरापान पनि सवारी दुर्घटनाको अर्को कारण मानिएको छ। सवारी चलाउँदा मदिरापान गर्ने, मोबाइल चलाउने, धूम्रपान गर्ने वा चालकसँग छेउमा बसेर कुराकानी गर्ने आमप्रवृत्तिलाई हामीले कठोर कानुनमार्फत नियन्त्रण नगर्ने हो भने आगामी दिनमा सवारी दुर्घटना नियन्त्रण हुन्छ भन्ने कुनै आशा नगरे हुन्छ। सवारी दुर्घटनालाई नियन्त्रण गर्ने संयन्त्रलाई चुस्त–दुरुस्त बनाउन सडक यातायातसँग सम्बन्धित सबै पक्षले इमान्दारीका साथ आ–आफ्नो भूमिका निर्वाह गर्नुपर्छ, अन्यथा यस्ता सडक दुर्घटनाहरू हाम्रो दैनिकी हुन पुगे भने पनि आश्चर्य मान्नु पर्दैन।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।

*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

## हतियार र मनोविज्ञान

मैले सानैमा 'कृष्णे र खुकुरी' कथा पढेको थिएँ। कथाअनुसार कृष्णेले एक दिन खुकुरी भेटेपछि अनेकौं कुरा सोच्न थाल्छ। मेरो हातमा हतियार छ, अब म जसलाई जे गर्न पनि सक्छु भनेर सोच्दासोच्दै ऊ अवचेतन मनमा पुग्छ र आखिरमा त्यही खुकुरीले सुतिरहेकी श्रीमतीको हत्या गर्छ।

ठीक यसैगरी राजेन्द्र पण्डितले जब ३ हजारमा पेस्तोल किन्छ तब उसको मनमा पनि अनेकौं विचार आउँछन्। मैले अब जसलाई जे गर्न पनि सक्छु, एउटा गोलीले नै कसैको ज्यान लिन पनि सक्छु भन्ने विचार उसको मनमा पलाउँछ। त्यसैले उसले ६ हजार रुपैयाँको मोबाइलको पैसा तिर्नुभन्दा अरु दुई जना साथीको सहयोगले दुई निर्दोष बालकको निर्ममतापूर्वक हत्या गर्छ।


त्यो सत्रवर्षे युवकले त्यस्तो हतियार कहाँबाट किन्यो भन्ने कुरा उनका अभिभावकले किन थाहा पाएनन् ? के उसका अभिभावकले आफ्नो छोरा के-कसो गर्दैछ भन्ने केही पत्तो पाएका थिएनन् ? के उनीहरू आफ्नो छोराको कुनै वास्ता गर्दैनथे ? यी तमाम प्रश्नले यतिखेर सबैलाई सोचमग्न बनाएको छ।

सत्र–सत्र वर्षका ती तीन युवकले त्यसरी आफ्नै साथीलाई खुकुरी र पेस्तोल प्रहार गरी कसरी हत्या गर्न सके होलान् ? त्यो बेला उनीहरूको विवेक र मानवता कहाँ थियो ? के उनीहरूले हत्यापछिको स्थितिको कल्पना गरेका थिएनन् ?

नेपालभित्रै एउटा विद्यालयको विद्यार्थीले सजिलैसँग त्यति सस्तोमा पेस्तोल किन्न पाउनु दुःखको स्थिति हो। यदि यस्तो अवस्था हाम्रो देशमा पनि आउँछ भने यस्ता अरू थुप्रै घटना घट्न सक्छन्, तसर्थ सरकारले यसतर्फ समयमै ध्यान पुऱ्याउनुपर्छ। नितेश–आशिष हत्याकाण्डले अभिभावकहरूलाई पनि ठूलो शिक्षा दिएको छ। यो घटनाले आफ्ना बालबालिकालाई त्यस्ता आपराधिक दृश्यहरूबाट टाढै राख्नुपर्ने र बारम्बार उनीहरूको बानी-व्यवहारमाथि निगरानी राख्नुपर्ने शिक्षा दिन्छ।

**–अनिल शर्मा, पोखरा**

• चिठीपत्र •



## अराजकताको अन्त्य कहिले ?

दुई वर्षभित्र देशबाट निरक्षरता उन्मूलन गर्ने घोषणा गरेर नयाँ गणतान्त्रिक नेपालको शिक्षाक्षेत्रमा केही हुन्छ कि भन्ने सन्देश नेकपा माओवादीको नेतृत्वको सरकारले दिएको थियो, तर माओवादीका वरिष्ठ नेता अर्थमन्त्री डा. बाबुराम भट्टराई तथा सोही पार्टीका केन्द्रीय नेताहरूका पछिल्ला अभिव्यक्तिले उनीहरूमाथिको विश्वास डगमगाउन थालेको छ। नडगमगाओस् पनि कसरी ? कहिले माओवादी जनयुद्ध लडेकाले एम.ए.सरह मान्यता पाउनुपर्ने कुरा उठाइन्छ भने कहिले निजी विद्यालयमा लगानी नगर्न अघोषित धम्की दिइन्छ।

अझ आर्थिक विधेयक २०६५ ले व्यवस्था गरेको शिक्षा सेवा करका सम्बन्धमा जारी विवाद र असहमति देख्दा ठूलै दुर्घटना हुने हो कि भन्ने आशंका बढेको छ। एकातिर माओवादी पार्टी समर्थित अखिल क्रान्तिकारी र अर्थमन्त्री शिक्षा सेवा कर उठाएरै छाड्ने अडानमा छन् भने निजी तथा आवासीय विद्यालयहरूका संगठनले शिक्षा सेवा कर कुनै पनि हालतमा नतिर्ने घोषणा गरेका छन्। उनीहरू पच्चीस प्रतिशत आयकर तिरिरहेको र एक प्रतिशत छात्रवृत्ति प्रदान गर्दै आएकाले थप पाँच प्रतिशतको दोहोरो कर अनुचित भएको तर्क गरिरहेका छन्। शिक्षा सेवा करको विवाद सर्वोच्च अदालतसम्म पुगेको यथार्थता हाम्रा सामु छ, भलै अदालतले सरकारलाई तत्काल कर उठाउन बाटो खुला गरिदिएको किन नहोस् ?

आफ्ना कार्यकर्ताले उच्चशिक्षा हासिल गर्न नपाएकाले दस वर्ष जनयुद्ध लडेकालाई एम.ए. सरह मान्यता दिनुपर्ने तथा यी वर्षहरूमा पढेर योग्यता बनाएका र जनयुद्ध लडेका माओवादी कार्यकर्ताबीचको खाडल पुर्नुपर्छ भन्ने माओवादीका केन्द्रीय सदस्य राम कार्कीको भनाइ सुन्दा माओवादीले नेपालको शिक्षा क्षेत्रलाई कता डोऱ्याउन खोजेको हो बुझ्न सकिएन। देशको विकासको प्रमुख पक्षका रूपमा रहेको शिक्षा क्षेत्रमा अराजकता सिर्जना हुने गरी आएका यस्ता कुरा कसैको हितमा छैन।

अहिले नेपालको भावी शिक्षानीतिका बारेमा खुलेर तर्क गर्ने सुनौलो अवसर हो। त्यसैले निजी शिक्षण संस्थाले पुऱ्याएको योगदानलाई लोप्पा ख्वाउँदै निजी स्कुलमा लगानी नगर भनी आएको अर्थमन्त्रीको एकोहोरो ढिपी पनि व्यावहारिक लाग्दैन। केही विद्यालय सञ्चालक नाफामुखी भए भन्ने निहुँमा सबै सञ्चालकलाई एउटै घानमा हाल्नु कसरी युक्तिसंगत हुनसक्छ ? निजी शिक्षण संस्थाविनाको शिक्षाको गुणस्तर र नतिजाको कल्पना गरेर हेरौं त ? जवाफ छर्लंगै आउनेछ। त्यसैले औंलामा घाउ लाग्यो भने औषधोपचार गर्ने कि पूरै हात काटेर फालिदिने ?

**–कविता पराजुली**

• तीतो सत्य •

घृणा गर्नेलाई माया गर, माया गर्नेलाई कहिल्यै घृणा नगर।

तिरस्कारको नजरलाई मुस्कानले स्वागत गर।

**–सहयात्री राधा, अर्घाखाँची**

समस्याहरू वास्तवमै जन्मिरहन्छन् यिनीहरू कहिल्यै मर्दैनन् मात्र स्वरूप बदलिरहन्छ।

मानिसहरू महान् बन्ने सोचमा डुब्छन् तर खराब विचारहरूमा कैद हुन्छन्।

भावनामा डुब्नेहरू काल्पनिक संसारको सुन्दर बगैंचामा विचरण गरिरहेका हुन्छन् तर यथार्थमा उनीहरू कुरूप संसारको धरापमा परेर छटपटाइरहेका हुन्छन्।

**–एमसी बाङ्देल**

काम गर्ने मानिस बोल्दैन, नगर्ने बढी बोल्छ।

मायामा खुसीभन्दा हजारौं गुणा बढी पीडा लुकेको हुन्छ।

सबैको मनमा मायाको पालुवा पलाउँछ।

**जागेश्वर चौधरी, धनकुटा**

सधै म को हुँ, कहाँ छु र किन छु बुझ्नु पर्छ।

**–डिबि रक**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

• सहर चर्चा •



## एड्सरोगीहरूको अधिकारका लागि

हाम्रो समाजमा एचआईभी संक्रमितहरूलाई राम्रो दृष्टिले हेरिँदैन भने राम्रो व्यवहार पनि गरिँदैन। उनीहरूलाई परेको दुःखका बारेमा कसैले पनि नजिकबाट बुझ्ने र सोध्ने प्रयास पनि गर्दैनन्। समाजमा उनीहरूलाई हेय भावले हेरिन्छ। त्यसैले एचआईभी संक्रमितहरू समाजमा खुलेर कुरा गर्न सक्दैनन् भने मिडियासामु सार्वजनिक हुन पनि मान्दैनन्। उनीहरूलाई सधैं मनमा आफूहरू एड्सरोगी भएको कुरा समाजले थाहा पायो भने समाजमा बस्ने सामान्य सर्वसाधारणहरूदेखि लिएर पढेलेखेका बुद्धिजीवीहरूले समेत नराम्रो र घृणित व्यवहार गर्नुका साथै समाजबाट एक्लो बनाउँछन् भन्ने भयले पिरोलिइरहन्छ, तर काठमाडौंका भीमसेन अधिकारी र मीना पुनले भने समाजमा सधैं चुप लागेर बस्नुभन्दा आफूलाई लागेको रोगका बारेमा फेक्स नेपालले आयोजना गरेको एक कार्यक्रममा खुलेर कुरा गरे। कार्यक्रममा पहिलो पटक सार्वजनिक भएका उनीहरूले आफूहरू एड्स रोगी भएको कुरा समाजले थाहा पाए पनि उनीहरूले गर्ने माया र घृणा दुवैलाई आफ्नो गल्तीले निम्त्याएको परिणाम भनेर स्वीकार्ने बताए। साथीहरूसँग बसेर एउटै सिरिन्जको प्रयोग सबैले गर्दा आफूलाई एड्स लागेको भीमसेन अधिकारीले बताए। त्यसैगरी श्रीमान्ले बाहिर अन्य महिलाहरूसँग विनाकन्डम यौनसम्पर्क गरी आफूसँग आएर सम्पर्क गर्दा आफूलाई एड्सरोग लागेको अर्की संक्रमित मीना पुनले बताइन्। उनीहरूले अब दुवै जना मिलेर सबै एड्स रोगीसँग खुलेर कुरा गरी आफूहरूले पनि समाजमा राम्रो व्यवहारका साथ बाँच्न पाउनुपर्ने अधिकारका लागि कार्य गर्ने बताए।

• साइबर गर्ल •

## नुमाको सौन्दर्य

५ फिट ३ इन्च अग्ली नुमा राई कुपन्डोल, ललितपुरकी स्थायी बासिन्दा हुन्। नुमा अहिले स्नातक तहमा अध्ययनरत छिन्। केही प्रतियोगितामा सहभागी भएर मोडलिङ क्षेत्रमा होमिएकी नुमा सुपर मोडल बन्ने चाहना राख्छिन्। त्यसका लागि आफूले यो क्षेत्रमा सक्दो मेहनत गरिरहेको उनी बताउँछिन्। नेपालीसाइट डटकममा आकर्षक तस्बिर प्रकाशित भएपछि मोडलिङ क्षेत्रमा चर्चित बनेकी नुमालाई झूटो बोल्ने तथा ढोंगी व्यक्ति मन पर्दैनन्। सपिङ गर्न तथा चलचित्र हेर्न रुचाउने नुमालाई सविन राई तथा १९७४ एडीका गीतहरू कर्णप्रिय लाग्छन्। त्यसो त उनी आफूलाई विदेशी संगीतकर्मी लिन्किन पार्कको फ्यान भएको बताउन पनि पछि पर्दिनन्। राम्रो व्यवहार भएका पुरुषले मात्र आफूलाई आकर्षित गर्न सक्ने उनको धारणा छ। मन मिल्ने साथी पाएको खण्डमा जस्तो ठाउँमा पनि सजिलै घुलमिल हुन सक्ने खुबी भएकी नुमाले केही म्युजिक भिडियोमा अभिनय समेत गरेकी छिन्।



• मुखाले •

म मुलुकको प्रधानमन्त्री हुँ कि विद्रोही दलको नेता हुँ भनेर आफैंलाई अन्यौल हुन थालेको छ।

**–पुष्पकमल दाहाल, प्रधानमन्त्री**

यो सरकार असफल भयो भने नेपालको वामपन्थी शक्तिमाथि नै नकारात्मक प्रभाव पर्छ।

**–नारायणकाजी श्रेष्ठ**

बाहिर र भित्र दुईवटा अनुहार हुनु नै माओवादीको अहिलेको सबैभन्दा ठूलो संकट हो।

**–प्रदीप ज्ञवाली, नेकपा एमाले**

सरकारमा बस्नुको औचित्य सकियो।

**–जयप्रकाशप्रसाद गुप्ता, मन्त्री**

त्यति धेरै जनमत भएको मानिस (प्रधानमन्त्री पुष्पकमल दाहाल)ले कर्मचारीले सहयोग गरेनन् र म असफल भए भन्नु नै गलत हो।

**–द्वारिकानाथ ढुंगेल, पूर्वसचिव**

जनविद्रोह भनेको वस्तुतः केही पनि होइन, यो असामयिक, असान्दर्भिक, असम्भव, अनुचित र अनुपयुक्त मनसाय अभिव्यक्त भएको मात्र हो।

**–केपी शर्मा ओली, नेकपा एमाले**

प्रचण्डले सरकार छाड्छु भन्नु लाजमर्दो कुरा हो।

**–डा. युवराज संग्रौला**

माओवादी विश्वासघातीहरूको समूहका रूपमा चिनिंदैछ।

**–कृष्ण पहाडी, मानवअधिकारवादी**

# अब मिडियाहरू मर्ज हुनुपर्छ

**भोलि शनिबार विज्ञापन एजेन्सीहरू कृति एवार्डको उत्सव मनाउँदैछन् । सोल्टी होटलमा हुने उक्त समारोहलाई नेपालका आठवटा टेलिभिजन च्यानलले एकसाथ प्रत्यक्ष प्रसारण गर्दैछन् । नेपालका सम्पूर्ण राष्ट्रिय दैनिकहरू यो कार्यक्रमको अफिसियल मिडिया बनेका छन् । सञ्चार-माध्यमलाई आजको अवस्थासम्म ल्याउन विज्ञापन एजेन्सीले महत्त्वपूर्ण योगदान गरेकै कारण यो एवार्डलाई नेपाली मिडियाले यति ठूलो महत्त्व दिएका हुन् । यसै अवसरमा नेपालको मिडिया प्रतिस्पर्धा एवं विज्ञापन बजारका विषयमा विज्ञापन एजेन्सी प्रिज्माका निर्देशक रञ्जित आचार्यसँग साप्ताहिकले गरेको कुराकानी :**



रञ्जित आचार्य, निर्देशक, प्रिज्मा एड एजेन्सी

**पाँचौं संस्करणसम्म आउँदा पनि कृति एवार्ड विवादरहित हुन सकेन, किन होला ?**

संसारमा कुनै पनि एवार्ड विवादमुक्त हुन सक्दैन । जतिसुकै राम्रो गर्न खोजे पनि कुनै न कुनै कमजोरी देखिन्छ । नेपालका विज्ञापन एजेन्सीहरू भर्खरै व्यवसायिक हुँदैछन् । यस्तो अवस्थामा विज्ञापनको मर्म बुझ्ने मानिसहरूको कमी हुनु नै विवादको कारण हुन सक्छ ।

**समस्या कहाँ देखिएको छ ?**

समस्या एड एजेन्सीहरूमा छ । मुख्य समस्या विज्ञापनको मर्म बुझ्न नसक्ने जजहरूमा पनि देखिन्छ । हामी त्यही विज्ञापनलाई राम्रो मान्छौं, जसबाट बढीभन्दा बढी मानिसले सन्देश ग्रहण गर्न सक्छन् । तालुमा आलु, बबाल छ, बिन्दासजस्ता शब्द राखेर हामी विज्ञापन बनाउँछौं तर जजले यस्ता कुरा राम्रो होइन भन्छन् । हामी इफेक्टिभ एड बनाउँछौं, उनीहरू क्रिएटिभ मन पराउँछन् । यसै कारण एड एजेन्सीले असन्तुष्टि व्यक्त गर्न थाल्छन् र विवाद बाहिर आउँछ ।

**कतिपय एड एजेन्सी प्रतिस्पर्धामै भाग लिइरहेका छैनन् नि ?**

फुटबल नै नखेली ग्राउन्ड राम्रो छैन, एम्पायर गलत छ भन्नु राम्रो होइन । कमेन्ट गर्नुअघि फुटबल खेल्नुपर्‍यो, अनि मात्र यो राम्रो र यो नराम्रो भन्न मिल्छ ।

**विवाद आउनुभन्दा त प्रतिस्पर्धा नै नगर्नु राम्रै होइन र ?**

होइन, यो एवार्डले विज्ञापन राम्रै बनाउनुपर्छ भन्ने चेतना आएको छ । यस्ता एवार्डले एक-अर्कालाई चिन्ने-बुझ्ने, एकै स्थानमा बस्ने वातावरण बनाएको छ । मिडिया र एड एजेन्सीबीच सम्बन्ध मजबुत भएको छ । पाँच वर्षयता स्तरीय विज्ञापन बन्नुमा यस्तो प्रतिस्पर्धाले पनि काम गरेको छ ।

**विज्ञापनको स्तर बढ्नुमा यो मात्र कारण हो त ?**

राम्रो विज्ञापन बनाउँदा पुरस्कृत भइन्छ भन्ने लोभ बढ्नु राम्रो कुरा हो । यद्यपि आज विज्ञापनको क्वालिटी बढ्नुमा उपभोक्ताको चेतना बढ्नु र सञ्चारमाध्यम सशक्त हुनुले पनि काम गरेको छ ।

**अहिले नेपालमा विज्ञापनको बजार कति पुग्यो ?**

करिब ३ अर्ब रुपैयाँ ।

**त्यसमा छापा माध्यमको अंश कति छ ?**

वार्षिक ६० करोड रुपैयाँको हाराहारीमा ।

**टेलिभिजन र रेडियोको हिस्सा ?**

टेलिभिजनहरूले करिब ६० करोड रुपैयाँको विज्ञापन पाउन थालेका छन् भने रेडियोहरूमा २० करोड रुपैयाँको विज्ञापन बज्न थालेका छन् ।

**इन्टरनेट म्यागेजिनहरूको अवस्था कस्तो देख्नुहुन्छ ?**

नेपालमा यसको स्कोप अझै १० वर्ष छैन । नेपाल न्यूज डटकम तथा ई-कान्तिपुर केही अगाडि छन्, तर त्यो नगन्य छ ।

**यी सबै तथ्यांकमा कान्तिपुर प्रकाशन तथा प्रसारणको अवस्था कस्तो छ ?**

सबै तथ्यांकले के देखाउँछन् भने अहिलेको अवस्थामा कान्तिपुरको स्थान लिन सक्ने कोही छैन ।

**अहिले कान्तिपुर पब्लिकेसन्सलाई चुनौती दिन केही दैनिकहरू खुल्ने हल्ला छ, नयाँ न्यूज च्यानल पनि आइरहेका छन्, यसले के असर पार्ला ?**

कतिपयलाई कान्तिपुरबाटै गएका दुई समूहले पत्रिका खोल्ने भएकाले केही अप्ठ्यारो पर्ला कि भन्ने लागेको होला तर त्यो सत्य होइन, किनभने आममानिसलाई कान्तिपुरबाट को गयो, को आयो भन्ने मतलब हुँदैन । सम्पादक फेरिए पनि त्यसका पाठक नघट्नु यसको उदाहरण हो । कान्तिपुरले जति आन्दोलन बेहोर्‍यो, जति दबाब थेग्यो, त्यो भाग्य अरू पत्रिकाले पाउँदैनन् । त्यही नै कान्तिपुरको प्लस प्वाइन्ट भएको छ । कान्तिपुर टेलिभिजन तथा एफ.एम.को ब्रान्ड विश्वसनीय छ । यसलाई तोड्न गाह्रो छ, ठूलो मेहनत गर्नुपर्छ ।

**पहिले वाईवाई चाउचाउको साम्राज्य थियो, तर मायोज चाउचाउ पनि स्थापित भयो नि ?**

मायोज बजारमा आउँदा म नम्बर वान छँदैछु भनेर वाईवाई सुतेर बस्यो । त्यसैले मायोज स्थापित भयो । मेरो विचारमा कान्तिपुर त्यसरी सुतेर बस्ने कम्पनी होइन ।

**त्यसो भए नयाँ मिडिया हाउस बन्द हुन्छन् भन्न खोज्नुभएको हो ?**

जसरी नेपालमा धेरै बैंक भए, अहिले मर्जको तयारीमा छन् । त्यसैगरी मिडिया पनि बजारको अनुपातमा बढी भए । अब भिजन मिल्ने मिडियाहरू मर्जमा जानुपर्छ । थप मिडिया स्ट्रोङली आउनु पाठक, विज्ञापन एजेन्सी तथा पत्रकारका लागि राम्रो भएको छ । यसलाई दीर्घकालीन बनाउन नयाँ रणनीतिमा जानुपर्छ ।

**जुन रूपमा मिडियाको संख्या बढेको छ, त्यसको अनुपातमा विज्ञापनको बजार बढेको छैन, तैपनि मिडिया चलिरहेका छन्, कारण के होला ?**

विज्ञापनबाट मात्र बाँच्ने नेपाली मिडिया निकै कम छन् । कान्तिपुरजस्ता केही प्रकाशन एवं प्रसारण संस्था विज्ञापनले नै बाँचेका मात्र होइनन्, प्रगति पनि गरिरहेका छन् । बाँकी धेरैजसो संस्था कुनै उद्देश्यका साथ बजारमा आएका देखिन्छन् । कालो हिमालय टाइम्ससमेत बन्द नहुनुले यो कुरालाई पुष्टि गर्छ । मिडियाहरू धेरै हुनेबित्तिकै विज्ञापन पाउँछन् वा उनीहरूले विज्ञापन संकलन गर्न मिडिया चलाएका हुन् भन्न मिल्दैन । राजनैतिक विचारसँग नजिक भएका साप्ताहिक पत्रिकाहरू यसैका उदाहरण हुन् ।

**प्रिज्माले अठार वर्षदेखि विज्ञापन बजारमा प्रगति गरेको गर्‍यै छ, कारण के होला ?**

म निरन्तर सिकिरहन्छु । भर्खरै जापान पुगेर तालिम लिएर फर्किएँ । म टिमवर्कमा विश्वास गर्छु । म कहिल्यै निराश हुन्न, सधैं सकारात्मक सोच राख्छु ।

**विज्ञापन एजेन्सीमध्ये तपाईं आफूलाई कुन नम्बरमा राख्नुहुन्छ ? जस्तो बाहिरबाट तपाईंको एजेन्सीलाई थर्ड पोजिसन भन्छन् ।**

म नम्बरिङमा विश्वास गर्दिनँ । हाम्रो एजेन्सी दुईवटा अन्तर्राष्ट्रिय पुरस्कार पाउने पहिलो एजेन्सी हो । सबैभन्दा धेरै बहुराष्ट्रिय कम्पनीमा काम गर्ने एजेन्सी हाम्रै हो । सबैभन्दा धेरै स्टाफ पाल्ने एजेन्सी पनि यही हो । त्यसैले बाहिर कसले के मूल्यांकन गर्छन् भन्दा पनि म के गर्छु त्यो महत्त्वपूर्ण हुन्छ ।

**तपाईंको मूल सिद्धान्त के हो ?**

नयाँ चारवटा क्लाइन्ट आउनुभन्दा पुरानो एउटा क्लाइन्टले आफूसँग काम गर्न छाड्नु नराम्रो हो ।

**बाहिर सफल देखिने मानिसको व्यक्तिगत जीवन धरापमा हुन्छ भन्छन् नि ?**

मेरो त्यस्तो छैन । व्यवसायका साथै परिवारलाई समय दिन म सक्षम छु । मेरो टिम यति सशक्त छ कि त्यसले मेरो पारिवारिक जीवन बिग्रन दिँदैन ।

**–अश्विनी कोइराला**

# यस्तो रह्यो पर्वतीय चलचित्र महोत्सव

**साप्ताहिक समाचार**

काठमाडौं– राजधानीमा पाँच दिनसम्म चलेको काठमाडौं इन्टरनेसनल माउन्टेन फिल्म फेस्टिभल (किम्फ) मा भारतीय वृत्तचित्र 'आई वान्ट माइ फादर ब्याक' ले उत्कृष्ट चलचित्रको एवार्ड जितेको छ । भारत महाराष्ट्रको एउटा किसान परिवारमा कपासको मूल्य घटेपछि आएको अप्ठेरो परिस्थितिलाई यो चलचित्रमा समावेश गरिएको छ । वृत्तचित्रमा कपासको मूल्यमा आएको ह्रासका कारण एक जना किसान आत्महत्या गर्न विवश भएको वास्तविक घटना समेटिएको छ । हिन्दी तथा मराठी भाषामा तयार पारिएको यो वृत्तचित्रले ३२ वटा अन्तर्राष्ट्रिय चलचित्रलाई उछिनेको हो ।

हिमाल एसोसिएसनले आयोजना गरेको पर्वतीय चलचित्र महोत्सवमा सुमा जोसनद्वारा निर्देशित वृत्तचित्रले उत्कृष्ट स्थान हासिल गर्दै १ हजार ५ सय डलर जितेको छ । बेलायती निर्देशक जेरिमी गिल्लेले निर्माण गरेको वृत्तचित्र 'द डे आफ्टर पिस' ले दोस्रो स्थान हासिल गर्दै १ हजार डलर प्राप्त गर्‍यो । अफगानिस्तानको युद्धरत क्षेत्रमा जागिर भएका गिल्लेले वृत्तचित्रमार्फत युद्ध तथा मानवतामाथि बहस गरेका छन् ।



नेपाली सञ्चारकर्मी दीपक रौनियारले महोत्सवमा तेस्रो स्थान हासिल गरे । उनले निर्देशन गरेको वृत्तचित्र 'थ्रेसहोल्ड' (चौकैठ) मा मैथिली समाजको नारी स्थितिलाई उतारिएको छ । वृत्तचित्रमा तथ्यांक विभागबाट तराई पुगेकी एक अनुसन्धानकर्ताको जीवन, उनले श्रीमान्‌सँग गरेको सम्बन्ध-विच्छेदको कथा तथा श्रीमान्-श्रीमतीबीच हुनुपर्ने सम्बन्धका कुरा सुनेपछि घुम्टोभित्र बाँच्न विवश एक मैथिली महिलाको सोचाइमा आएको परिवर्तनलाई समेटिएको छ । दीपकले ५ सय डलर प्राप्त गरे ।

गत मंसिर २६ गतेदेखि ३० गतेसम्म चलेको महोत्सव राष्ट्रिय सभागृह तथा नेपाल पर्यटन बोर्डमा सम्पन्न भएको हो । महोत्सवमा यस पटक पर्वतीय संस्कृति, जीवनशैली, पर्वतारोहण, वन्यजन्तु, पर्यावरण, भू-मण्डलीकरण, लैंगिकता तथा द्वन्द्वसम्बन्धी ६० भन्दा बढी चलचित्र प्रदर्शन गरिएको थियो । महोत्सवमा ३४ वटा चलचित्र अन्तर्राष्ट्रिय अप्रतिस्पर्धात्मक समूह, २० वटा चलचित्र अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक समूह तथा १२ वटा चलचित्र नेपाली पानोरमा समूहअन्तर्गत प्रदर्शन गरिएको थियो । प्रदर्शित चलचित्रलाई नेपाली चलचित्र निर्देशक यादव खरेल, भारतीय चलचित्रकर्मी उगेन छोपेल तथा अस्ट्रेलियाका पर्वतारोही तथा लेखक ब्रिजिट मुइर सम्मिलित तीन सदस्यीय निर्णायक समितिले मूल्यांकन गरेको थियो । महोत्सवमा 'अडियन्स च्वाइस एवार्ड भारतीय निर्देशक नरेश बेदीको वृत्तचित्र 'चेव अफ द मिस्ट' ले जित्यो । यो वृत्तचित्र अति लोपोन्मुख र रहस्यात्मक रातो पाण्डामा केन्द्रित थियो । नेपाली पानोरामाअन्तर्गत चलचित्र 'युद्धचित्र' उत्कृष्ट ठहरियो । केशाङ छेतेन र प्रेम विक्रद्वारा निर्देशित यो वृत्तचित्रले ११ वटा नेपाली चलचित्र उछिनेर २५ हजार रुपैयाँ नगद तथा एवार्ड हात पार्‍यो ।

# विनोदको दोस्रो इनिङ प्रारम्भ



**साप्ताहिक समाचार**

काठमाडौं– चार वर्षअघि राष्ट्रिय क्रिकेट टिमको बन्द प्रशिक्षणका दौरान नक्सालको एक होटलमा बस्दा क्रिकेटर विनोद दासले आफू बसेको होटलको बाटो हुँदै अफिस जाने करुणालाई पहिलो पटक देखेका थिए । पहिलो नजरमै माया पलाएपछि विनोदले करुणासँग घनिष्ठता बढाए । यो घनिष्ठता मायापिरतीमा बदलिएपछि गत शनिबार दुवै वैवाहिक बन्धनमा बाँधिए ।

क्रिकेटर विनोद राष्ट्रिय टिमका कप्तान हुन् । बलिङ र अलराउन्डरको भूमिकामा मैदानमा उत्रने विनोदले आफ्नो करिब ४ वर्ष लामो प्रेमलाई खासै प्रदर्शन गरेका थिएनन्, तर जानकारहरूका अनुसार विनोदको खेल्ने कुनै पनि खेलमा करुणा भने मैदानमा आउँथिन् । विनोदसँगको सामीप्यताले करुणालाई क्रिकेटतर्फ आकर्षित गरेको थियो ।

मंसिरको पहिलो साता विनोद दास र करुणा केसीले आफ्नो प्रेमलाई परिवारको सहमतिमा विवाह-बन्धनमा लाने निर्णय गरेका थिए । पारिवारिक सदस्य तथा नेपाली क्रिकेट टिमका केही साथीका बीच स्वयंवर गरेका दासले विवाह पनि थोरै साथीहरूमाझ नै सम्पन्न गरेका थिए । विवाहलाई दोस्रो इनिङ सम्झिएका विनोदले अब आफू अझ सशक्त रूपमा क्रिकेटको मैदानमा उत्रने बताएका छन् । करुणा हाल एक एयरलाइन्समा कार्यरत छिन् ।

# सञ्जाल विज्ञापनको

पृष्ठ १ बाट जारी

विज्ञापन बजार भएको मुलुकमा यस्ता उदाहरण केही मात्र पाइन्छन् । पूर्व मिस नेपालहरू माल्भिका सुब्बा र उषा खड्गी पनि विज्ञापन अभिनयकै कारण सर्वसाधारणमाझ अझ बढी परिचित भएको एक विज्ञापन व्यवसायी उल्लेख गर्छन् । हुन पनि करिब एक दर्जनभन्दा बढी विज्ञापनमा यी सुन्दरीले अभिनय गरेका छन् ।

त्यस्तै नेपाली एडमेकरहरूका अनुसार कुनै समय विज्ञापनमा आफ्ना भाइ-भतिजालाई अभिनय गराएर आनन्द लिने नेपाली व्यवसायीहरू आकर्षक मोडल राखेर मात्र आफ्नो उत्पादनको प्रचार राम्रोसँग हुनसक्छ भन्ने कुरा बुझ्न थालिसकेका छन् ।

'खासमा दुई प्रकारले विज्ञापन निर्माण हुन्छन्,' नेपाल विज्ञापन व्यवसायी संघ (आन) का अध्यक्ष निर्मल पौडेल भन्छन्- 'पहिलो सामान्य व्यक्तिलाई विज्ञापनमा अभिनय गराएर उनीहरूलाई सेलिब्रेटी बनाइन्छ भने दोस्रो चर्चित सेलिब्रेटीलाई राखेर कुनै उत्पादनलाई केन्द्रित गर्दै विज्ञापन निर्माण गरिन्छ ।' पौडेलका अनुसार उनले बाटोमा हिँडिरहेकी एक युवतीलाई विज्ञापनमा अभिनय गर्ने हो भनेर सोध्दा उनले ती युवतीको हप्की खानुपरेको थियो । हाल नेपाली पर्दामा नायिकाका रूपमा स्थापित ती युवतीले विज्ञापनबाटै आफ्नो क्यारियर चम्काएकी थिइन् । पौडेल भन्छन्- 'उनलाई विज्ञापनमा अभिनय गर्ने हो भनेर सोध्दा गलत अर्थमा बुझिदिएपछि मैले उनलाई भिजिटिङ कार्ड थमाएर हिँडेको थिएँ । पछि उनी आफैं मलाई खोज्दै आइन् र काम गरिन् ।'

हाल ३ अरब रुपैयाँभन्दा ठूलो मानिएको नेपाली विज्ञापन उद्योगको बजार बर्सेनि फराकिलो बन्दै गएको छ । 'खुला तथा प्रतिस्पर्धात्मक बजारको अवधारणाका कारण उत्पादनहरूको बजार विस्तारका निम्ति विज्ञापन अपरिहार्य भैसकेको छ,' आनका उपाध्यक्ष राजकुमार भट्टराई भन्छन्- 'अहिले कुनै पनि उत्पादनले सहजै बजार पाउन राम्रो मोडलसहितको राम्रो विज्ञापनको अपेक्षा राख्छ ।' विज्ञापनमा अभिनय गर्न अहिले कलाकारिता क्षेत्रमा चाख राख्ने नयाँ पुस्ता मात्र होइन, कलाकारिताबाट राम्रो नाम कमाएकाहरू पनि त्यत्तिकै लालायित देखिन्छन् । विज्ञापनमा आकर्षक व्यक्तित्वलाई राखिने भएकाले त्यो आकर्षक व्यक्तित्वमा पर्ने चाहना हुनु स्वाभाविक रहेको विज्ञहरू बताउँछन् ।

नेपालमा विज्ञापनको ट्रेन्ड कहिले प्रारम्भ भयो भन्ने स्पष्ट खाका नभए पनि व्यावसायिक ढंगमा चार दशकयता विज्ञापनको बजार क्रमशः विस्तार हुँदै गएको पाइन्छ । रेडियो नेपालको स्थापना अघि सूचनाको माध्यमबाट प्रकाशन हुने विज्ञापनले छापा माध्यममा ४० को दशकसम्म सूचनाकै माध्यमबाट विज्ञापन प्रकाशन भैरहेका थिए ।

### ब्रान्ड एम्बेसडरको प्रारम्भ

मर्कन्टाइल सोलुसनको ब्रान्डेड पीसीको विज्ञापनमा तत्कालीन पपस्टार नवीन के भट्टराईले अभिनय गरेका थिए । उनले अभिनय गरेको त्यो विज्ञापन सार्वजनिक भएपछि उनलाई मर्कन्टाइल ब्रान्डको ब्रान्ड एम्बेसडरका रूपमा लिइयो । औपचारिक रूपमा नवीन नै घोषित पहिलो ब्रान्ड एम्बेसडरका रूपमा चिनिन्छन् । त्यसो त लामो समय एकछत्र राज गरेका नायक भुवन केसीले तीनपाते चियाको विज्ञापनमा अभिनय गरेका थिए । विज्ञापनमा अभिनय गरेको आधारमा हेर्ने हो भने भुवन केसी पनि तीनपाते चियाका ब्रान्ड एम्बेसडर हुन् । नायक भुवन केसी र नायिका सुस्मिता कार्कीबीच प्रेमको अंकुरण हुन पनि यो विज्ञापन सहायक बनेको बताइन्छ । टुपीएम चाउचाउका ब्रान्ड एम्बेसडर बनेका राजेश हमालले त्यसका लागि ५ लाख रुपैयाँ लिएका थिए । यसैगरी लक्स साबुनको होर्डिङ बोर्डका लागि निरुता सिंहले ३ लाख रुपैयाँ लिएकी थिइन् । नायिका झरना बज्राचार्यले मुना चियाको विज्ञापनका लागि ३ लाख रुपैयाँ लिएकी थिइन् । विज्ञापनमा अभिनय गरेर सबैभन्दा बढी रकम हात पार्न सफल नेपाली सेलिब्रेटी निमा रुम्बा हुन् । बहुराष्ट्रिय कम्पनीको उत्पादन कोकाकोलाको विज्ञापनमा अभिनय गरेका निमाले उक्त विज्ञापनमा अभिनय गरेबापत ५ लाखभन्दा बढी रकम लिएका छन् । उक्त विज्ञापनमा अभिनय गराउन विभिन्न राष्ट्रका रोल मोडललाई प्रयोग गरिएको थियो । नेपाली विज्ञापनमा सबैभन्दा बढी देखिने मोडल दीपकराज गिरी हुन् । विज्ञापन निर्माताहरूका अनुसार दीपकले ५० हजारदेखि १ लाख रुपैयाँसम्म लिन्छन् ।

चलचित्र निर्देशक एवं एडमेकर यादव खरेलका अनुसार विज्ञापनमा मोडल तथा तस्बिरको प्रयोग धेरै पछाडि आएको हो । रेडियोमा गीतिमाध्यमबाट सूचना प्रसारण गर्ने ट्रेन्ड पछ्याउने क्रममा जिंगलको अवधारणाले लोकप्रियता पाएको थियो । आनका अध्यक्ष पौडेलका अनुसार विज्ञापनको अवधारणा १९१९ मा भएको भन्ने इतिहास रहे पनि एजेन्सीमार्फत विज्ञापन निर्माण गर्ने ट्रेन्ड २०१७ सालदेखि प्रारम्भ भएको हो । लक्ष्मणप्रसाद उपाध्यायले स्थापना गरेको नेपाल एडभरटाइजर्सलाई पहिलो नेपाली विज्ञापन एजेन्सीका रूपमा उल्लेख गरिन्छ । प्रजातन्त्र पुनर्स्थापना हुनुअघि अर्थात् २०४७ अघिसम्म पनि विज्ञापनलाई खर्चका रूपमा लिने उत्पादक कम्पनी तथा व्यवसायीहरू बिस्तारै उत्पादनको बजार विस्तारमा विज्ञापनको महत्त्व बुझ्न थाले । खासगरी चाउचाउ, चुरोट, रक्सी र कर्कटपाताका विज्ञापनबाट ब्रान्ड स्थापित भएपछि विज्ञापनको बजार चुलिएको विश्लेषकहरू बताउँछन् । त्यसबेला वाईवाई चाउचाउ, खुकुरी चुरोट, स्टार बियर, हुलास जस्तापाताका विज्ञापनले ब्रान्डको स्वरूप लिएका थिए । विज्ञापन बजारका सम्बन्धमा लामो अध्ययन गरेका अध्येता डा.



भोजराज अर्यालका अनुसार २०४९ मा आएको खुला सञ्चार नीतिपछि निजी क्षेत्रका मिडिया हाउस स्थापना भएपछि विज्ञापन बजारले बृहत् रूप लियो । त्यसपछि लगातार सन् २००१ सम्म तीव्र गतिमा फराकिलो बनेको विज्ञापन बजार सन् २००४ पछि स्थिर बनेको अर्याल बताउँछन् । पछि फेरि सन् २००७ मा तत्कालीन सरकार र माओवादीबीच शान्ति-सम्झौता भएपछि विज्ञापन बजारले पुरानो गतिलाई पक्रने अभ्यास गरिरहेको उनले बताए ।

नेपाली विज्ञापन उद्योगलाई सम्भावना भएको उद्योगका रूपमा लिइन्छ । अल्पविकसित मुलुक भएकाले विकासको बाटोमा अग्रसर हुँदा पुजी बजार बढ्ने भएकाले पनि विज्ञापनको बजार अझ फराकिलो हुने विज्ञहरू बताउँछन् । 'अस्वस्थ प्रतिस्पर्धाका कारण विज्ञापन उद्योगले सोचेजस्तो प्रतिफल पाउन सकिरहेको छैन ।' आनका अध्यक्ष पौडेल भन्छन्- 'तर बर्सेनि २० प्रतिशतको दरमा विज्ञापन बजार फराकिलो बन्दै गएको छ । बजारमा देखिएको अस्वस्थ प्रतिस्पर्धा हटाउन हामीले पाँचबुदे आचारसंहिता निर्माण गरेका छौं, एकैपटक धेरै मिडिया सञ्चालनमा आउनुले पनि बजार अस्वस्थ बनेको हो ।'

**पहिलो विज्ञापन**

विज्ञापनको प्रारम्भिक अवधारणाअनुसार कुनै उत्पादन वा सामग्रीका बारेमा सर्वसाधारणलाई जानकारी गराउन सूचना सम्प्रेषित गरिन्थ्यो । त्यसमा कुनै तस्बिर वा मोडल प्रयोग गर्नुपर्ने आवश्यकता थिएन । पछि रेडियोको विज्ञापनका निम्ति संगीतको सहायता लिन थालियो । कुनै समयमा रेडियो नेपालको 'विज्ञापन सेवा' शीर्षकको कार्यक्रम लोकप्रिय हुनुको मुख्य कारण यही थियो । विज्ञापन सेवामा कुनै उत्पादनसँग सम्बन्धित रहेर तयार पारिएका गीत बज्थे । त्यसलाई हुबहु गीतकै शैलीमा बजाइन्थ्यो । मार्टिन चौतारीले प्रकाशन गरेको पुस्तक रेडियोसँग हुर्कंदामा पत्रकार वसन्त थापाले लेखेका छन्- 'ध्रुव केसीले गाएको बाँसबारी छाला जुत्ताको विज्ञापन लामो थियो । कर्णप्रिय भएकाले सबैले गीतका रूपमा गाउने उक्त विज्ञापनलाई मैले पहिलो पटक नेपाली रेडियो विज्ञापनका रूपमा थाहा पाएको थिएँ ।' संगीतकार शम्भुजित बाँस्कोटाले सबैभन्दा धेरै गीति विज्ञापन र जिंगल निर्माण गरेका थिए । पत्रकार थापाले शिवशंकरले गाएको 'यो किन्न नपर्ने बारम्बार' भन्ने भाँडावर्तनसम्बन्धी विज्ञापन गीत पनि फेमस रहेको उल्लेख गरेका छन् । एक नेपाली वैदेशिक अध्ययनका क्रममा भारतको चण्डीगढ पुग्दा उनलाई नेपाली गीत गाउन लगाइयो । एकछिन अकबक्क परेका उनलाई त्यहींका एक भारतीय युवकले आरएआरए रारा मीठो भन्छन सारा... गीत गाउन सुझाव दिएपछि उनले त्यही गीत गाए, तर वास्तविकता यो गीत नभै विज्ञापन थियो । नेपाली विज्ञापन बजारमा पुराना विज्ञापनमा सबैभन्दा सफल विज्ञापन आरएआरए राराको विज्ञापनलाई लिन सकिन्छ । विज्ञापनसम्बन्धी अध्ययन गरेकी टेलिभिजनकर्मी दीपा गौतमका अनुसार नेपाल टेलिभिजनको परीक्षण प्रसारण प्रारम्भ भएपछि टेलिभिजनमा भिज्युअल विज्ञापन देखाउनुपर्ने भयो । त्यसबेला फोर्ड ब्रान्डको गाडीको विज्ञापन बजाउन फोर्डका नेपाली अधिकृत विक्रेताले आग्रह गरे । प्राप्त जानकारीअनुसार फोर्ड गाडीको विज्ञापन नै पहिलो टेलिभिजन कमर्सियल विज्ञापन हो ।

### बजारको स्वरूप र प्रकार

आनका अध्यक्ष निर्मलराज पौडेलका अनुसार छापा, रेडियो र टेलिभिजनले २ अरब २० करोडको विज्ञापन लिन्छन् भने होर्डिङ बोर्ड र अन्य प्रचार सामग्रीमा ८० करोड खर्च हुन्छ । अध्येता डा. भोजराज अर्याल ३ अरब ६५ करोड रुपैयाँको विज्ञापन बजार रहेको उल्लेख गर्छन्, जसमा १ अरब ८५ करोड छापा, रेडियो र टेलिभिजन विज्ञापनमा खर्च हुन्छ भने ८० करोड रुपैयाँ बीटीएल (बिलो द लाइन) अर्थात् होर्डिङ बोर्ड र प्रचार सामग्रीमा खर्च हुन्छ । त्यसबाहेक १ अर्ब रुपैयाँ विभिन्न काम्पेन तथा प्रचारका निम्ति प्रयोग गरिएका विषयवस्तुमा खर्च हुन्छ ।

**सबैभन्दा महँगो विज्ञापन**

अहिलेसम्मकै सबैभन्दा महँगो नेपाली विज्ञापन शिखर चुरोटको विज्ञापन हो । डेढ दशकअघि निर्माण भएको उक्त विज्ञापन अहिलेसम्मकै आकर्षक विज्ञापन पनि मानिन्छ । सूर्य टोबाको कम्पनीका लागि बनाइएको उक्त विज्ञापन निर्माणमा ६५ लाख रुपैयाँ खर्च भएको थियो । बलिउड चलचित्र उद्योगकी स्थापित नायिका महिमा चौधरी र अनुदानजंग राणाले अभिनय गरेको त्यो विज्ञापन बनाउन भारतीय प्राविधिक टोली नेपाल आएको थियो । आकर्षक व्यक्तित्वका दुई मोडलले अभिनय गरेको यो विज्ञापनले राम्रा मानिसहरू चुरोट खान्छन् भन्ने देखाउन खोजेको थियो । यो विज्ञापनमा अभिनय गर्दा रीतु चौधरीको नामबाट चिनिने महिमाको नाम चलचित्र निर्देशक सुभाष घईले परिवर्तन गरिदिएका थिए । शिखर चुरोटको विज्ञापनमा अभिनय गर्दा उनी बलिउड चलचित्र उद्योगमा प्रवेशका लागि पाइला चाल्ने योजना बनाउँदै थिइन् । एक नेपाली एडमेकर भन्छन्- 'शिखर चुरोटको त्यो विज्ञापनले महिमालाई पनि सहयोग पुऱ्याएको थियो ।' त्यस्तै अनुदानजंग राणालाई पनि यही विज्ञापनले पब्लिक फिगर बन्न सहयोग पुऱ्यायो । पैसामा सम्झौता नगरे राम्रो विज्ञापन बन्ने रहेछ भन्ने कुरा पनि यो विज्ञापनले पुष्टि गऱ्यो । त्यसैगरी फेयर एन्ड लभ्लीको विज्ञापन दोस्रो महँगो विज्ञापन हो । बहुराष्ट्रिय कम्पनीका अधिकांश विज्ञापनमा नेपाली बोली डबिङ गर्ने ट्रेन्ड रहे पनि फेयर एन्ड लभ्लीको यो

पृष्ठ ७ मा जारी

[redacted]

# सञ्जाल विज्ञापनको

पृष्ठ ६ बाट जारी

विज्ञापनमनेपाली मोडल आयुशी राणालाई राखेर चाँगुनारायण मन्दिर परिसरमा छायांकन गरिएको थियो, जसको लागत ४० लाख रुपैयाँ थियो ।

**नौटंकीबाट विज्ञापन**

आजभोली हास्यकलाकारहरूलाई जसरी विज्ञापनमा अभिनय गराइन्छ, त्यसरी नै '३० को दशकतिर केही विज्ञापन व्यवसायीले स्थानीय स्तरमा लोकप्रिय नौटंकी समूहलाई प्रयोग गरेर प्रत्यक्ष अभिनयबाट विभिन्न उत्पादनको विज्ञापन गर्थे । चलचित्र निर्देशक यादव खरेलका अनुसार नौटंकी समूहले स्थानीय हाटबजारमा नाटक मञ्चन गर्थे, त्यसबेला नाटकमार्फत नै कुनै उत्पादनको विज्ञापन हुन्थ्यो । सुरुमा बिंडीको विज्ञापन यो प्रयोग सफल भएपछि नेपालका पुराना विज्ञापन व्यवसायीहरूले परिवार नियोजनका साधनहरू ढाल, गुलाफ चक्कीको विज्ञापन नौटंकी समूहमार्फत गर्न थालेको खरेल बताउँछन् । 'उनीहरूको प्रस्तुती यस्तो हुन्थ्यो कि मानिसहरू उनीहरूका कुरालाई सहजै विश्वास गर्थे,' निर्देशक खरेलले भने– 'त्यसबेला आमसञ्चारका माध्यमहरू अहिलेको जस्तो विकास नभएकाले पनि मनोरञ्जनको यो नौटंकी सबैतिर लागू गरियो । नौटंकी समूहजस्तै गाइनेलाई प्रयोग गरेर पनि विज्ञापन गरियो ।' विज्ञापनको माध्यम किरिङ र स्टीकर पनि बने । पुराना व्यवसायीहरू किरिङमा आफ्नो उत्पादनको प्रचार गर्न सहजै तयार हुने गरेको खरेल बताउँछन् ।

**विज्ञापनमा भाषाको समस्या**

विदेशी विज्ञापनलाई नेपालीकरण गर्ने प्रयासमा हुबहु हिन्दी शब्दलाई नै राख्ने गरिएको उदाहरण प्रशस्त पाइन्छ । त्वचा, मोसुडो, बिन्दास यसका उदाहरण हुन् । यसबाहेक ठेट नेपाली शब्द प्रयोगको सट्टा आगन्तुक शब्द राखेर तयार भएका अमिल्दो वाक्य सुन्नुपर्ने बाध्यता छ । नेपाली विज्ञापनमा भाषाको प्रयोग विषयमा दीपा गौतम लेख्छिन्- 'झट्का, धुम, झकास, राज, चकाचक, आहआह, आय्या, माय्या, अफयोमा'जस्ता शब्दहरू, 'लल्लुपन्जु, चार बुँदवाला, चुन्नुमुन्नु, सासु माँ' जस्ता नाम संज्ञाहरू र 'दुगुना गर्नुहोस्', 'परहट', 'हेरेको छ कतै', 'यो लेऊ' 'जिऊ जिन्दगी रमेर', 'प्रथम तिमी प्रहार गर', 'दिमागको बत्ती जलाइदिन्छ', जस्ता उदाहरण तथा 'भनेको थिए नि जंगलमा भूत हुन्छ', 'बुहारीले एउटा कुरा त मान्यो', 'यहाँ हुनुहुन्छ मेरो बुवा', 'तपाईंको फोटो जो लगाउनु छ' 'बास्ना यस्तो कि मुड बन्छ' जस्ता वाक्य एवं वाक्यगठनहरू र 'के तिमी क्लोजअप गर्दछौ ? कन्फिडेन्ससँग चल्दछौ ?', बिहान बबुल त दिन तपाईंको', दुनियाँ उसको दिवाना छ', 'उनको बाल चकाचक है ! पूरै हाल चकाचक है !' जस्ता जिंगलहरू नेपाली लवज, ढाँचा र बान्कीका छैनन् । अध्येता गौतमका अनुसार नेपाली जिब्रोलाई उच्चारण गर्न अप्ठ्यारो हुने, नेपाली जनजीवनमा र बोलीचालीमा प्रयोग नहुने वा नभिजेका शब्द-वाक्यहरूको प्रयोग गरिने प्रवृत्ति खासगरी नेपालीमा डब गरिएका भारतीय उत्पादनका 'सिनर्जिक' विज्ञापनमा देखिन्छ । विज्ञापन एजेन्सीका 'कपि राइटर'हरूले भारतबाट प्रेषित हिन्दी विज्ञापनलाई नेपालीमा उल्था गर्दा भावानुवाद नगरी शब्दानुवाद गर्नाले त्यस्ता विज्ञापनमा भाषिक गल्ती देखा परेका हुन् ।

### सेन्सर गर्नु पर्दैन विदेशी विज्ञापन

प्रायः मुलुकले विदेशी विज्ञापनलाई प्रसारण अनुमति दिँदैनन्, तर नेपालमा भने विदेशी विज्ञापनलाई डब गरेर प्रसारण गर्ने अनुमति दिइएको छ । आनका अध्यक्ष निर्मलराज पौडेलका अनुसार बंगलादेश, श्रीलंकाजस्ता विकासोन्मुख राष्ट्रले पनि विदेशी विज्ञापन प्रसारणमा रोक लगाएका छन् । अझ मुख्य कुरा, नेपालमा तयार भएका विज्ञापन प्रसारण हुनुपुर्व नेपाली चलचित्रकै प्रक्रियामा सेन्सरबोर्डबाट पास गर्नुपर्ने बाध्यता छ, तर विदेशी विज्ञापनले सामान्य प्रक्रिया पूरा गरेपछि सीधै प्रसारणको अनुमति पाउँछन् । सेन्सरबोर्डको खर्च अनावश्यक देखिएको भनेर विज्ञापन व्यवसायीले आवाज उठाएपछि यस विषयमा नयाँ नीति आउने जानकारी पाएको अध्यक्ष पौडेलले बताए ।

# सन्देशमूलक सांगीतिक कार्यक्रम

साप्ताहिक समाचार


काठमाडौं- गएको शनिबार राजधानीको मुटु रत्नपार्क आसपासको क्षेत्रमा विशेष रौनक छाएको थियो । टुँडिखेलमा किराँत समुदायहरू उधौली पर्व मनाउने क्रममा खुला मञ्चमा कलाकारहरू आ-आफ्ना कला प्रस्तुत गरिरहेका थिए । खुलामञ्चअगाडि खचाखच दर्शकमाझ गायक/गायिकाहरू गीत-संगीत प्रस्तुत गरिरहेका थिए भने चित्रकारहरू क्यानभासमा रङ पोत्न व्यस्त देखिन्थे । मञ्चबाट पप, आधुनिक एवं लोकगीत गुन्जिरहँदा २५ जना चित्रकार नयाँ नेपालको परिकल्पना क्यानभासमा उतार्दै थिए । 'आधारभूत लोकतान्त्रिक सिद्धान्त स्थापित गर्नका लागि सन्देशमूलक कार्यक्रम प्रस्तुत गरेका हौं,' अभियानका अगुवाई गरिरहेकी गायिका रेश्मा सुनुवारले साप्ताहिकसँग भनिन्- 'आज अभियान समापनको दिन हो ।'

नयाँ नेपालको चर्चा चलिरहेका बेला लोकतन्त्रलाई संस्थागत गर्नुपर्छ भन्ने सन्देश छर्दै कलाकारहरूले गीत-संगीतको माध्यमबाट सन्देश दिएका थिए । यही सन्देश बोकेर उक्त सांगीतिक टोलीले एकमहिने अभियान थालेको थियो । टोलीले राजधानीको रत्नराज्यलक्ष्मी, शंकरदेव, ताहाचलगायत एक दर्जन क्याम्पसमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेको थियो ।

अभियान समापनका अवसरमा उक्त टोलीले टुँडिखेलमा बृहत् सांगीतिक कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा गीत-संगीतका साथै नृत्य र प्रहसनबाट पनि दर्शकले पर्याप्त मनोरञ्जन लिए ।

कार्यक्रममा रेश्मा सुनुवारसहित सुजता सिटौला, सुमन सागर, मधु गुरुङ तथा राधिका हमालले गीत प्रस्तुत गरेका थिए । त्यस्तै जनवादी गायक जीवन शर्मा, रामकृष्ण दुवाल, राजाराम थापा, तिलकबम मल्ल आदिले सन्देशमूलक गीत प्रस्तुत गरेका थिए ।

सल्भ नेपालको आयोजनामा सम्पन्न कार्यक्रममा नयाँ नेपाल कस्तो हुनुपर्छ भन्ने शीर्षकमा खुला चित्रकला प्रतियोगिता आयोजित गरिएको थियो । बिहान ११ बजे प्रारम्भ भएको प्रतियोगितामा उत्कृष्ट चित्र कोर्ने चार जना चित्रकारलाई वरिष्ठ चित्रकार किरण मानन्धरले पुरस्कार प्रदान गरेका थिए ।



# धिमाल संस्कृतिको झलक



धिमाल युवायुवतीहरू मन खोलेर आफ्नो जातीय वेशभूषा लगाएर आफ्नै जातीय गीतमा छमछमी नाचे । त्यति मात्र कहाँ हो र ? लिम्बू जातको प्रख्यात फेदम्वा नाच पनि लिम्बू बाजेले झमझम नाचे, यो दृश्य हेर्ने जो-कोहीको मन फुरुङ्ग भयो । यो दृश्य हो, गत साता मोरङको राजघाटमा युवा समूहको आयोजना भएको फुटबल प्रतियोगिता उद्घाटनको । आफ्नो जातीय पहिरनमा सजिएका धिमाल किशोर-किशोरीहरूले नृत्य प्रदर्शन गरेर नेपाली युवायुवतीहरूले आफ्नो जातीय परम्परा, रीतिरिवाज, कला-संस्कृति बिर्सिएका छैनन् भन्ने कुरा प्रमाणित गरे ।

**–केशव न्यौपाने, राजघाट, मोरङ**


**Paradise Nepal (NGO)**
को सहयोगमा 70% सम्म छुटमा निम्न
**Computer Course**

| | |
|---|---|
| Basic | 750 |
| Graphics Design | 2000 |
| Tally, Fact, TATA EX | 1500 |
| Web Page Design | 2000 |
| Diploma | 3000 |
| Hardware & Networking | 4000 |
| Autocad 2D & 3D | 5000 |

SANDRA Computer Institute
Sorakhutte (Opp. Kumari Petrol Pump)
☎ 4361712, 2160393

पालो तपाईंको ............!
के तपाई SLC पास भएर पढाई छोड्नु भयो ?
अब पीर नमान्नुहोस
शनिबार मात्र कक्षा लिई सजिलै
Private I.A. I.Com पास गरौं
अन्तिम भर्ना
७५ जिल्लाबाट सम्पर्क राख्न सकने
जि.शि.का. बाट सम्बन्धन प्राप्त
SANDRA OPEN SCHOOL
Kathmandu: Nayabazar, sorakhutte 4361712, 2160393 (कुमारी पेट्रोलपम्प ठीक अगाडी)
Chitwan: भरतपुर (कन्या कलेज रोड) 056-525918

PERMANENT HAIR REMOVAL
NO MORE WAXING /THREADING /SHAVING
OTHER TREATMENTS:
• WEIGHT LOSS • BREAST CARE
• ACNE/PIMPLES • FRECKLES
• PIGMENTATION
• STRETCH MARKS & WRINKLES
• BIRTH MARKS/TATTOO REMOVAL
AND MANY MORE...
BY LASER THERAPHY: FIRST TIME IN NEPAL
FOR APPOINTMENTS / ENQUIRY
TOUCHBeauty LASER CLINIC
Tel/Fax: 977-1-4469302, 4469305
Direct: 016912571. Cell:9841549320
Email: shakambari@wlink.com.np
Old Baneshwor, Kathmandu, Nepal

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1250/-
अनुहार गोरो बनाउने Roop Amrit - 1399/-
कपाल नझर्ने वा उमार्ने तेल Herbal - 44 - 750/-
मोटोपन घटाउने Sauna Belt - 1999/-
डण्डीफोर हटाउने Acne Active - 2499/-
स्तन बढाउने वा घटाउने Cream - 1399/-
धुम्रपान छुटाउने Mouth Spray - 1499/-
चाउरीपन हटाउने Cream - 999/-
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801


The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu

Learn to Speak English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

# साप्ताहिक इनफो

# जति अफ्रियो, भुइँको भुइँ





चलचित्र, टेलिचलचित्र, म्युजिक भिडियो, विज्ञापन जतातातै उनीहरू नै छाएका हुन्छन्। उनीहरू अर्थात् दोस्रो दर्जाका अभिनेता-अभिनेत्री। पर्दामा उनीहरू आमा, बुबा, दिदी, बहिनी, दाजुभाइजस्ता नाताहरूका साथै साथी, सहयोगी एवं दर्शक हँसाउने चरित्र निर्वाह गरिरहेका हुन्छन्। त्यसैले पनि उनीहरूलाई चरित्र अभिनेता-अभिनेत्री भनिन्छ। चल्तीका नायक-नायिका आदिको भीडमा उनीहरू सहयोगी मात्र हुन्छन्। चलचित्र बनाउनेहरूका लागि नाम चलेका नायक तथा नायिका नै चाहिन्छ भने यस्ता भूमिकामा 'जसलाई खेलाउँदा पनि हुन्छ' भन्ने धारणा छ, जब कि उनीहरू अभिनयका लागि चलेका नायक-नायिकाभन्दा धेरै अगाडि छन्।

निर्देशक नारायण पुरीले निर्देशन गरेको चलचित्र 'अल्पविराम' मा त्यतिबेला सकेसम्म स्व. छायाँदेवी पराजुलीलाई अभिनय गराउने भनेर उक्त भूमिका लेखिएको थियो। छायाँदेवी बिरामी परेकीले उनीसम्म त्यो प्रस्ताव नपुगीकनै त्यत्तिकै तुहियो अनि रमा थपलियालाई चिठ्ठा पर्‍यो। चलचित्रले खासै प्रभाव पार्न नसके पनि जतिले 'अल्पविराम' हेरे उनको अभिनय र भूमिकाको मुक्त कण्ठले प्रशंसा गरे। अभिनेत्री रमा थपलिया एकताका टेलिचलचित्र 'हिजोआजका कुरा' मार्फत टेलिभिजनका दर्शकमाझ सन्तोष पन्तकी श्रीमती भनेर चिनिएकी थिइन्। उनको अभिनययात्रा त्यसपछि पनि निरन्तर चलिरहेकै छ। अभिनयमा उनको आफ्नै 'स्टाइल' छ। यद्यपि उनलाई वैकल्पिक कलाकार नै मानिएको छ।

केही महिनाअघि एउटा चलचित्रको छायांकन गोदावरीस्थित विनोद मानन्धरको स्टुडियोमा भैरहेको थियो। लोकल माइक्रोबस चढेर एक जना अभिनेता त्यहाँ आइपुगे। जँड्याहा तथा मधेसीको दुई फरक भूमिकामा औधी रुचाइएका ती अभिनेता सुवास गजुरेल त्यहाँ छायांकन भैरहेको चलचित्रमा एउटा मुख्य भूमिका निर्वाह गरिरहेका रहेछन्। केही चलचित्र तथा टेलिचलचित्रको निर्देशनसमेत गरिसकेका गजुरेल चलचित्रको उक्त दिनको छायांकन सकेपछि फर्कने सवारी साधन खोज्न थाले। अन्त्यमा यो पंक्तिकारको मोटरसाइकल चढी बानेश्वर झरेर उनी ट्याम्पो पक्रेर घर फर्किए। जब कि उक्त चलचित्रका एक नाम चलेका नायकलाई लिन छायांकन युनिटको गाडी उनको घरमै पुगेको थियो।

चलचित्रमा विविध भूमिका निर्वाह गरेका कलाकार नागेन्द्र रिजाल टेलिचलचित्रकै कारण दर्शकमाझ चिनिएका छन्। केही महिनाअघि उनले एउटा चलचित्रको छायांकनका लागि नारायणघाट जानुपर्‍यो। चलचित्रका नायक तथा नायिकाहरूलाई कार तथा हवाईजहाजमा त्यहाँ पुर्‍याइए पनि रिजाललाई इन्धनको अभाव बताएर माइक्रोबस चढेर आउन भनियो। अभिनयको नशामा डुबेका रिजाल उक्त कुरा सहर्ष स्वीकार गर्दै एउटा माइक्रोबसमा कोच्चिएर नारायणघाटतिर लागे। मलेखुमा खाजा खान झरेका रिजाललाई टेलिचलचित्रका कारण धेरैले चिनेपछि अप्ठेरो लागेको देखियो। फर्कने बेलामा पनि एउटा कार नायिकालाई लिएर काठमाडौं फर्कियो, त्यही रात उनी पनि फर्कने कुरा निर्माणपक्षले बिर्सिए र उनी लोकल बस चढेर फर्किए।

बलेको आगो ताप्ने चलन चलचित्र क्षेत्रमा छ र अझ बढी छ। पहिलेका शिव श्रेष्ठ, भुवन केसी, सरोज खनाल, रमेश उप्रेती, करिश्मा मानन्धर, कृष्टि मैनाली, बिपना थापा आदि त्यतिबेला निकै बलेका थिए। चलचित्रमा उनीहरूकै बोलवाला थियो। चलचित्रको कथा र निर्देशकको टुंगो लागेको हुँदैनथ्यो, डेट्स नपाउने डरले उनीहरूलाई निर्माताले पहिले नै अनुबन्ध गरिसकेका हुन्थे। बरु पछि उनीहरूलाई सुहाउने गरी कथा तयार पारेर निर्देशक चयन गरिन्थ्यो। छायांकनस्थलमा पनि उनीहरूकै बिगबिगी थियो। सेटमा उनीहरूलाई 'स्टार ट्रिट' हुन्थ्यो। सुटिङमा पाकेको खाना नखाएर उनीहरूका लागि दरबार मार्गका बर्गर र स्याण्डविच लगिन्थ्यो।

अहिले पनि छायांकनस्थलमा त्यस्तै अवस्था छ। लाखभन्दा माथि पारिश्रमिक लिने पहिलो दर्जाका अभिनेता-अभिनेत्रीका लागि पहिलो दर्जाकै व्यवस्था हुने गरेको छ। राजेश हमालको छायांकन छ भने त त्यहाँको वातावरण नै फरक हुन्छ, लाग्छ कुनै राजा-महाराजाले चलचित्रमा अभिनय गरिरहेका छन्। उनी जस्ता पहिलो दर्जाका कलाकारका



लागि छाता ओढाउने 'छाते' को पनि व्यवस्था हुन्छ। प्याकिङ् फुड र चिसो पेय पदार्थ उनीहरूले नै खान पाउँछन्।

दर्जनौं चलचित्र, टेलिचलचित्रमा अभिनय गरिसकेका देशभक्त खनाल भन्छन्- 'यस्ता कुरामा अभ्यस्त भैसकेकाले पो हो कि म त्यसलाई मनभित्र लिन्नँ।' हालै एउटा चलचित्रको 'क्लाइमेक्स' मा मेकअप पोतेर नायक विराज भट्टको काम हेर्दै दिन बिताएको उनले बिर्सिसकेका रहेछन्, सम्झाउँदा उनले सम्झिए र हाँस्दै भने - 'हो त नि।' उनले सम्झिए कि त्यो दिन विराजको छायांकन जसरी पनि सकेर उनलाई 'फ्रि' गर्नु थियो, किनकि भोलिपल्टदेखि विराजले अर्कै चलचित्रमा व्यस्त हुनुपर्ने थियो। अहिलेका चल्तीका नायक निखिल उप्रेतीले अभिनय गरेको पहिलो चलचित्र 'पिँजडा' खनालले नै निर्देशन गरेका हुन्।

६० भन्दा बढी चलचित्रमा अभिनय गरिसकेका हास्यकलाकार उत्तम केसी आफूलाई दोस्रो दर्जाका अभिनेता मान्छन् र भन्छन्- 'बलेको आगो ताप्ने चलचित्र क्षेत्रमा हामीजस्ता कलाकारहरू निभ्न लाग्यौं भने फेरि फुकेर कोही बाल्न चाँहदैनन्, बरु पानी हालेर झ्याप्पै निभाइदिन्छन्।' उनले विगतमा चलचित्र 'कान्छी' को एउटा चर्चित गीत 'म त तिम्रो घनश्याम' मा नाचेर चर्चामा आएका हास्यकलाकार आनन्द थापाको उदाहरण दिंदै भने- 'उहाँजस्ता कैयन् कलाकार अहिले पनि संघर्षरत छन्।'

जयनन्द चन्द ठाकुरले प्रकाश थापाको निर्देशनमा पहिलो पटक चलचित्र 'जीवनरेखा' मा एउटा सानो तर महत्त्वपूर्ण भूमिका निर्वाह गरे। उनी नायिकालाई साथ दिन जब ट्रक लिएर आउँथे, दर्शकहरू खुसीले ताली बजाउँथे। ठाकुरले निर्वाह गरेको ट्रक ड्राइभरको भूमिकाले उनलाई पछिसम्म चर्चा दियो। दर्जनौं पटक उनले क्यामेरासामु अभिनय गरे। अहिले उनी अस्वस्थ छन्। उनीसँगै चलचित्र 'जीवनरेखा' बाट



उदाएका नायक शिव श्रेष्ठ नेपालका कहलिएका नायक भए।

अहिले शिव सडकमा महंगा गाडी कुदाएर हुइँकिरहेका हुन्छन्, जयनन्द जीवन गुडाउन सबैसँग सहयोगको अपेक्षा गरिरहेका छन्। शान्ति मास्के, गोपाल भुटानी आदिलाई पनि चलचित्र क्षेत्रमा दोस्रो दर्जामै उभ्याइएको छ। तब त लाखौं कमाउने पहिलो दर्जाका कलाकारहरूका सामु उनीहरूको अवस्था निरीह भएको छ। भविष्य उज्ज्वल छैन भन्ने थाहा हुँदाहुँदै पनि कलाको मोह त्याग्न नसकेका यस्ता 'सपोर्टिङ आर्टिस्ट' कै 'सपोर्ट' ले नै पहिलो दर्जाका कलाकारहरूको अभिनय पर्दामा उत्कृष्ट देखिने गरेको यथार्थप्रति सबैले आँखा चिम्लिएजस्तो छ।

**–सुव्रत**

---


साप्ताहिक



• साप्ताहिक-कुसुमे रुमाल क्विजको उत्तर आगामी शुक्रबारसम्म आइपुग्ने गरी साप्ताहिकको ठेगानामा पठाउनुहोला।
• कुपनमा पठाइएको उत्तर मात्र स्वीकार्य हुनेछ।
• विजेताहरूमध्ये गोलाप्रथाबाट पाँच जनालाई गोपीकृष्ण मुभिजका तर्फबाट निरक पौडेलद्वारा निर्देशित एवं सौर्यजित बास्कोटाद्वारा संगीतबद्ध चलचित्र 'नयाँ कुसुमे रुमाल'का सुमधुर गीतहरू संग्रहित एक-एकवटा अडियो सिडी वा क्यासेट प्रदान गरिनेछ। साथै पाँच जनालाई काठमाडौंको चाबहिलस्थित गोपीकृष्ण मुभिजमा प्रदर्शन भैरहेको चलचित्र 'रबने बनादी जोडी'का २-२ वटा टिकट प्रदान गरिनेछ।
• यो 'साप्ताहिक-कुसुमे रुमाल' क्विजका सर्त तथा नियमहरूमा सर्वाधिकार संयुक्त रूपमा कान्तिपुर पब्लिकेसन्स तथा गोपीकृष्ण मुभिजको रहनेछ।

क्विज- २

'कुसुमे रुमाल' का संगीतकार को थिए ?

..............................................

..............................................

नाम : ..............................

ठेगाना : ..............................

..............................

फोन नम्बर : ..............................


---

## अपवादले मार्‍यो बाजी

**साप्ताहिक समाचार**

काठमाडौं– एच आई भी / एड्सका बारेमा नेपालीहरूलाई जानकारी गराउन निर्माण गरिएका आठवटा छोटा चलचित्र पछिल्लो तीन महिनायता चर्चाको विषय बनेका छन्। देशभर प्रदर्शन गरिएका यी चलचित्र धेरै नेपाली दर्शकले हेरिसकेका छन्। आठ जना युवा निर्देशकले तयार पारेका आठ मिनेटभन्दा कम अवधिका यी चलचित्र पछिल्लो समय केही नेपाली टेलिभिजन च्यानलबाट समेत प्रसारण गरियो। स्कुल, कलेज तथा सार्वजनिक स्थलमा समेत प्रदर्शन गरिएका यी चलचित्रबाट दर्शकले मनोरञ्जन त पाए नै, साथै एड्सबाट जोगिने उपायका बारेमा पनि जानकारी हासिल गरे।



गत शनिबार सोल्टी होटलमा आयोजित एउटा विशेष कार्यक्रममा यी आठवटै चलचित्रमध्ये उत्कृष्ट चलचित्रलाई पुरस्कृत गरियो। दुई घण्टा लामो उक्त समारोहमा सबै चलचित्र प्रदर्शन पनि गरिएको थियो। प्रतिस्पर्धामा चलचित्र 'अपवाद' ले प्रथम स्थान हासिल गर्‍यो र पुरस्कृत भए निर्देशक पूर्णेन्दु झा। चलचित्र 'सोनाम' बाट आशिफ शाहले दोस्रो उत्कृष्ट निर्देशकको पुरस्कार जिते। अविनाशविक्रम शाहले भने 'हर्न प्लिज' चलचित्रबाट तेस्रो पुरस्कार हासिल गरे।

प्रथम पुरस्कार जित्ने 'अपवाद'मा एड्स रोक्न कन्डमको उपयोगिताप्रति सहरी युवाको बेवास्तालाई चित्रण गरिएको छ। 'सोनाम' मा भने चिनेका व्यक्तिसँग अथवा पहिलो पटक शारीरिक सम्पर्क गर्दा कन्डमको आवश्यता छैन भन्ने मान्यता राख्ने चिकित्सकको वास्तविकतालाई दर्साइएको छ। तेस्रो पुरस्कार जित्ने 'हर्न प्लिज' मा होटल साहुनीसँग निश्चिन्त यौनसम्बन्ध राख्ने यातायातकर्मीको कथालाई आकर्षक ढंगले चित्रण गरिएको छ।

छ महिनाअघि ८० आवेदकबाट छानिएका आठ निर्देशकले एड्स लाग्नबाट 'कोही पनि अपवाद हुँदैन' भन्ने विषयमा चलचित्र बनाएका हुन्। यूएस एडले प्रत्येकलाई ३ लाख रुपैयाँ प्रदान गरेको थियो। ५२ जिल्लाका डेढ सय सिनेमा हल तथा एड्स जोखिम क्षेत्र मानिने महेन्द्र राजमार्गका २२ जिल्लामा चलचित्र प्रदर्शन गरिएको चलचित्रका प्रवर्द्धक एनमार्क प्रोजेक्टका कपिल तमोटले बताएका छन्। उत्कृष्ट तीनवटै चलचित्रका विजेता निर्देशकलाई अमेरिकी राजदूत न्यान्सी पावेलले पुरस्कार प्रदान गरेकी थिइन्। तीनै जना विजेताले मुम्बईमा चलचित्र निर्माणसम्बन्धी तीनमहिने प्रशिक्षण लिन पाउनेछन्।

**म एक विवाहित युवक हुँ। मेरो दुई वर्षअघि अन्तर्जातीय विवाह भयो। त्यही कारणले मेरा बुवा-आमाले तँ हाम्रो छोरा होइनस्, तलाई हाम्रो नामको नागरिकता पनि दिदैंनौ, त्यो केटीलाई छोडिस् भने मात्र तँलाई छोरा मान्छौ र नागरिकता दिन्छौ भन्नुभएको छ। म उहाँहरूको यो कुरा मान्न तयार छैन, किनकी हामी एकअर्कालाई असाध्यै माया र विश्वास गर्छौं। अहिले हामी काठमाडौंको एउटा होटलमा काम गरी बसेका छौं। यदि मैले नागरिकता पाइन भने भविष्यमा राम्रो काम पनि पाउन सक्दिन र सधैं दुःख भोगेर बस्नुपर्ने हुन्छ। मैले आफ्नो सुखमय दाम्पत्य जीवनका लागि कस्तो कदम चाल्नु उपयुक्त होला ?**

**-कृष्ण**



पहिलो कुरा त तपाईंले अभिभावकहरूसँग विद्रोह गरेर अन्तर्जातीय विवाह गर्नुभयो र आफ्नो प्रेमलाई सफल पार्नुभयो। तपाईंलाई लिएर अभिभावकहरूका पनि अनेकौं सपना थिए होलान्। हुनसक्छ, यो विवाहले उहाँहरूका सपना चकनाचुर भए अथवा उहाँहरू जातकै बुहारीको कल्पनामा हुनुहुन्थ्यो होला। अन्तर्जातीय विवाह उहाँहरूलाई मन परेन। कतिपय अवस्थामा नातिनातिनाको जन्मपछि पहिले स्वीकार नगर्ने अभिभावकहरूले पनि स्वीकार गरेका उदाहरण पाइन्छन्। तपाईंसँग पनि त्यस्तो हुनसक्छ। जहाँसम्म नागरिकताको समस्या छ। यो प्रेम समस्या होइन। यद्यपि प्रेम तथा विवाहसँग सम्बन्धित भएकाले यसको समाधानका लागि मैले एक कानुनविद्सँग सल्लाह मागेकी थिएँ। बाबुआमाले आफ्नो सन्तानलाई नागरिकताका लागि सहयोग गर्दिन भन्न पाउँदैनन्। नाता प्रमाणित गर्न स्कुलका सर्टिफिकेट तथा अन्य कागजात पर्याप्त हुन्छन्। यसका लागि कानुनी बाटो अपनाउन सकिन्छ। यद्यपि समस्या समाधान सहज ढंगबाट होस् भन्ने प्रयास गर्नु सर्वोत्तम उपाय हुन्छ। आफ्ना जन्मदाताहरूसँग कानुनी लडाइँ लडेर जित्न सम्भवतः तपाईंको मनले पनि मान्दैन। यसमा तपाईंले कानुनविद्सँग सल्लाह लिन सक्नुहुन्छ।

## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

▶▶मुम्बईबाट झिकाइएको एक विशेष क्यामेराबाट छायांकन भएको चलचित्र 'गुरु दक्षिणा'को छायांकन कार्य सकिएको छ। हाल मुम्बईमा सम्पादन भैरहेको यो चलचित्रका निर्देशक रामराजा दाहाल हुन्। चलचित्र 'गुरु दक्षिणा'मा राजेश हमाल, रमित ढुंगाना र राजबल्लभ कोइराला गरी तीन जना नायक छन्। त्यसैगरी यो चलचित्रमा रवि गिरी, सञ्चिता लुइँटेल, सुषमा कार्की, हिउँबाला गौतम, सुलेमान शंकर आदि कलाकारको पनि उल्लेखनीय भूमिका छ। वसन्त सापकोटा तथा दीपानारायण झाद्वारा संगीतबद्ध यो चलचित्रको छायांकन राजु गौली तथा निरञ्जन अर्यालले संयुक्त रूपमा गरेका छन् भने चलचित्रमा योगेन्द्र श्रेष्ठको द्वन्द्व, विजय नकर्मी र कविराज गहतराजको नृत्य निर्देशन तथा सुवासिंह बस्न्यातको लेखन छ।

## जन्म दिनको शुभकामना



हेमन्त शर्मा : पुस ४ गते

▶▶चलचित्र द्वन्द्व तथा नृत्य प्रशिक्षक एसआर कासुला आफैं नायक भएका छन्। चलचित्रमा स्टन्ट तथा नृत्य कलाको लामो अनुभव बटुलेका कासुलाले हालसालै आफ्नै लगानीमा चलचित्र 'फाइटर'को छायांकन सम्पन्न गरेका छन् र उनी यही चलचित्रमा नायक भएका छन्। चलचित्र 'छायाँ'का निर्देशक महेश बरालले निर्देशन गरेको चलचित्र 'फाइटर'मा योगेन्द्र श्रेष्ठको द्वन्द्व निर्देशन हेर्न पाइनेछ।

## ● फिल्मी खबर ●

▶▶नायक विराज भट्ट आफ्नो गृहथलोमा सम्मानित भएका छन्। धनगढी महोत्सवका अवसरमा उनलाई धनगढी उद्योग वाणिज्य संघले सम्मान गरेको हो। आफ्नो जन्मथलोमा सम्मानित हुन पाएकोमा नायक भट्टले गौरवान्वित भएको बताए।

▶▶अभिनेता दिनेश शर्माले निर्माण गरिरहेको चलचित्र 'महान'को छायांकन कार्य सम्पन्न भएको छ। गतसाता काठमाडौंको चोभारमा अन्तिम दृश्यअन्तर्गत चलचित्रका नायक रोज राणाले खलनायकहरूलाई सखाप पारेको दृश्यको छायांकन गरी निर्देशक कृष्ण चापागाइँले 'इन्ड क्ल्याप' गराई छायांकन सकिएको घोषणा गरेका थिए। यो चलचित्रमा राणाका अतिरिक्त उषा पौडेल, झरना थापा, विराज भट्ट आदि कलाकारले अभिनय गरेका छन्। चलचित्रका छायाकार कृष्ण श्रेष्ठ हुन्।



# प्रेम ● मेरो अनुभवमा ●

## ऋचा घिमिरे

प्रेम भन्ने शब्दै मीठो छ। यो शब्द बोल्दा वा सुन्दा जो कसैको मन पुलकित हुन्छ। प्रेम जोसँग पनि हुनसक्छ वा गर्न सकिन्छ। आमा, बुवा, दाजुभाइ, दिदीबहिनी, साथीवर्ग जसलाई पनि तपाईं प्रेम गरिरहनुभएको हुन्छ। म पनि त्यस्तो प्रेम गरिरहेकी छु। यो शताब्दीमा आएर प्रेमको परिभाषालाई बदल्न खोजिएको छ। अहिले प्रेम भन्नेबित्तिकै केटा र केटीबीचको प्रेम मात्र बुझिन्छ। प्रेमको अर्थ गहिरो र गहन छ। आफन्तलाई प्रेम गर्नु स्वाभाविक हो तर कहिलेकाहीं पछि परिचित भएकासँग पनि आफन्तसँग भन्दा गहिरो प्रेम हुनसक्छ। लोग्ने-स्वास्नी, प्रेमी-प्रेमिका तथा मित्रताको सम्बन्धलाई यसको उदाहरण भन्न सकिन्छ।



मेरा लागि प्रेम 'अक्सिजन' अथवा बाँच्नका लागि चाहिने 'सिस्टम' हो। केटा र केटीको प्रेम भने एक जनासँगै आजीवन भएको राम्रो हो। अहिले प्रेम फेसन भएको छ। धेरै जनासँग लभ गर्नु र ब्रेकअप हुनुलाई अहिलेको पुस्ता गर्वको विषय मान्छन्। छाती फुकाएर धक नमानी आफ्नो प्रेम र विछोडको कुरा साथीभाइहरूलाई सुनाउँदा उनीहरू गौरवान्वित हुन्छन्। म यसलाई गलत मान्छु अनि अर्को कुरा, म यस्तो पेसामा छु, जहाँ हरेक दिन नौला-नौला मानिसहरूसँग भेट भैरहन्छ। तीमध्ये कतिपय मवाट आकर्षित हुन्छन्। हुनसक्छ, तीमध्ये कतिपयको व्यक्तित्वबाट म पनि आकर्षित हुन्छु होला। यसलाई प्रेम मान्ने कि नमान्ने ? वास्तवमा अहिले आकर्षणलाई नै प्रेमका रूपमा बुझिएको छ। आकर्षण र प्रेम दुई फरक विषय हुन्।

वर्तमान परिस्थितिमा मेरो कसैसँग प्रेम भएको छैन। आकर्षित भएँ होला, तर कामप्रति कटिबद्ध भएकीले प्रेमका बारेमा विचार गर्न पाएकी छैन। मलाई पनि रहर छ कि जोसँग प्रेम हुन्छ, उहीसँग मेरो विवाह होस्। यसैलाई म ठीक मान्छु। प्रेमको अन्तिम बिन्दु विवाह नै हो। विवाह नगर्ने सर्त राखेर प्रेम कदापि हुन सक्दैन, त्यो सम्झौता वा बाध्यता हो। अर्कातर्फ प्रेम र यौन दुई अलग कुरा हुन्। विवाहितका हकमा प्रेमको अन्तिम टुंगो यौन होला तर साँचो प्रेम गर्नेहरूमा त्यसो हुनुहुँदैन। मायामा हात समातेको भरमा पनि तृप्त भइन्छ। सम्पर्क नै राख्नुपर्छ भन्ने छैन। वास्तवमा भन्नुहुन्छ भने म आफूलाई प्रेमका मामिलामा निकै 'बोरिङ' मान्छे मान्छु। प्रेम मनले गरिन्छ, त्यसैले मनको कुनै उमेर नहुने भएकाले प्रेम गर्नका लागि पनि उमेरले छेकबार लगाउँदैन।

# नारी मासिकको पुस अंक



# बाटोमा हिँड्दा तपाईं महिलाको कुन अङ्ग हेर्नुहुन्छ ?



म प्रायः अनुहारमा ध्यान दिन्छु। कस्तो भने, सुरुमा अनुहार नै हेरिन्छ, खोइ किन-किन .....ए साँची अनुहार त अङ्ग भएन नि होइन ? म ....आँखा हेर्छु। आँखामा आकर्षण हुन्छ नि।

**दीपक लिम्बू, गायक**

बाटोमा हिँड्दा नर्मल्ली युवतीहरूलाई नियालेर हेर्न मिल्दैन। हेर्रें भने युवतीको स्मार्टनेस अनि आउट फिट हेर्छु। हेर्नैपरेपछि किन एउटा दुइटा अंग मात्र हेर्नु, होल बडी फिगर नै हेरिन्छ नि..... ।

**आर्यन सिग्देल, नायक**

## केवल एक प्रश्न

म आँखामा हेर्छु फुल कन्ट्याक्ट आँखामा हुने भएकाले होला, बाटोमा हिँड्दा म महिलाहरूको आँखामा ध्यान दिन्छु। आँखा जोसँग जुध्छ, त्यसको तत्काले रिजल्ट पनि आउँछ, त्यो अनुभूतिको मज्जा नै छुट्टै हुन्छ।

**सुमन सिंह, नायक**

खै हौ ? खै पार्टिकुलर, त्यस्तो हेर्ने गरिएको त छैन, तर लोग्नेमानिसहरूको ध्यान सबैभन्दा पहिले स्तनमै जान्छ जस्तो लाग्छ मलाई त ......।

**निमा रुम्बा, गायक**

आँखा होला नि, कुन भन्ने त ....आँखा, ओठ हेरिन्छ, त्यो भन्दा तल नजाऊँ होला, तपाईंले खोजेको उत्तर अलि आएन कि ? म्युजिक भिडियोका लागि फिगर भएकी युवती खोज्ने भन्दा-भन्दा आजभोलि फिगर मिलेकी युवतीमा ध्यान जान थालेको छ, यसलाई चाहिँ उत्तरमा राखू न है..... ।

**डिजे सन्तोष**

## जम्का भेट



सांगीतिक समूह 'मंगोलियन हार्ट' का गायक राजु लामा करिब डेढ वर्ष अमेरिका बसेर स्वदेश फर्किएपछि मंसिरको तेस्रो साता राजधानीमा पहिलो एकल सांगीतिक कार्यक्रममार्फत दर्शकमाझ प्रस्तुत भए। त्यसअघि दाङमा आयोजित एउटा कार्यक्रममा सहभागी भैसकेका गायक लामा पहिलो एकल कार्यक्रमपछि सिक्किम तथा धरानमा आयोजित सांगीतिक कार्यक्रममा सहभागी हुँदैछन्। समूहका तर्फबाट पाँचौं गीतिसंग्रह निकाल्ने अन्तिम तयारीमा समेत जुटेका गायक लामा पछिल्लो डेढ वर्षलाई आफ्नो जीवनको सबैभन्दा नराम्रो समयका रूपमा लिन्छन्।

**राजधानीको पहिलो एकल कार्यक्रम कस्तो रह्यो ?**

सोचेभन्दा सफल भयो। श्रोताहरूले मंगोलियन हार्टलाई अझै पनि उत्तिकै माया गर्नुहुन्छ भन्ने प्रमाणित भएको छ।

**सांगीतिक जीवनको पछिल्लो डेढ वर्षप्रति निराश देखिनुहुन्छ नि ?**

व्यक्तिगत रूपले भन्ने हो भने म निराश छैन, तर मेरो अमेरिका यात्राप्रति नेपालमा जुन प्रकारको हल्ला फैलाइयो, त्यसले म केही निराश भएको हुँ।

**त्यस्तो हल्ला कसरी फैलियो त ?**

वास्तवमा म सांगीतिक कार्यक्रमका क्रममा मंगोलियन हर्टका साथीहरूसँगै अमेरिका गएको थिएँ। केही समयपछि नै समूहका साथीहरू मेरो सम्पर्कबाट टाढा हुनुभयो। नेपालमा म अमेरिकामा लुकेको हल्ला चल्यो तर म लुकेको थिइनँ, परिस्थितीले नै मलाई त्यहाँ रोक्यो।

**तपाईंको कुरामा विश्वास गर्ने आधार के छ ?**

डेढ वर्षपछि म स्वदेशमा हुनु नै मेरो कुरामा विश्वास गर्ने मुख्य आधार हो। अब म स्वदेशमै बसेर सांगीतिक कर्ममा व्यस्त हुन्छु। अमेरिकाको ग्रीनकार्ड पाइसकेकाले त्यहाँ जाने-आउने क्रम जारी रहन सक्छ, तर ढुक्कै उतै गएर बस्ने कुनै योजना छैन।

**डेढ वर्षको समय कसरी बिताउनुभयो ?**

त्यो अवधिमा संगीतबाहेक मेरो अरू कुनै काम थिएन। सांगीतिक कार्यक्रमकै क्रममा म अमेरिकाबाट लन्डन, अस्ट्रेलिया र इजरायलसम्म पुगें। अहिले स्वदेशमा पनि सांगीतिक कार्यक्रममै व्यस्त छु।

**पुराना साथी अमेरिकामै हराएपछि मंगोलियन हार्टलाई कसरी अघि बढाउनुहुन्छ ?**

समूहमा नयाँ संगीतकर्मीहरू समावेश भैसक्नुभएको छ। नयाँ संगीतकर्मीहरूसँगै राजधानीमा एकल सांगीतिक कार्यक्रम पनि सम्पन्न भैसकेको छ। सांगीतिक समूहमा पुराना संगीतकर्मी गएपछि नयाँ आउने क्रम विश्वव्यापी ट्रेन्ड नै हो।

# हिट्स एवार्डमा रक संगीत उत्कृष्ट

**साप्ताहिक समाचार**

काठमाडौं– शनिबार दिउँसो साढे दुई नबज्दै भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा संगीतकर्मीहरूको घुइँचो लाग्न थालेको थियो, तर निर्धारित समयभन्दा झन्डै एक घण्टापछि मात्र प्रेक्षालयको पर्दा खुल्यो। सांगीतिक समूह 'वेद' का संगीतकर्मीहरूको लाइभ कन्सर्टसँगै 'हिट्स एफ.एम.म्युजिक एवार्ड २०६५' औपचारिक रूपमा प्रारम्भ भयो।

वर्षभरि रेडियोमार्फत श्रोतालाई गीत-संगीत सुनाइरहेकी रेडियो जक्की कला सुब्बा पुरस्कार वितरण समारोहमा आकर्षक शैलीमा प्रस्तुत भएकी थिइन्। नेपाल टेलिभिजनबाट समेत प्रत्यक्ष प्रसारण भएको करिब तीन घण्टा लामो कार्यक्रमकी एक्ली प्रस्तोता सुब्बाले प्रेक्षालयमा भेला भएका दर्शकलाई समेत आकर्षक उद्घोषणमार्फत दर्शकलाई बाँध्न सफलता प्राप्त गरिन्। पुरस्कारका लागि प्रत्येक विधामा पाँच जना संगीतकर्मी तथा गीतिसंग्रह मनोनयन परेका थिए। प्रेक्षालयमा राखिएको प्रोजेक्टरमा मनोनीत पाँचै जनाको परिचयात्मक क्लिपिङ प्रस्तुत गर्दा उपस्थित दर्शक विजेताको अनुमान गरिरहेका देखिन्थे, तर अचम्म के देखियो भने दर्शकले गरेका निकै कम अनुमान मात्र मिलेका थिए।

सांगीतिक समारोहमा धेरैको अनुमानविपरीत रक एन्ड रोल समूह 'मुक्ति एण्ड रिभाइवल' ले यस वर्षको हिट्स एफ.एम. म्युजिक एवार्डमा सर्वाधिक चारवटा एवार्ड जितेर सबैलाई आश्चर्यमा पार्‍यो। सर्वाधिक पाँच विधामा मनोनीत यो समूहले 'एल्बम अफ द इयर' बाहेक बाँकी चारवटै विधामा आफूलाई उत्कृष्ट साबित गर्‍यो। रक संगीत सिर्जना गर्ने यो समूहले सर्वोत्कृष्ट रक संगीत, रक गायन, समूह गायन तथा पप/रक एल्बम गरी चारवटा विधामा सर्वोत्कृष्ट एवार्ड जित्न सफल भएको थियो। गायक मुक्ति शाक्यलगायत समूहका चार जना संगीतकर्मी पटक-पटक एवार्ड थाप्न स्टेजमा गएको दृश्य आकर्षक देखिन्थ्यो। तेस्रो पटकको एवार्ड जित्दासम्म समूहका सहकर्मीले माइकमार्फत सबैलाई धन्यवाद दिइरहे पनि चौथो एवार्ड जितेपछि भने उनीहरूले धन्यवाद दिने बिर्सिएको देखियो।

### विजेताहरू

| | | |
|---|---|---|
| सर्वोत्कृष्ट नयाँ कलाकार | : | दावा गुरुङ |
| सर्वोत्कृष्ट पप संगीत | : | वन एमबि (स्कुल पाठशाला) |
| सर्वोत्कृष्ट रक संगीत | : | जब म सम्झन्छु (मुक्ति एन्ड रिभाइवल) |
| सर्वोत्कृष्ट संगीतकार | : | सरान छिनाम (बटुवा) |
| लोकएल्बम अफ द इयर | : | बिमल डाँगी (भाग्य फुट्यो ऐना फुटेझैं) |
| सर्वोत्कृष्ट चलचित्र संगीतकार | : | सुरेश अधिकारी (फूलको डाली, चलचित्र देवरबाबु) |
| सर्वोत्कृष्ट युगल गायन | : | रामभक्त/ईतु जोजिजु (त्यो कहिले घाम) |
| सर्वोत्कृष्ट समूह गायन | : | जब म सम्झिन्छु (मुक्ति एन्ड रिभाइवल) |
| सर्वोत्कृष्ट रक गायन | : | जब म सम्झिन्छु (मुक्ति एन्ड रिभाइवल ) |
| सर्वोत्कृष्ट महिला पप गायन | : | प्रतिमा राजभण्डारी (आयो है आयो) |
| सर्वोत्कृष्ट पुरुष पप गायन | : | सुगम पोखरेल (स्कुल पाठशाला) |
| सर्वोत्कृष्ट महिला गायन | : | कुन्ति मोक्तान (जुवारी कोटको) |
| सर्वोत्कृष्ट पुरुष गायन | : | कर्णदास (केही पल) |
| पप/रक एल्बम अफ द इयर | : | देख्दैछु (मुक्ति एन्ड रिभाइवल) |
| सर्वोत्कृष्ट एल्बम | : | मनको सपना (कुन्ति मोक्तान) |
| सर्वोत्कृष्ट रचनाकार | : | सरान छिनाम (बटुवा) |
| रेकर्ड अफ द इयर | : | तिमीबिनाको जीवन (नरेन्द्र प्यासी) |
| लाइभ टाइम एचिभमेन्ट एवार्ड | : | भक्तराज आचार्य |




समारोहमा पप गायक सुगम पोखरेल तथा गायिका कुन्ति मोक्तानले सर्वाधिक दुई-दुईवटा एवार्ड जितेर दोस्रो स्थानमा रहे। सुगमले नयाँ गीतिसंग्रह 'स्कूल पाठशाला' बाट सर्वोत्कृष्ट पप संगीतको एवार्ड जिते भने यही गीतबाट सर्वोत्कृष्ट पप गायकको एवार्ड पनि आफ्नो पोल्टामा पारे। महिला गायनको एवार्ड गायिका मोक्तानले प्राप्त गरिन्। उनको एल्बम 'मनको सपना' ले उत्कृष्ट एल्बमको एवार्ड जित्यो। गायक दावा गुरुङले नवोदित गायकको एवार्ड जिते। सर्वोत्कृष्ट संगीतकारको एवार्ड सरान छिनामको पोल्टामा पर्‍यो। संगीत संयोजकको एवार्ड फणीन्द्र राईले जिते। चलचित्र संगीतकारको एवार्ड सुरेश अधिकारीले जिते। उनले चलचित्र 'देवरबाबु' बाट यो उपाधि पाएका हुन्। रामभक्त जोजिजु तथा इतु जोजिजुले युगल गायनतर्फको एवार्ड जिते। महिला पप गायन एवं पुरुष गायनको एवार्ड क्रमशः प्रतिमा राजभण्डारी तथा कर्णदासको हातमा पर्‍यो। सरान छिनामको 'बटुवा' वर्षको उत्कृष्ट गीत बन्यो भने नरेन्द्र प्यासीले 'तिमीबिनाको जीवन' बाट रेकर्ड अफ द एयरको एवार्ड पाए। गत शनिबार सम्पन्न सांगीतिक समारोहमा भजन शिरोमणि भक्तराज आचार्यलाई लाइफ टाइम अचिभमेन्ट एवार्डबाट सम्मान गरिएको थियो।

कार्यक्रममा सर्वाधिक एवार्ड जित्ने मुक्ति एन्ड रिभाइवलका अतिरिक्त केही विधामा मनोनीत भएका गायक राजेशपायल राई तथा गायिका कला राईका अतिरिक्त कुनै पनि विधामा मनोनीत नभएका गायक निमा रुम्बा, गायिका श्रेया सोताडले पनि आफ्ना गीत-संगीत प्रस्तुत गरे। कार्यक्रममा निमा र श्रेयाले 'साँझमा पनि...' गीतलाई युगल शैलीमा गाएका थिए। लाइफ टाइम एचिभमेन्ट एवार्ड विजेता भक्तराजको सम्मानमा गायिका मीरा राणाले उनका केही गीत प्रस्तुत गर्दा कार्यक्रमस्थल शान्त देखिन्थ्यो। गायक दीप श्रेष्ठले लाइभ ब्यान्डसँगै 'बितेका कुराले...' प्रस्तुत गर्दा उनको हाउभाउ पप गायकको भन्दा कम आकर्षक देखिदैनथ्यो।

# कर्मर मर्काउँदै कोमल वली



सुदूर पश्चिम महोत्सवका अवसरमा धनगढीमा आयोजित सांस्कृतिक कार्यक्रममा कोमल वली सबैभन्दा आकर्षणमा रहिन् । गीत गाउने क्रममा कर्मर मर्काउँदै प्रस्तुत भएकी वलीलाई उपस्थित लाखौं दर्शकले उत्साहित गरेपछि दुई दिनका लागि पुगेकी कोमल अर्को एक दिन थप गरी तीन दिन धनगढी बसिन् । महोत्सवमा उनले दर्शकको मागकै कारण झ्वाँक तन्नेरी, पोइल जान पाम, राईझुमा, बिहे भा'छैन कसले मलाई लाने हो थाहा छैन गीत दुई-दुईपटक प्रस्तुत गरेकि थिइन् ।

पोखरा महोत्सवमा गीत गाएर धनगढी पुगेकी वलीले धनगढीको कार्यक्रमपछि भैरहवा महोत्सवमा पनि दर्शकलाई मनोरञ्जन प्रदान गरिन् । मंसिर २२ गते प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गरेको सुदूर पश्चिम महोत्सवका अर्का आकर्षण मनोज गजुरेल रहे । गजुरेलले प्रधानमन्त्री दाहालको क्यारिकेचर गर्दा दर्शकले उनको प्रस्तुतीलाई औधी मन पराएका थिए । कार्यक्रममा मेरी बास्सैका धुर्मुस, सुन्तली र माग्ने बूढाको प्रस्तुति पनि धेरैले मन पराए । त्यसैगरी हास्यकलाकार जितु नेपालको प्रस्तुति पनि जमेको थियो । 'मैले यति धेरै दर्शकमाझ गीत गाएको पहिलो अवसर हो,' अर्का लोकगायक बद्री पंगेनीले भने- 'सुदूर पश्चिमका जनतामाझ आफ्ना सृजना प्रस्तुत गर्न पाएकोमा असाध्यै हर्षित छु ।' सुदूर पश्चिम महोत्सवमा रेश्मा सुनुवार, राजु परियार, रामकृष्ण ढकाल तथा अविनाश घिसिङले पनि आफ्ना लोकप्रिय गीतहरू गाएका थिए ।

# मेला मधुगंगाको



भिरगाउँ (धनकुटा)- सदर मुकामदेखि ५ किलोमिटर उत्तर-पूर्वको भीरगाउँ गाविसस्थित मधुगंगा मन्दिर बेहुली सिंगारिएझैं सिगारिएको थियो। वर्ष दिनमा लाग्ने मेलाको चहलपहलसँगै सिँगारपटार गर्ने सरसफाइदेखी लिएर सम्पूर्ण कुराको व्यवस्था भएको थियो ।

धार्मिक तथा सांस्कृतिक विविधता भएको यस क्षेत्रमा वर्ष दिनमा लाग्ने यो मेलामा परम्परागत धान नाच्ने जोडीहरूको संख्या पनि उल्लेख्य थियो । आधुनिकतामा रम्ने युवापुस्ताको भीड र उनीहरूको मनोरञ्जनको तरिका पनि कम रोचक थिएन । बिहीबार, शुक्रबार र शनिबार गरी तीन दिनसम्म चलेको सो मेलामा बालक, युवा, वृद्धहरूको घुइँचो लागेको थियो । धनकुटा जिल्लाका विभिन्न गाविसलगायत तेह्रथुम, संखुवासभा, सुनसरीसम्मका मानिसहरू मेला भर्न आएको मेला व्यवस्थापन समितिले जनाएको छ । स्थानीय बूढापाकाहरूका अनुसार मंसिर पूर्णिमाको अवसरमा लाग्ने सो मेलामा अन्नको न्वागी खाने परम्परा छ । त्यसैगरी मेलास्थलमा भएको मन्दिरमा पूजा गर्नाले मरेपछि स्वर्ग जान पाइने जनविश्वास छ ।

**-भिषा काफ्ले**


# संगीतमय छिन्ताङ

छिन्ताङ (धनकुटा)- पूर्वको प्रसिद्ध ऐतिहासिक एवं धार्मिक स्थल छिन्ताङ गत साता संगीतमय वन्यो । रेडियो र एफएममा सुनेका गायक-गायिकाहरूसँग प्रत्यक्ष भेटेर सँगै गाउन र नाच्न पाउँदा खाल्सा क्षेत्रका जनता निकै खुसी देखिन्थे ।

विश्व मानवअधिकार दिवसको अवसर पारेर यसरी खाल्साली (खोकु, छिन्ताङ र आँखीसल्ला) जनता र राष्ट्रिय स्तरका गायक-गायिकाहरूलाई जुटाउने काम भने खोकु छिन्ताङ मानवअधिकार दिवस आयोजक समिति पूर्वाञ्चल र धनकुटाले संयुक्त रूपमा गरेको थियो । राई भाषाको गीतबाट स्थानीय गायकहरूले कार्यक्रम सुरु गरेका थिए भने गायक सजन राईले दुईवटा राष्ट्रिय गीत गाएर सहिदहरूप्रति श्रद्धा व्यक्त गरेका थिए । त्यसैगरी अर्की गायिका सजन राईले आफ्नै नयाँ एल्बमका दुई गीत गाएर दर्शकहरूलाई नचाएकी थिइन् भने लोकगायक महेश बुढाथोकीले चर्चित गीत काफलगेडी कुटुक्कै गाउँदा-गाउँदै उनी पनि नाच्न भ्याएका थिए । छिन्ताङ हत्याकाण्डका बारेमा रचिएको आफ्नै गीत खोकु छिन्ताङ दुख्यो कि अरुण सुसाउँदा गीत गाउँदै किशोर थुलुङ्गले कार्यक्रमलाई बिट मारेका थिए ।


कार्यक्रममा स्थानीय संस्कार र संस्कृतिमा आधारित झाँकीका साथै आँखीसल्ला गाविसको पञ्चैबाजा, छिन्ताङको साधु, मारुनी र ढोलकी नृत्य प्रस्तुत भएको थियो भने खोकुको ढोल र पापनी नृत्य प्रस्तुत गरिएका थिए ।

● पहिलो विश्व ●




## महिलाकै बढी साथी

पूर्वीय समाज होस् वा पश्चिमी समाज, जहाँ भए पनि यौनको प्रसंग निस्कँदा महिलाको तुलनामा पुरुषहरू बढी साथी परिवर्तन गर्छन् भन्ने मान्यता राखिन्छ, तर हालै विभिन्न पश्चिमी मुलुकका २१ वर्ष उमेर पुगेका युवा-युवतीहरूमा गरिएको सर्वेक्षणले यो मान्यतालाई गलत प्रमाणित गरेको छ । भर्खर २० वर्ष पार गरेका युवायुवतीहरूलाई केन्द्रित सर्वेक्षणमा के पाइयो भने युवाको तुलनामा युवतीहरूले बढी यौनसाथी परिवर्तन गर्ने गरेका छन् । सहभागी युवतीहरूले आफू २१ वर्ष पुग्दा ९ जना पुरुषसँग सम्पर्क कायम राखिसकेको बताएका थिए भने सोही उमेर समूहका पुरुषहरूले भने ७ जना फरक युवतीसँग सम्पर्क राखेको बताएका थिए । सर्वेक्षणमा सहभागी भएका २ हजार युवायुवतीमा एक चौथाइ युवतीले १० जना फरक युवासँग सम्पर्क राखेको बताए भने सोही अनुपातमा युवाहरूले भने ५ जना युवतीसँग मात्र सम्पर्क राखेको बताए । यो सर्वेक्षणमा सहभागी युवतीहरूमध्ये ३८ प्रतिशतले कन्डमको प्रयोग नगरी सम्पर्क राख्ने गरेको र १६ प्रतिशतलाई विभिन्न किसिमको यौनरोग लागेको तथ्य पनि प्रकाशमा आएको छ ।









## टाटु एक्सपो

हंगेरीको राजधानी बूढापेस्टमा हालै आयोजित टाटु एक्स्पोमा सहभागी भएकाहरूले आफ्नो शरीरमा बनाएका टाटुहरू प्रदर्शन गर्नुका साथै त्यहीं बसेर नयाँ टाटुसमेत बनाएका थिए ।

तस्विर- एजेन्सि

## निर्वस्त्र समुद्री तटको माग

विश्वमा निर्वस्त्र विचरण गर्न चाहने पर्यटकहरूको संख्या बढ्दै गएपछि विभिन्न राष्ट्रले आफ्नो देशको समुद्री तटको केही भागलाई छुट्टयाए, तर फ्लोरिडाको मियामी तटमा भने यस्ता समुद्री तट ज्यादै छन् । समुद्री तटमा निर्वस्त्र विचरण गर्न चाहने पर्यटकहरू फ्लोरिडा राज्य सरकारले यस्ता किसिमका तटको संख्या अझ बढाउनुपर्ने माग गरेका छन् । मियामीस्थित एउटा समुद्री तटमा लुगा लगाए पनि हुने वा निर्वस्त्र भए पनि हुने नियम छ, तर नेचुरिस्ट आन्दोलनमा लागेकाहरू यस्तो किसिमको विकल्पले यो अभियानलाई सहयोग नगर्ने बताउँछन् । उनीहरूका अनुसार यदि राज्य सरकारले यो विषयमा ध्यान दिए फ्लोरिडाको आय अझ बढ्नेछ, किनकि अहिले मियामीको यो समुद्री तटमा वार्षिक १४ लाख पर्यटक आउने गरेका छन् ।



## अन्त्यमा ...

अहिले अमेरिकी युवापुस्तामा टेक्नोसेक्सले प्रभाव पारिरहेको छ । प्रविधिको विकाससँगै आफूले प्रयोग गर्ने उपकरणहरूमा विभिन्न किसिमका सुविधा पाउन थालेपछि अमेरिकी युवाहरूमा टेक्नोसेक्सले लोकप्रियता पाएको हो । टेक्नोसेक्सका प्रयोगकर्ताहरूले मोबाइल क्यामेराबाट आफ्नो निर्वस्त्र फोटो र भिडियो खिची मल्टिमिडिया मेसेजमार्फत पठाउँछन् । १३ देखि १९ वर्ष उमेर पुगेका अमेरिकी किशोरकिशोरीहरूमध्ये प्रत्येक ५ जनामा एक जनाले प्रविधिको यस्तो प्रयोग गर्ने गरेको बताए । सर्वेक्षणमा सहभागी १ हजार २ सय ८० जनामा प्रत्येक १० जनामा ८ जनाले पूर्ण होसमा रहेर अश्लील तस्बिर, सन्देशहरू पठाउने गरेको बताए भने ७० प्रतिशतले म्यासेज पठाएपछि आफूले गल्ती गरेको महसुस गरेको जनाए ।



● सानो पर्दा ●

▸▸ कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको पर्यटनसम्बन्धी कार्यक्रम 'घुमघाम' को प्रसारण समय परिवर्तन भएको छ । बुधबार साँझ प्रसारण हुँदै आएको यो कार्यक्रम गत सातादेखि शुक्रबार साँझ ७:३० बजे प्रसारण हुन थालेको छ । यसअघि प्रभा अमात्यले सञ्चालन गरिरहेको यो कार्यक्रम अहिले भूषण दाहालले सञ्चालन गर्न थालेका छन् । कार्यक्रमका नयाँ श्रृंखलामा सञ्चालक दाहालले नेपाली दर्शकहरूलाई विदेशका आकर्षक ठाउँहरूको भ्रमण गराइरहेका छन् । यसबीच कान्तिपुर टेलिभिजनबाट शुक्रबार साँझ ७:३० बजे प्रसारण हुँदै आएको टेलिश्रृंखला 'कलेज' अब नयाँ समयमा प्रसारण हुने भएको छ ।

▸▸ नेपाल टेलिभिजनको लोकप्रिय हास्यटेलिश्रृंखला 'मेरी बास्सै' मा व्यवस्थापन तथा अभिनय गर्दै आएका कलाकारद्वय दीपेन्द्र घिमिरे एवं प्रवेश दाहालले 'रनभुल्ल' शीर्षकको हास्य टेलिचलचित्र निर्माण एवं निर्देशन गरेका छन् । विशेषत: सामाजिक विषयवस्तुलाई हास्यव्यंग्यात्मक ढंगले समेटिएको यो टेलिचलचित्रले अहिले चलिरहेका हास्य टेलिचलचित्रझैं लोकप्रियता पाउने कुरामा निर्देशकद्वय ढुक्क छन् ।

▸▸ गीतिसंग्रह उत्पादन गरिरहेको रिबेल क्रिएसनले टेलिभिजन कार्यक्रम पनि उत्पादन गर्न थालेको छ । रिबेलले निर्माण गरेको कार्यक्रम 'टिकी झ्याइँ' शनिबार साँझ ४:३० बजे नेपाल टेलिभिजन-२ बाट प्रसारण भैरहेको छ । यो कार्यक्रम चार जना उद्घोषिकाले सञ्चालन गर्छन् ।

▸▸ कान्तिपुर टेलिभिजनबाट मंगलबार राति ७:३० बजे प्रसारण भैरहेको मनोरञ्जनात्मक कार्यक्रम 'ग्ल्यामर गफ' मा चलचित्र क्षेत्रभन्दा बाहिरका व्यक्तिहरूलाई पनि अतिथि बनाउन थालिएको छ । चलचित्रका नायक-नायिकालाई प्राथमिकता दिइने अनुमान गरिएको बेला कार्यक्रममा राजनैतिक दलका नेतालगायत समाजका विभिन्न क्षेत्रमा ख्याति आर्जन गरेका व्यक्तिहरूलाई समेत निम्त्याउन थालिएकाले यो कार्यक्रम दर्शकमाझ लोकप्रिय हुँदैछ ।

▸▸ नेपाल टेलिभिजनबाट एउटा नयाँ पारिवारिक टेलिश्रृंखलाको प्रसारण प्रारम्भ भएको छ । मंसिर २५ गते बुधबारदेखि प्रसारण प्रारम्भ भएको टेलिश्रृंखलाको शीर्षक हो, 'माइती' । प्रत्येक बुधबार साँझ ७:२५ बजेदेखि प्रसारण हुने यो श्रृंखलाका लेखक तथा निर्देशक बाबुराम ढकाल हुन् । निर्देशक ढकालले दिएको जानकारीअनुसार यो श्रृंखलामा पारिवारिक कथा समेटिएको छ । श्रृंखलामा विवाह गरेर श्रीमान्को घरसम्म पुगेकी महिलाको माइतीसँगको सम्बन्ध कतिसम्म गाढा हुन्छ भन्ने विषयलाई आकर्षक ढंगले



चित्रण गरिएको छ । यो श्रृंखलामा सरिता लामिछाने, रमेश बुढाथोकी, शेखर कोइराला, अमृतजंग बस्नेत, नागेन्द्र रिजाल, उषा रजक, शैलजा पाण्डे आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

मैले जुन केटीसँग विवाह गरें नि, उसलाई मैले पत्रिकामा विज्ञापनमार्फत विवाह गरेको हुँ ।'

'अनि के त ?' साथीले सोध्यो ।

'म जब-जब पत्रिका पढ्छु ऊ सोच्छे म उसलाई धोका दिन खोज्दैछु ।'

०००

स्वस्थ एवं तन्दुरुस्त रहनका लागि मर्निङ वाकको महत्त्वको विषयमा बोल्दै एक वक्ता श्रोताहरूलाई भन्दै थिए ।

'पैदल हिँड्नु स्वास्थ्यका लागि अन्य एक्सरसाइजभन्दा राम्रो हो । यो कुनै पनि उमेरका मानिसले गर्छन् । मेरो हजुरबुबा ६५ वर्षदेखि हिँड्न थाल्नुभयो । अब उहाँ ८५ वर्षको हुनुभयो, तर उहाँ कहाँ हुनुहुन्छ थाहा छैन ।'

०००

एउटा मानिस मातेर हिँडिराखेको थियो । छेउमा एउटा सिपाही परेको बेला प्रश्न गर्‍यो ।

'ए हजुर, समय कति भयो ?'

सिपाहीले एक लठ्ठी टाउकोमा हान्यो र भन्यो- 'एक बज्यो गधा जँड्याहा ।'

'ऐया एक बज्यो ?' टाउको सुमसुम्याउँदै जूड्याहाले भन्यो- 'एउटा कुरा भनौं हजुर ?'

'के ?'

'धन्न मैले एक घण्टा अघि टाइम सोधिनछु ।'

०००


## मेरो कुरो

**युवतीको प्रस्तावलाई अस्वीकार गर्दा के-के भनिन्छ ?**

| भनेको कुरा | कुराको अर्थ |
|---|---|
| म बाल-ब्रह्मचारी हुँ | तँ नराम्री छस् |
| हामी राम्रो साथी त छँदै छौं नि | तँ नराम्री छस् |
| म सहकर्मीसँग त्यस्तो मित्रता मन पराउँदिनँ | तँ नराम्री छस् |
| तिमीसँग केही कमी छैन कमी त ममा छ | तँ नराम्री छस् |
| मेरो ध्यान अहिले केवल क्यारियर बनाउनेमा छ | तँ नराम्री छस् |
| मेरो अर्कै गर्लफ्रेन्ड छ | तँ नराम्री छस् |
| जीवनमा दुःखैदुःख छ, तिमीलाई दुःख दिन चाहन्नँ | तँ नराम्री छस् |
| हामी दुईको उमेरमा धेरै फरक छ | तँ नराम्री छस् |
| मैले त तिमीलाई आफ्नो बहिनी मानेको छु | तँ नराम्री छस् |
| मैले त तिमीलाई त्यस्तो कहिल्यै पनि सोचेको छैन | तँ नराम्री छस् |

## ● कविता ●

### प्रेम हो कि ?



प्रेमको गाढा नशामा आँखा चिम्लँदै
चौबीसै घन्टा उनकै नाम जपिरहनु प्रेम हो कि ?
मन जाओस्, धन जाओस्, जे जे जान्छ जाओस्
महमा माखो डुबेझैं चट्ट डुबिरहनु प्रेम हो कि ?
जता हेर्‍यो उसैलाई मात्र देखिने सदा पागलसरी
संसार बिर्सिई उनकै कल्पनामा भुलिरहनु प्रेम हो कि ?
सबै कुरा प्राप्त गर्ने आकांक्षामा कति कति भौंतारिनु
आखिरमा खाली हात नै फर्किई आउनु प्रेम हो कि ?
कस्तुरीजस्तै वनवन डुलेर विवश भई फेरि पनि
आफ्नै कस्तुरी आफैले नै खोजी हिँडिरहनु प्रेम हो कि ?
वसन्तको हरियाली थाहा छैन कसरी पाइएला जीवनमा
हरेक पल मरुभूमिहरूमै सफर गरिरहनु प्रेम हो कि ?
हृदयभरि अविराम चोट खाइरहनु प्रेम हो कि ?
बाँच्नु होइन पलपलमा मरिरहनु प्रेम हो कि ?

**– आकाशचन्द्र न्यौपाने**

### सहिद बन्नु नपरोस्

अझै यहाँ कसैले सहिद कोही बन्न नपरोस्
यस्तो नहोस्, हाम्रो पेटमा अन्न नपरोस्
बुद्धको छातीमाथि रगतको होली खेल्दै
सगरमाथा झुक्यो अरे भन्न नपरोस्
बाच्न पाऊँ स्वतन्त्र भै सामन्तलाई पन्छाएर
सन्तानको चिहान आफै खन्न नपरोस्
एउटा झिंगो मर्दैमा रच्छ्यान कहाँ रित्तिन्छ र
अरू झिंगा मर्ने दिन गन्न नपरोस्
सबै समान हुनुपर्छ, गणतान्त्रिक नेपालमा
कोही रित्तै कोही यहाँ टन्न नपरोस् ।

**– माधव विद्रोही**

### वितेका ती पलहरू

वितेका ती पलहरू सम्झन चाहन्न म
तिमीले खाएका बाचा अनि कसम बिर्सन सक्तिन म
हामी भेट्ने चौतारी अनि छहारी हेर्न चाहन्न म
तिमीले देखेका सपनाहरू
ती अतीत अनि सपनाहरू फेरि सम्झन चाहन्न म
वितेका ती पलहरू सम्झन चाहन्न म
तिमीले लेखेका पत्रहरू फेरि फेरि पढ्न चाहन्न म
वितेका ती पल सम्झी घाँटी रेटीरेटी मर्न चाहन्न म
फेरि फर्किआए त्यो माया फेरि मनमा लिन चाहन्न म
वितेका ती पलहरू सम्झी-सम्झी रुन चाहन्न म ।

**– समीर पाठक**

### पर्खी बसेँ



दिनरात कति बिते तिमीलाई पर्खी बस्दा
कहाँ गयौ तिमी अचेल मलाई पारी फन्दा
कति रहेछौ निष्ठुरी तिमी चोखो माया बिर्सने
तिमी अन्तै गयौ कति मैले पर्खने
तिम्रै सम्झनाले लाग्छ पिर बेस्सरी
तिम्रा बारेमा मैले थाहा पाउने कसरी
पर्खी बसेँ अहिलेसम्म तिम्रो ठेगान छैन
जति खोजी गरे पनि मैले तिमीलाई पाइनँ
पर्खी बस्नु कति मैले अब भयो अति
तिमी नै थियौ मेरो असल जीवनसाथी
कहाँ छयौ तिमी अहिले छिट्टै फर्की आउनु
हाम्रो चोखो माया प्रेम कहिल्यै नछुटाउनु ।

**– पेम्बा शेर्पा**

## फैसला



## ● लघु कथा ●

श्रीमती विश्वकर्मा खुब रिसाइन् 'चुरोटको धुँवा फुकेर मात्रै समस्या समाधान हुन्छ ?- 'म के गरौं त ?' चुरोट एष्ट्रेमा ठोस्दै डा. विश्वकर्मा श्रीमतीसँग जङ्गिए । उनलाई मुद्दा परेको थियो । श्रीमती चाहन्थिन् कि श्रीमान्ले डाक्टरी पेशा छोडेर राजनीति गरुन्, मन्त्री बनून्, तर डा. ले आफ्नो शपथ भुलेनन् ।

अदालतमा मानिसहरू खचाखच थिए । डा. विश्वकर्मामाथि गाउँका मानिसहरूले यस कारणले मुद्दा हालेका थिए कि उनले गैर-नेपाली रोगीहरूको पनि उपचार गर्थे । देशको सीमानामा अवस्थित अस्पतालमा पारि देशका बिरामीहरू पनि भर्ना गरिन्थ्यो, तसर्थ डा. विश्वकर्मामाथि मानव अधिकार हनन्को अपराधमा मुद्दा पर्‍यो ।

डाक्टर भएपछि सम्पूर्ण मानव जातिको सेवा गर्नुपर्छ । रोगी पनि स्वदेशी र विदेशी भनेर वर्गीकृत गर्न पाइन्छ ? नेपाली र गैरनेपाली भनेर भेदभाव गर्न मिल्छ ? दर्शकदीर्घामा खैलाबैला मच्चिन थालेको थियो । उनीहरू फैसला सुन्न आतुर थिए ।

सम्माननीय न्यायधीशबाट फैसला भयो 'प्रतिवादी डा. विश्वकर्मा निर्दोष हुनुहुन्छ । समाज सेवाको सीमारेखा हुँदैन । रोगी, रोगी हो । मानव अधिकार हरेक मानिसको मौलिक हक हो । एउटा डाक्टरले केवल रोगलाई हेर्छ, न कि मानिसको नागरिकता ।

**–सागर 'मणि' थापा**

# माईपोखरीवासीमा उत्साह

माईपोखरी रामसार क्षेत्र घोषित भएपछि इलामका बासिन्दाहरू उत्साहित भएका छन् । प्राकृतिक एवं जैविक महत्त्वको माईपोखरी अन्तराष्ट्रिय जगत्मा परिचित हुने अवसर पाएकोमा स्थानीय बासिन्दाले खुसी व्यक्त गरेका छन् । माईपोखरीको जैविक विविधताको रक्षासँगै पर्यटकको केन्द्रबिन्दु हुनेमा धेरै आशावादी छन् । दक्षिण कोरियाको चाङवाङमा भएको रामसार महासन्धिको दसौं बैठकले माईपोखरीलाई रामसार क्षेत्र घोषणा गरेको हो ।

'वर्षौंदेखिको पहल बल्ल पूरा भयो,' सरोकारवाला कमल मुखियाले भने । राज्यले गर्नुपर्ने कार्य स्थानीय स्तरबाटै सम्भव भएका कारण माईपोखरी रामसार क्षेत्र हुन सकेको उनको बुझाइ छ । 'यहाँको जैविक महत्त्वलाई बुझेर नै हामीले निरन्तर पहल गरेका थियौं,' मुखियाले भने । दुई वर्षअघि जेनेभामा पठाएको प्रस्ताव पारित भएकाले पनि स्थानीय बासिन्दाहरू खुसी भएको माईपोखरी धार्मिक वन समूहका अध्यक्ष कमल मुखियाले बताए । माइपोखरीलाई रामसार क्षेत्र घोषणा गर्न द इस्ट फउन्डेसन, माइपोखरी धार्मिक वन समूहलगायत सरोकारवाला संस्थाले केही वर्षदेखि प्रयास गरिरहेका थिए ।

रामसार क्षेत्र घोषणा भएपछि पालना गर्नुपर्ने न्यूनतम नियमहरूसँग स्थानीय बासिन्दाहरू अझै अपरिचित रहेकाले समस्या भएको माईपोखरी धार्मिक वनका अध्यक्ष पूर्ण मुखिया बताउँछन् । 'यो घोषणाले खुसीसँगै जिम्मेबारी पनि बढेको छ ।'

इलाम सदरमुकामबाट १३ किलोमिटर उत्तरमा रहेको माईपोखरी रामसार क्षेत्र भएपछि त्यहाँको विकास निर्माण र कार्ययोजना बनाउँदा जैविक विविधतालाई असर नपुर्‍याई गरिनुपर्ने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपसचिव झमकबहादुर कार्की बताउँछन् । माईपोखरीमा रैथाने गलैंचे, झ्याउ, रूख भ्यागुतो, ठकठकेजस्ता दुर्लभ जन्तु तथा वनस्पति पाइन्छन् भने ३ सयभन्दा बढी चराका प्रजाति पाइने विज्ञहरू बताउँछन् । २ हजार १ सय २१ मिटरको उचाइमा रहेको माईपोखरीमा दुई हेक्टर जलाशयसहित १२ हेक्टर क्षेत्रलाई जैविक विविधताका दृष्टिले संवेदनशील मानिएको छ ।

पोखरी र वरिपरि रहेका २१ वटा सिमसार गरी माईपाखरी सिमसार क्षेत्रलाई मुख्य दुई भागमा बाँडेर हेर्ने गरिएको छ । माईपोखरीको



इलाम सदरमुकामबाट १३ किलोमिटर उत्तरमा रहेको माईपोखरी रामसार क्षेत्र भएपछि त्यहाँको विकास निर्माण र कार्ययोजना बनाउँदा जैविक विविधतालाई असर नपुर्‍याई गरिनुपर्ने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपसचिव झमकबहादुर कार्की बताउँछन् । माईपोखरीमा रैथाने गलैंचे, झ्याउ, रूख भ्यागुतो, ठकठकेजस्ता दुर्लभ जन्तु तथा वनस्पति पाइन्छन् भने ३ सयभन्दा बढी चराका प्रजाति पाइने विज्ञहरू बताउँछन् । २ हजार १ सय २१ मिटरको उचाइमा रहेको माईपोखरीमा दुई हेक्टर जलाशयसहित १२ हेक्टर क्षेत्रलाई जैविक विविधताका दृष्टिले संवेदनशील मानिएको छ ।

जैविक संवेदनशीलतालाई मध्यनजर गरी गुरुयोजना बनाइएको पत्रकार गौतम बताउँछन् । यहाँको जैविक विविधता संरक्षणका लागि पोखरीक्षेत्रमा रहेको मोटरबाटोको वैकल्पिक व्यवास्था गरिनुपर्ने, रैथाने जीव एवं वनस्पति फस्टाउने व्यवस्था गर्नुपर्ने, जैविक मार्गको व्यवस्था गर्नुपर्ने जस्ता कार्यलाई प्राथमिकता दिनुपर्ने कमल मुखियाले बताए ।

'सन्धिअनुरूप व्यवस्थापन योजना सरकारले बनाउँछ,' विभागका उपसचिव शेरसिंह ठगुन्नाले भने । संरक्षित क्षेत्रमा पाइने पानी गोहोरो पाँचथरबाहेक नेपालका अन्य ठाउँमा पाइँदैन । गलैंचे झ्याउ अन्यत्र कतै सूचीकृत नभएको विज्ञहरूको भनाइ छ । पोखरीक्षेत्रमा दुर्लभ ओत, पीतमुहार चिचिल्कोटे, सानो सिबिया चरासमेत पाइन्छ ।

यस्तै पोखरीवरिपरि विभिन्न प्रजातिका गुराँस, १६ प्रकारका सुनाखरी, ६२ प्रकारका जडिबुटी पाइन्छन् । यसैगरी यहाँ ३ प्रजातिका रैथाने माछा, ६ प्रजातिका उभयचर, १२ प्रजातिका सरिसृप, १४ प्रजातिका स्तनधारी तथा ३ सय प्रजातिका चरा पाइन्छन् । हिमाली क्षेत्रका संरक्षित क्षेत्रमा कम्तीमा एउटा रामसार क्षेत्र घोषणा गर्ने विभागको सोचअनुसार पहिलो चरणमा गोसाइँकुण्ड, गोक्यु, फोक्सुन्डो तथा रारा ताल रामसार क्षेत्र घोषणा भएका छन् । नेपाल कोसी टप्पु वन्यजन्तु आरक्षणलाई रामसार क्षेत्र घोषणा गरी सन १९८७ मा रामसार महासन्धिको पक्ष राष्ट्र भएको हो । तराईमा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गतको चितवनको बीसहजारी ताल, कपिलवस्तुको जगदीशपुर जलाशय तथा कैलालीको घोडाघोडी ताल सन २००३ मा रामसार क्षेत्र घोषित भएका हुन् ।

**–विप्लव भट्टराई**





# सुटुक्कै गरिने विवाह

कीर्तिपुरकी शिला र पाँगाका सुरेशले हालै सुटुक्कै विवाह गरेका छन्। उनीहरूको बीचमा प्रेमविवाह नभए पनि कसैले थाहा नपाउने गरी सुटुक्कै विवाह भयो, शिलाको घरमा डेरा गरी बस्ने शिवप्रसाद बताउँछन्। काठमाडौं उपत्यकाको नेवार समुदायमा भोज र बाजा नराखी र जन्ती नबोलाई चुपचाप तवरले गरिने विवाहलाई सुटुक्क विवाह भनिन्छ। नेवार समुदायमा विवाहमा हुने अत्यधिक खर्च कम गर्न सुटुक्क विवाह गर्ने चलन छ।

केटाकेटीले एक-अर्कालाई मन पराएपछि र विवाह गर्न राजी भएपछि मात्र होइन, मागीविवाह पनि सुटुक्क गरिदिने चलन पुरानै हो, कीर्तिपुरका मदन महर्जन बताउँछन्। महर्जनका अनुसार यस्तो विवाह गर्दा साँझ केटापक्षका दुईदेखि पाँच-दस जनासम्म केटीको घरमा आउने अनि केटीपक्षका परिवारले केटा र केटीबीच स्वयंवर गरिदिने र उनीहरूलाई खाना खुवाई केटीलाई केटाको साथ लगाई पठाउने चलन छ।

विवाहमा हुने अनावश्यक खर्च कम गर्न हिजोआज मन्दिर तथा गुम्बामा विवाह गर्ने चलन बढेको छ। बालाजु डेरा गरी बस्ने गजेन्द्र थापा र पोखराकी ज्योति गुरुङले पनि खर्च कम गर्न गुह्येश्वरी मन्दिरमा विवाह गरे उनीहरूबीच अन्तर्जातीय विवाह भए पनि प्रेमविवाह भने होइन। गजेन्द्र भन्छन्- पुरानो चिनजान भएकी एक जना दिदीले ज्योतिसँग विवाहको कुराकानी मिलाइदिनुभएको हो। हातमा पैसा नभएपछि खर्च कम गर्न मन्दिरमा आएर विवाह गरियो।

पशुपतिस्थित गुह्येश्वरी मन्दिरमा वर्षौंदेखि पूजा र विवाह गराउँदै आएका ७५ वर्षीय रघुनाथ सुवेदीका अनुसार केटाकेटीको मन मिलेपछि अर्थात् विवाह गर्न राजी भएपछि जसरी विवाह गर्दा पनि हुन्छ। सुवेदी भन्छन्- नहुनेले ठूलो भोजभतेर र जग्गे गरेर विवाह गर्नुपर्छ भन्ने छैन। अन्तर्जातीय प्रेमविवाह होस् वा मागीविवाह, मन्दिरमा गरिएको होस् वा मञ्चमा गरिएको होस् अथवा सुटुक्क गरिएको होस् मुख्य कुरा विवाह गरिसकेपछि केटाकेटीको आपसी सम्झौता, सहकार्य, आत्मीय सम्बन्धका साथ सुखी, सफल र आनन्ददायक वैवाहिक जीवन बितेको हुनुपर्छ।

आफ्नो भविष्य र क्यारियरका बारेमा आफैंले निर्णय गर्न रुचाउने आजभोलिका युवायुवतीहरू आफ्नो जीवनसाथीको छनौट पनि आफैं गर्न चाहन्छन्। कतिपय युवायुवती अध्ययन सिध्याएर क्यारियर स्थापित भएपछि आफ्नो विवाह आफैंले गर्छन्। प्रायशः यस्तो विवाह गर्दा खर्च कम गर्न उनीहरू अनेक उपाय अपनाउँछन्। कोही मन्दिरमा, कोही मञ्चमा त कोही जिल्ला प्रशासन कार्यालयमा गएर विवाह गर्छन् तर मन्दिरमा सुटुक्क गरिने अधिकांश विवाह राजीखुसी नै हुने गरेको पाइन्छ। समयसँगै अन्तर्जातीय राजीखुसी विवाह गर्नेहरूको संख्या बढ्दै गएको छ। ठूलो भोजभतेर गर्ने, जग्गे गरेर विवाह गर्ने र दाइजोको तडकभडक गरेर विवाह गर्ने परम्परामा पनि परिवर्तन आएको छ।

अहिले के स्वदेशी, के विदेशी, के पहाडी, के मधेसी, के उपल्लो जात, के कथित तल्लो जात सबैसँग सबैको विवाह हुने गरेको छ। पहिले गाउँघरमा अन्तर्जातीय विवाह गर्दा केटाले केटी भगाएर विवाह गर्थ्यो। यसलाई सभ्य भाषामा गन्धर्व विवाह र तीतो शब्दमा पोइल जाने प्रथा भनिन्छ, तर अहिले भने मागेरै विजातीय विवाह हुन थालेको छ। कार्ड छापेर र बाजा बजाएर विजातीय विवाह गर्ने चलन पनि सहरी क्षेत्रमा सुरु भएको छ।

सामाजिक रूपान्तरणले गर्दा अब विवाहमा जातभात र ठूलो भोज चाहिन्छ भने बाध्यता छैन। अहिलेका युवायुवतीहरू रोजगार, शिक्षित, आत्मीय, माया गर्ने, सहयोग र साथ दिने व्यक्तिलाई आफ्नो जीवनसाथी रोज्न थालेकाले परिवार र आफन्तले नै सके मागेर वा टीकाटालो एवं स्वयंवर गरेर विवाह गरिदिन थालेका छन्। कोही भने वरवधूलाई देउताको थानमा लगेर विवाह गरिदिन्छन्। यसले गर्दा विवाहमा धेरै खर्च गर्ने, दाइजोको माग गर्ने, चिना खुट्याउने, जातभात छुट्याउने, धर्मसंस्कृति बार्ने चलन घट्दो छ। यसले गर्दा नै जातपातको भेदभाव, दाइजोको लोभ, धेरै खर्च गरेर विवाह गर्नेजस्ता कुरामा पनि परिवर्तन आउन थालेको हो।

यद्यपि गाउँघरमा अहिले पनि अन्तर्जातीय आफूखुसी विवाहलाई नरुचाउने समस्या एकातिर छ भने अर्कातिर तराईका गाउँमा विवाहमा धेरै ठूलो आर्थिक खर्च गर्नुपर्ने, नगद, गरगहना, जग्गा-जमिनलगायत जिन्सी इलेक्ट्रोनिक सरसामानहरू दाइजो दिनुपर्ने, गाउँ-समाज, आफन्त र जन्तीलाई दुई दिनसम्म भोज ख्वाउनुपर्नेजस्ता कुराका अतिरिक्त नातागोता, आफन्तहरूलाई लत्ताकपडा र उपहार दिनुपर्ने चलन कायमै छ।

तराईका महिला समुदायमा परनिर्भरता र शिक्षाको कमीका कारण छोरी-चेलीको विवाहमा धेरै ठूलो खर्च गर्नुपर्ने बाध्यता रहेको कीर्तिपुर क्याम्पसमा अध्ययनरत वीरेन्द्रकुमार मण्डल बताउँछन्। तराईका महिला समुदायमा जनचेतना, शिक्षा एवं आत्मनिर्भरताको विकास भए दाइजोलगायत ठूलो भोजभतेर खर्च गरेर विवाह गर्नुपर्ने गलत प्रथा क्रमशः हटेर जाने मण्डलले बताए।

-भोला महतो

# विवाहरूपी पाठशाला

विवाहपूर्वको जीवन स्वतन्त्र, मस्त र जिम्मेवारीबाट मुक्त हुन्छ। यही जीवनबाट जब महिलाहरू वैवाहिक जीवनमा प्रवेश गर्छन्, तब उनीहरू बिस्तारै नयाँ परिवेशका साथ तालमेल बसाउन थाल्छन्। विवाह महिलाको जीवनको एक अहम् पक्ष हो जसमा उनले आफ्नो भावी जीवनका सम्बन्धमा देखेका सपना, चाहना, इच्छा एवं आकांक्षालाई आफ्नो जीवनसाथीको सहयोग र सहकार्यमा पूरा गर्ने चाहना राख्छिन्।

विवाह अब मलाई धेरै सुख प्राप्त हुन्छ र मेरो जीवन अत्यन्त खुसीसाथ अघि बढ्छ भन्ने आशामा अघि बढ्छ। यद्यपि यी सबैका लागि धेरै मेहनत र समर्पणको आवश्यकता पर्छ। यी चाहना, इच्छा, अकांक्षाले तबसम्म मूर्तरूप हासिल गर्दैनन् जबसम्म उनी स्वयंले आफूलाई त्यसअनुसार ढाल्न सक्दिनन्। विवाहले उनलाई धेरै कुरा सिकाउँछ र सही अर्थमा भन्नुपर्दा परिपक्व बनाउँछ।

**व्यवहारमा परिवर्तन र परिमार्जन**

विवाहपूर्व व्यक्तिको व्यवहार फरक हुन्छ। उनी धेरैजसो आफ्नो क्यारियरका बारेमा सोच्छिन्। त्यसलाई सुदृढ गर्ने उपाय खोज्छिन्। स्वतन्त्रता उनको आधारसिला हुन्छ। विवाहपश्चात् भने उनको सोच एवं बानी-व्यवहारमा परिवर्तन आउन थाल्छ। बदलिंदो परिस्थिति एवं परिवेशले त्यो परिवर्तनलाई आवश्यक पनि बनाउँछ। बिस्तारै उनी आफ्ना पति, ससू-ससुराको आवश्यकता, रुचि र खुसीलाई प्राथमिकता दिन थाल्छिन्।

मनोवैज्ञानिकहरूका अनुसार धेरैजसो महिलाले आफ्नो माइतीमा कहीं कतै जाने, कुनै निर्णय लिने, घुम्ने आदि स्वतन्त्रता पाएकी हुन्छिन्। विवाहपश्चात् उनले आफूलाई भिन्न वातावरणमा पाउँछिन्। हुनसक्छ तुलनात्मक रूपमा पतिको घर-परिवार कैयन कुरामा रुढिवादी होला, अनुशासनप्रिय होला। यो फरक कुराले बुहारी बनेकी महिलालाई समस्या पर्न सक्छ तर सामन्जस्यताको प्रयास उनी स्वयं आफैंले गर्नुपर्ने कुरालाई नकार्न सकिंदैन।

आफूमा परिवर्तन ल्याउन सकिएन भने श्रीमान्को घर-परिवारमा आफ्ना लागि स्थान बनाउन गाह्रो पर्छ र समस्या बढ्दै जाने सम्भावना हुन्छ। यो परिवर्तन श्रीमान्को परिवारबाट हुनुपर्छ तर धेरै एडजस्टमेन्ट भने बुहारीले गर्नुपर्ने हुन्छ, किनभने उनी अरूको परिवारमा सहभागी हुँदैछिन्, त्यो परिवारको हिस्सा बन्दैछिन्। अतः कुनै एउटा हिस्साका लागि सम्पूर्ण परिवारले आफूलाई परिवर्तन गर्न सम्भव हुँदैन र सम्झौताको धरातलमा बुहारी बन्ने महिलाले बढी पहल गर्नुपर्छ। किनभने परिवारमा आफूलाई महत्वपूर्ण रूपमा प्रस्तुत गर्न उनले आफ्ना तर्फबाट बढी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

**स्वयंलाई बुहारीका रूपमा बुझ्नु**

उनी अत्यन्त उदार सोच भएको परिवारमा हुर्किएकी होलिन् तर विवाहपश्चात् हुनसक्छ उनी अत्यन्त अनुशासन पछ्याउने परिवारमा बुहारी बन्छिन्। यस्तो अवस्थामा स्वयं आफैंले आफ्नो सीमा तय गर्न सिक्छिन् कि कहिले कति र कुन हदसम्म आफूले सामन्जस्यता स्थापित गर्नुपर्ने हो। आफ्नो माइती र श्रीमान्को परिवारको सोचाइ, मान्यता र रहनसहनको फरक उनलाई महसुस हुन्छ। उनलाई महसुस हुन्छ कि उनी अब स्वतन्त्र छोरी नभै एक जिम्मेवार बुहारी भएकी छिन्। उनले आफ्नो सम्बन्धलाई निर्वाह गर्न सिक्छिन्। आफ्नो कर्तव्य र उत्तरदायित्वलाई राम्रोसँग बुझ्न थाल्छिन्।

**आफ्नो उपस्थितिको अनभुति**

बुहारी परिवारको अहम् हिस्सा हो भन्ने अनुभूति दिलाउन आफ्ना सम्पूर्ण इच्छालाई त्याग्नुपर्छ भन्ने छैन तर आफ्नो उपस्थितिको अनुभूति भने गहिराइबाट जगाउने प्रयास गर्नुपर्छ। कैयन अवस्थामा श्रीमान्को परिवारजन सम्झौता गर्ने मामिलामा उदासीन बन्न सक्छ, यस्तो परिस्थितिमा महिलाले आफ्ना श्रीमान्मार्फत् उनको परिवारमा सामाञ्जस्यता ल्याउने प्रयास गर्नुपर्छ।

प्रायः पुरुष आफ्ना मातापिता र पत्नीका बीच फस्छन्। तिनलाई गाह्रो महसुस हुन्छ। यो स्थितिमा यदि महिलाले आफ्ना सासू-ससुराका सम्बन्धमा बढी गुनासो गरे उनी आफ्नी श्रीमती र परिवारजन दुवैबाट टाढिने सम्भावना रहन्छ। अतः सम्झदार महिलाले विवेकशील ढंगबाट आफ्ना आवश्यकता र श्रीमान्को परिवारजनको विमती वा मतभिन्नताका सम्बन्धमा कुनै कुरा नलुकाई बताउनु आवश्यक छ र समस्याको समाधानका सम्बन्धमा पनि सल्लाह गर्नुपर्छ। यसबाट महिलाले आफ्ना श्रीमान्को आत्मविश्वास जित्न सक्छिन्।

**आफ्नो पहिचान बनाउने**

विवाहपश्चात् यदि कोही घरेलु महिलाका रूपमा सीमित हुन्छन् भने उनमा कुण्ठा जन्मन सक्छ, किनकि उनी शिक्षित महिला हुन्। त्यसैले आफ्नो रुचिलाई बढाउनुपर्छ र आफ्नो पहिचान बनाउनुपर्छ। विवाहपछिको जीवन परिवारको मात्र हो भन्ने छैन, किनकि उनको पनि आफ्नो जीवन छ। यो कुरालाई उनले कसरी प्रस्तुत गर्छिन्, महत्वपूर्ण हुन्छ।

उनको आफ्नो रुचि हुन्छ तर नयाँ परिवारको हिस्सा कसरी बन्न सकिन्छ भन्ने कुरामा प्रयत्नसील हुनुपर्छ। यदि परिवार खुसी भए साथ दिन्छ होइन भने आफ्ना बारेमा उनीहरूमा नकारात्मक सोच बढ्न सक्छ। जबसम्म एक-अर्काको पारिवारिक वातावरण, रीतिरिवाज, परम्पराको पृष्ठभूमिलाई बुझ्न सकिंदैन तबसम्म एडजस्ट हुन सकिंदैन।



**जिम्मेवारी बाँड्नुपर्छ**

कैयन अवस्थामा घरको सम्पूर्ण जिम्मेवारी बुहारीले नै सम्हाल्नुपर्ने हुन्छ। प्रायः ती परिवारमा यस्तो हुन्छ जहाँ आमाको मृत्युपश्चात् घर सम्हाल्नका लागि बुहारी भित्र्याइएको छ। यो बुहारीमाथि नै निर्भर गर्छ कि उनी स्वयं आफैं सम्पूर्ण जिम्मेवारी निर्वाह गर्न खोज्छिन् वा जिम्मेवारी बाँड्नतर्फ उन्मुख हुन्छिन्। घरका ठूला वा मान्यजनबाट र आफ्ना श्रीमान्बाट सहयोग, सहल्लाह लिएर बिस्तारै जिम्मेवारी निर्वाह गर्न थाल्नु राम्रो हुन्छ। जिम्मेवारी लिने व्यक्तिको सराहना गर्नु पनि आवश्यक छ। यसबाट उनलाई सहारा र उत्साह प्राप्त हुन्छ।

जुन परिवारमा बुहारीको सराहना हुँदैन, गल्तीका सम्बन्धमा झगडासम्म हुन्छ, त्यस्तो परिवारमा काम गर्ने र जिम्मेवारी निर्वाह गर्ने इच्छा हुँदैन। यस परिस्थितिमा परिवारमा जुन सदस्यसित आफू नजिक भइन्छ वा पतिको माध्यमबाट परिवारका अन्य सदस्यसामू आफ्ना कुरा ठीक ढंगबाट व्यक्त गर्नुपर्छ। आफ्नो मनमा लागेका कुरा स्पष्ट तर शालीन ढंगबाट अभिव्यक्त गर्नुपर्छ। हरेक समयमा सवाल-जवाफ गर्ने बानीले स्वयं आफ्नो मर्यादा गुमाइन्छ। कुरा र काम दुवै उत्तिकै महत्वपूर्ण हुन्छन्, जहाँ कुराले काम बन्दैन त्यहाँ कामबाट मन जित्न सकिन्छ, जहाँ कामबाट कुरा बन्दैन त्यहाँ आफ्नो अभिव्यक्ति स्पष्ट रूपमा मर्यादित ढंगबाट व्यक्त गर्नु बुद्धिमानी हुन्छ।

-रोजिन शाक्य

# तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?

यौवनबिनाको जवानी जस्तै लागिरहेछ ।

**भरत आले** (२२), **गोरखा**

हात्ती आयो हात्ती आयो फुस्सा ।

**रमेश राई, दोहा, कतार**

अझै धेरै कुरा भोग्न बाँकी नै छ तर पनि पहिलेको भन्दा अलि पृथक त अवश्य महसुस भैरहेछ ।

९७४००६७३४ (२०)

अत्यन्त समुन्नत र विकसित लागिरहेको छ ।

**अमृत सागर, पाल्पा**

खासै कुनै जनआकांक्षा पूरा भैरहेको छैन नयाँ भनेर मात्र के गर्नु ? नयाँ हुन पुरानो पात झर्नुपर्छ, अहिलेसम्म पुरानै पातले काम चलिरहेको छ, सोच उस्तै, फुट्या कौडी केही गऱ्या छैन, खाली कसरी कुर्सीमा जाने र मोजमस्ती गर्नेतिर छन् यहाँका जननिर्वाचित सदस्यहरू ।

**ठाकुरमान श्रेष्ठ, धादिङ**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पुरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
२. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
३. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
४. नेपालको राजनैतिक हिरो को हो ? किन ?
५. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
६. सबैभन्दा ठूलो धर्म के हो ?
७. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
८. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
९. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
१०. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?

यो प्रश्नको उत्तरचाहिँ कमरेड प्रचण्डज्यूसँग सोधे बताइदिनुहुन्थ्यो कि ?

**सरस्वती दनुवार, काभ्रे**

खै कहाँ छ नयाँ नेपाल ? तपाईंले पनि कस्तो प्रश्न गर्नुभएको ? उही नेता, उही पारा (जुन जोगी आए पनि कानै चिरेका) यो त, पुरानै नेपाल हो ।

**प्रवीण ज्ञवाली** (२०), **काठमाडौं**

सम्पादकज्यू, मलाई त नाम मात्र नयाँ भए जस्तो लाग्छ । पुरानै शैलीका व्यक्ति नै सत्तामा भएकाले केको नयाँ नेपाल हुनु ?

**दीपक थापा** (२०), **स्याङ्जा**

खै सम्पादकज्यू, के भन्नु ? लाज पो लाग्न थाल्यो । नेताहरूले आफूलाई मात्र नेपाली सम्झिएको हो कि क्या हो ? त्यस्तो त नहुनुपर्ने ।

**समशेरबहादुर राई** (१८)

साह्रै रमाइलो छ, जताततै बन्द, हडताल, चक्काजाम । त्यसैले विश्वमै नयाँ होइन नौलो नेपाल भएको छ ।

**टीकाराम अर्याल, स्याङ्जा**

अभाव नै अभावको राज्य जस्तो लागिरहेछ ।

**संदीप निरौला, सर्लाही**

साह्रै रमाइलो, किनकि जसले जे गरे पनि हुने, कुनै नियम र कानुनभित्र बस्नु नपर्ने, कसैको डर त्रास नहुने, बन्द र हडताल गर्न पाइने, भएकाले नयाँ नेपाल रमाइलै छ ।

**असीमबाबु श्रेष्ठ** (२२), **काठमाडौं**


के कोरियन केटा सँग वास्तविक जिवन विताउन चाहनुहुन्छ?
तपाईंको चाहना हामी पुरा गर्छौं ।
सम्पर्क
कल्चर म्यारिजव्युरो प्रा.लि.
४४६०३८१, ९८०३७८७०४४

कसलाई हुँदैन र ! सुन्दर हुने चाहना
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. ३,४९९/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal Hair Oil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १,४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,८९९/-
Global TV. Product Shop
पुतलीसडक, ( शंकरदेव क्याम्पस अगाडि )
कुमारीबैंकपछाडिफोन:४२४२०६१,४२३०८१५

जीन्दगीको खुसी
100% Handsome & Beauty
३ महिनामा ३ इन्चसम्म उचाई बढाउन सफल
Height Plus
अन्तराष्ट्रिय होलोग्राम सहित
उत्तेजना वृद्धि
100% आयुर्वेदिक औषधि
0% side effect 100% effective
रात परेपछि
नयाँ उमंग, नयाँ आनन्द
यौनः लिङ्को विकास, शीघ्र पतन, दुर्बलता
स्तनः बढाउन, घटाउन र टाइट गर्न
शरीरः ३ महिनामा 12kg घटाउन, बढाउन
कुलतः जाँड रक्सीबाट पूर्ण मुक्ति
4672065, 2084130
2172882, 9841883397

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्नदोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं


## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : अहिले म ३२ वर्ष र मेरी श्रीमती २८ वर्षका छौं । हाम्रो सात वर्षीय छोरा तथा पाँच वर्षीया छोरी छन् । हामीलाई सन्तानको रहर पुगिसकेको छ । सन्तानको रहर पूरा भए पनि हामी अहिले गम्भीर प्रकारको यौन समस्याले पिरोलिएका छौं । छोरी जन्मिएको चार/पाँच घण्टासम्म पनि साल (साथी) नझरेपछि डाक्टरले हात हालेर सफा गरिदिए । केही मात्रामा रगत बगे पनि पछि त्यो ठीक भयो । सुत्केरी भएको तीन महिनापछि सामान्य रजस्वला भयो अनि त्यसपछि बन्द भयो । नौ-दस महिनापछि श्रीमतीले एक्कासि तल्लो पेट दुख्यो भनिन् । डाक्टरले क्युरेट गर्नुपर्छ भनेपछि विराटनगरको एउटा अस्पतालमा त्यो पनि गरियो । छोरी जन्मिएको केही महिनादेखि नै श्रीमतीको यौन उत्तेजना शिथिल हुँदै गएको लक्षण देखिएको थियो । क्युरेट गरेपछि त यौन उत्तेजना बिल्कुलै हरायो । कमजोरीले हो कि भनेर श्रीमतीले महदेखि यार्सागुम्बासम्म सेवन गरिन् । विभिन्न आसन अपनाएर यौन सम्पर्क पनि गरियो, तर समस्या जस्ताको तस्तै रह्यो । कुनै अवस्थामा पनि श्रीमतीलाई यौन उत्तेजना हुँदैन, उनी निर्जीवझैं हुन्छिन् । मन नमिलेर हो कि ? माया-प्रेममा कमी आएर हो कि ? मप्रति घृणा जागेर हो कि ? भनी मानसिक कारणका बारेमा पनि छलफल गरियो, तर हरेक प्रयास असफल भयो । हुँदा-हुँदै उनको समस्या ममा पनि देखा पर्न थाल्यो । कहिलेकाहीं यौनसम्पर्क गर्ने इच्छा लागे पनि घिन लागेर वितृष्णा पैदा हुन्छ । यौनाङ्ग आफैं शिथिल हुन्छ । यस्तै हो भने समय बित्दै जाँदा हामी श्रीमान्-श्रीमती नै नपुंसकताको सिकार त हुने होइन ? भन्ने डर लागेको छ । यस्तो जिउँदो लासको कुनै औषधी उपचार छ कि ? हाल म तीन महिनादेखि कतारमा छु ।**

**–डी. एल. के. दोहा, कतार**

**उत्तर : यौनसम्पर्कमा श्रीमतीको इच्छा किन नभएको होला ?**

यौनइच्छा हुनु स्वाभाविक कुरा हो र यो पुरुष र महिला दुवैमा हुन्छ । यौनसम्पर्कलाई धेरैले शारीरिक सम्पर्क भने पनि यो मानसिक तथा शारीरिक दुवैको कुरा मिश्रित एक जटिल प्रक्रिया हो । सफल र सुखमय यौनसम्बन्धलाई निरन्तरता दिने कुरामा विभिन्न कुराले प्रभाव पार्छ । कुनै व्यक्ति यदि भयका कारणले यौनसम्पर्कमा संलग्न हुँदैन भने त्यसलाई Sexual Aversion भनिन्छ भने इच्छा नै नभै यौनसम्पर्क नराख्नुलाई Inhibited Sexual Desire भनिन्छ । यौनइच्छा नै कम हुँदा यौन क्रियाकलापमा संलग्नता अनि संलग्न हुने इच्छा दुवै कम हुन्छ । यसरी इच्छा नै कम हुँदा यौनसपना (स्वप्नदोष), यौन परिकल्पना, यौन उत्तेजक कुराप्रति ध्यान वा आकर्षण, यौन क्रियाकलापप्रतिको चाहनाको सचेतनता, आकर्षण, सम्भावित यौन साथी देख्नु, यौन क्रियाकलाप गर्न नपाएकोमा हताश हुनेजस्ता कुरा पनि हुँदैनन् वा कम हुन्छन् । यस अवस्थामा रुचि नै कम हुने भएकाले यौन क्रियाकलापको सुरुवात पनि नगर्ने हुन्छन् भने अर्काले सुरु गर्दा पनि सोलाई सजिलै स्वीकार गर्दैनन् । यी सबै भए पनि उनीहरू शारीरिक रूपमा यौनसम्पर्क राख्न सक्षम हुन्छन् ।

यौन उत्तेजना नै सुरु नहुनु वा यौनसन्तुष्टि प्राप्त गर्न बाधा पार्ने कुनै पनि कुराका शारीरिक, मानसिक वा दुवै कारण हुन सक्छन् । यौन उत्तेजना नै नभएको स्थितिमा योनिबाट रस आउने कुरै भएन । पाठेघर वा वरिपरी संक्रमण हुन गै यौन सम्पर्क नै पीडायुक्त हुने भएकाले महिलाले यौनसम्पर्क नै गर्न मान्दिनन् । केही दीर्घरोगले पनि यस्तो प्रभाव पार्न सक्छ । यस्ता मुख्य शारीरिक कारणहरूबाहेक प्रायःजसो अवस्थामा सामान्य रूपमा यौन क्रियाकलाप गर्न नसक्नुको पछाडि मानसिक कारण पनि हुन सक्छ । यौनप्रतिको गलत मानसिकता वा धारणा एक प्रमुख कारण हुनसक्छ । यौन क्रियाकलाप नै खराब हो भन्ने प्रभाव कसैलाई परेको छ भने ऊ सहजै यौनक्रियाकलापमा संलग्न हुन सक्दैन । आफैंभित्र मानसिक विरोधाभास भए यस्तो परिस्थिति आउन सक्छ । यौन दुर्व्यव्यवहार, बलात्कार वा कुनै आदरणीय व्यक्तित्ववाट यौनशोषणजस्ता निकै पीडायुक्त वा आघातपूर्ण पूर्व यौन-अनुभूतिहरूबाट गुज्रनुपरेको छ भने पक्कै यौनप्रति सकारात्मक सोचाइ हुने कुरै भएन । कतिपय महिलामा त पुरुष जातिप्रति नै घृणा उत्पन्न भएको हुनसक्छ । त्यसैगरी आत्मसम्मान पर्याप्त मात्रामा नहुँदा पनि आफूलाई अपूरो मान्ने तथा हीन भावनाले ग्रसित अवस्था पनि यसका कारण हुन सक्छन् ।

शिशुको जन्मपछिको रक्तश्राव अनि फेरि पाठेघर सफा गरिनुपर्ने स्थितिले तपाईंकी श्रीमतीलाई शारीरिक मात्र होइन, कत्तिको मानसिक चोट पऱ्यो ध्यान जानु आवश्यक छ । यस विषयमा पत्रमा खासै केही उल्लेख छैन । हुनसक्छ मनमा पुनः गर्भ रहे त्यस्तै होला कि भन्ने भय छ कि ? त्यसो भएमा यौनसम्पर्कमा संलग्न हुन जाँगर नै हुने भएन ।

तपाईंका अन्य घरेलु कार्यबोझ अनि दैनिक जीवनमा आइपर्ने तनावहरू जस्तै चिन्ता, निराशा, थकाइ, अन्तरव्यक्ति सम्बन्धको चिसोपन तथा दम्पतीबीचको तनाव आदि यसका कारण हुन सक्छन् । पारिवारिक जीवनका अन्य कतिपय कुरासँग पनि सम्बन्धित हुन सक्छ । यदि कुनै यस्ता कारण भए पक्कै तपाईंले त्यसलाई हटाउने प्रयास गर्नु नै हुनेछ ।

पत्रअनुसार तपाईं अहिले दोहामा हुनुहुन्छ । यस्तो स्थितिमा नियमित यौनसम्पर्क हुने कुरा भएन । तपाईंले प्रयास गर्नुभए पनि मानसिकतालाई नै बदल्ने कुनै खास गम्भीर प्रयास भएजस्तो बुझिएन । तपाईंले श्रीमतीको खुसीका लागि सम्बन्धलाई पारपाचुके गर्नसम्मको हदमा जान तयार रहेको कुरा गरेर ठूलो हृदय भएको देखाउन खोज्नुभएको छ, तर सम्बन्ध नै टुट्ने स्थितिले समस्या समाधानमा सहयोग गर्दैन, बरु यसले चिन्ता थप्छ जसको परिणाम नकारात्मक हुनसक्छ ।

यस्तो बेलामा आफूलाई सम्हाल्नु आवश्यक छ । श्रीमतीपछि सम्पूर्ण परिस्थितिका बारेमा सबैभन्दा बढी तपाईंलाई नै थाहा हुने भएकाले तपाईंको जिम्मेवारी बढी छ । श्रीमतीको चासो र चिन्ताका बारेमा राम्रोसँग बुझेर त्यसको समाधानको बाटो खोज्नु आवश्यक छ । विशेष गरेर दूरी र एक किसिमको श्रीमान् भएको स्थितिमा पनि एकल जीवन जिउनु सजिलो कुरा नहुन सक्छ । यसमा एक-अर्काको साथ र सहयोग चाहिन्छ । व्यक्तिअनुसार जीवनका विविध पक्षमा रुचि, चाहना फरक-फरक हुने जस्तै यौनसम्बन्धी कुरामा पनि रुचि फरक हुन्छ । फरक रुचि भए पनि एक हदसम्म सम्झौता गरेर साथ बस्नुपर्ने हुन्छ र यो सामाजिक नियम अनि मूल्य-मान्यताको दायराभित्र पर्ने कुरा पनि हो, तर यस विषयमा कुराकानी एवं सल्लाह नै गर्नुपर्छ ।

## ● सन्देश ●

किराँतहरूको महान् चाड उधौली फोल व्याँदर, साकेला, चासोक र चासुवाको पावन अवसरमा सम्पूर्ण किराँतजनमा सुख, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक शुभकामना ।

kirat4sunuwar@yahoo.com

प्रभ, येशु, खिष्टको शुभजन्मोत्सव तथा नववर्षको पावन अवसरमा हामी हाम्रा मित्र, शुभचिन्तक, मण्डली परिवार तथा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथ उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**इमानुयल तामाङ**

अनिल सिंह दाइ, आजभोलि तपाईंको कन्सर्ट हुँदैन ? मलाई तपाईंका गीत साह्रै मन पर्छन्, तपाईंसँग भेट्ने इच्छा पनि असाध्यै छ । पहिले त म विराटनगरमा थिएँ, तर अहिले काठमाडौं आएकी छु, कसरी भेट्ने होला ?

**सलिना**

विश्वास, रमण, हरि, सशाङ्क, सुनिल, श्याम, राम, प्रदीप, आनन्द, मनोज, प्रविन, भाष्कर, शंकर, सुनोज, युवराज, दीपक, सुरेन्द्र, निर्मललगायत



सबैलाई एकदमै सम्झिएको छु, तिमीहरूसँग हटिया गएको सम्झिरहन्छु । म अब अर्को वर्ष नेपाल फर्कन्छु त्यसपछि फेरि विदेश आउँदिनँ ।

**टीकाराम**

तमन्ना, तपाईंको जीवन सुखी र स्वस्थ रहोस् । हरेक पाइलाले सफलता पाऊन्, जन्मदिनको शुभकामना ।

**रविन**

**सूचना**

**नयाँ वर्ष २००९ र इसाई धर्मावलम्बीहरूको महान् पर्व क्रिसमसका अवसरमा आफ्ना इष्टमित्रहरूलाई साप्ताहिकमार्फत् शुभकामना सन्देश दिन चाहनेहरूले आफ्नो शुभकामना सन्देश साप्ताहिकको कार्यालयमा पठाउन सक्नुहुनेछ ।**

**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

## ● जीवनको गोरेटोमा ●

### पहिलो प्रेमपत्र

स्कुलको पहिलो दिन उनलाई कस्तो लाग्यो त्यो उनलाई नै थाहा होला । उनको त्यो पहिलो दिनले मलाई आजसम्म पनि आँखा रसाउने बनाएको छ, मन चिसो बनाएको छ अनि मलाई भावुक अर्थात् पागल बनाएको छ । मेरा अरू केटी साथीहरू पनि थिए तर उनमा मेरो भिन्नै तरिकाले नजर बस्यो । जुन म मौखिक अनि लिखित रूपमा व्यक्त गर्न सक्दिन, मात्र भावनामा व्यक्त गर्न सक्छु । उनको सादा एवं सरल व्यवहारले मेरो मन जितेको थियो ।

घर अलि टाढा भएकाले उनले होस्टलमा बस्ने निधो गरिन् । यो कुराले मलाई ज्यादै चिन्ता पार्‍यो, किनकि उनको होस्टल बसाइले गर्दा उनी हिँड्ने बाटो फरक पर्‍यो जसले गर्दा म स्कुल छुटेपछि उनलाई देख्नबाट पूर्णरूपमा वञ्चित हुन्थें अनि बिदाइका हात हल्लाउन पाउँदिनथें । त्यसैले मैले पनि उनको समीप रहने उद्देश्यका साथै अध्ययन समय बढाउने हेतुले होस्टलमै बस्ने निधो गरें । होस्टलमा उनी आक्कलझुक्कल मात्र देखा पर्थिन् तर म ज्यादै खुसी थिएँ, किनकि हामी एउटै भान्सा अनि एउटै छानामुनि रहन्थ्यौं । त्यसपछि मेरो आँट अलि दरिलो भयो अनि पत्र लेख्ने हिम्मत गरें । त्यही प्रेमपत्र नै मेरो आजसम्मको पहिलो अनि अन्तिम प्रेमपत्र सावित हुन पुगेको छ ।

**मेरो पत्रको व्यहोरा यस्तो थियो**

प्यारी साथी..., अचम्म लाग्ला, अपत्यार लाग्ला आज पुरानो साथीले नयाँ व्यवहार गर्दा, मेरी प्यारी साथी...। आराम रही आरामको कामनाका साथ आज म यी कापी र कलमको सहायताद्वारा तिमीसामु आउने प्रयास गर्दैछु । स्वागतरूपी भावनाका गुच्छा अर्पण गर्ने र नगर्ने कुरा तिम्रो हातमा छ ।

साथी..., जब तिमी कक्षा आठमा भर्ना हुन आयौ त्यही दिनदेखि मेरो आँखाको एउटा मात्र बाटो भयो । साँच्चै... यस्ता कुरा त अचम्मै हुँदा रहेछन् । हुन त कक्षामा अन्य केटी साथीहरू छन् तर खै किन हो मेरा आँखाले तिमीलाई भिन्नै तरिकाले देख्न थाल्यो । तिम्रा हरेक क्रियाकलापले मलाई भावुक बनाउँथे । यो सानो कागजको पानाको यो अर्थ नलाओस् कि म तिम्रो एसएलसीको तयारीमा रहेको समयलाई बिगारिदियोस् । ...बरु मेरो पत्रको अर्थ त यो छ कि तिम्रो तयारीको अवस्थामा थकान र अल्छीपनलाई यसले मेटिदियोस् अनि शीतलताको महसुस ल्याइदियोस् । ...यदि यो पत्रलाई असान्दर्भिक र गल्ती मान्छ्यौ भने पनि मलाई तिरस्कारको पात्र नबनाउनु । यो त मानिसको जवानीको जोस रहेछ । मेरो यो हिम्मत जवानीको जोसको नतिजा हो । त्यसैले यदि तिरस्कारको पात्र नै ठहराउनुपर्‍यो भने म व्यक्तिलाई नभई मेरो उमेरलाई ठहराउनु ।

धेरै-धेरै माया अनि सम्झनाका साथ म कलम बन्द गर्ने अनुमति चाहन्छु ।

**– जेबीआर**

यसरी मैले पत्र लेखेका चार वर्ष बितिसकेको छ । पत्र उनको हात पर्‍यो भन्ने कुरा पनि थाहा पाएँ तर कुनै प्रतिउत्तर आएको छैन । त्यो क्षण मलाई हिंजोजस्तो लाग्छ । म मेरो पहिलो प्रेमपत्रको प्रतिउत्तरको पर्खाइमा छु । उनकै सम्झना अनि एकतर्फी प्रेमले गर्दा मैले कक्षा १२ सकिएको थाहै पाइनँ अनि कक्षामा मलाई आफ्ना कुनै केटीसाथी छन् भन्ने जस्तो पनि लाग्दैन । मात्र उनको झझल्को थियो र आज पनि



त्यसैले सताइरहेको छ । म आजभोलि हावासरी उडी जाने चरीलाई खबर पठाउँछु कि मेरो पहिलो प्रेमपत्रको उत्तर छिट्टै आओस् । सकारात्मक अर्थको पत्र पाउँला भन्ने आशा त मरिसक्यो, तर पनि नकारात्मक उत्तर नै भए पनि पत्र पढ्न पाउने अवसर पाउने ठूलो धोको छ । त्यसपछि मात्र म यो माया-प्रेमको फाँटमा नयाँ कदम चाल्नेछु । नत्र मेरा लागि त्यही नै पहिलो अनि अन्तिम प्रेमपत्र सावित हुनेछ ।

**– जे.बी.आर.**

## ● साथी ●





# ऐतिहासिक टक्सार बजारको कथा

**शाहीमान राई**

टक्सार (भोजपुर)– भोजपुरको टक्सारबजारमा हिजोआज त्यति रमझम देखिँदैन । टक्सार बजारका घरहरू जीर्ण अवस्थामा देखिन्छन् । देवस्थल, मठमन्दिर, धारा, पाटी-पौवा, चैत्य, गुम्बा, बौद्ध विहारलगायत प्राचीन अवशेषहरू नष्ट हुने अवस्थामा छन् ।

दुई दशकअघिसम्म भोजपुरको ऐतिहासिक टक्सार बजारको रमझम बेग्लै थियो । यहाँ दर्जनौं धातुका उद्योग थिए । टक्सारको डबलीमा लाग्ने ऐतिहासिक डबली मेला प्रसिद्ध थियो । करिब १३ वर्षअघि आन्तरिक समस्याका कारण बन्द भएको उक्त मेला भोलि पुस ५ गतेदेखि फेरि सुरु हुने भएको छ ।

वि.सं १८७२ मा राजा गीर्वाणयुद्धविक्रम शाहको पालामा टक्सार खानी अड्डा स्थापना भएपछि बजारको रूपमा यहाँ बस्ती विकास भएको थियो । स्थानीय बासिन्दाहरूका अनुसार वि.सं १८७० सालदेखि तत्कालीन नेपाल सरकारले भोजपुर, खोटाङ, उदयपुर, ओखलढुङ्गा, सोलुखुम्बु, संखुवासभा, धनकुटा, तेह्रथुम, ताप्लेजुङ, इलाममा तामा, सिसा, पित्तल र फलामखानी उत्खनन गर्न थालेपछि टक्सार खानीअड्डा स्थापना भएको हो ।

यहाँ पाटनबाट ल्याइएका कालिगढद्वारा फलाम र तामाको डोली पैसा बनाइन्थ्यो । पैसा छाप्ने पहिलो कालिगढ देवदत्त शाक्य हुन् । टक्सारमा टक छाप्ने पेसामा शाक्यवंशले लामो समयसम्म योगदान गरेका थिए । एक तोला र दुई तोला तौलको उक्त पैसा राणाकालसम्म चलेको स्थानीय यशोधरा माविका प्रध्यानाध्यापक गणेश बज्राचार्य बताउँछन् ।

प्रधानमन्त्री भीमसेन थापाद्वारा स्थापित टक्सार खानीअड्डा धनकुटा प्रशासनिक केन्द्रअन्तर्गत चौदण्डी र माझकिराँतको खिकामछा थुम पर्थ्यो । किराँतकालीन खिकामछा थुमका राजा खिकाहाङको पालामा पाटनबाट आएका शाक्यहरूले टक्सारमा मूर्तिकला र हस्तकला उद्योग सञ्चालन गरेका थिए ।

स्थानीय शाक्य परिवारका अनुसार खिकामछामा टक छाप्ने मुख्य अड्डा भएकाले टक्सार नामकरण गरिएको हो । त्यतिबेला निर्मित दुई दर्जन मठमन्दिर, गुम्बा, चैत्य, बौद्धविहार, धारा, पाटी पौवा, हस्तकला र मूर्तिकलाका अवशेषहरू



टक्सारमा यथावत् छन् । संरक्षणको अभावमा अहिले यी अवशेषहरू जीर्ण अवस्थामा छन् ।

टक्सारमा निर्मित करुवा, तामाको भाँडा, गाग्रो, काँसको थाल, लोटा, आमखोरा, अन्टी, गिलास, कचौरा, डवका र खुकुरी प्रसिद्ध छ, तर यति बेला यहाँबाट अधिकांश कालिगढ पलायन भैसकेका छन् । कालिगढहरू पलायन भएपछि मूर्तिकला र हस्तकलाको उद्योग धराशायी भएको छ । हिजोआज एक दुई जनाले मात्र यो पेसालाई निरन्तरता दिएका छन् । स्थानीय स्तरमा खानी सञ्चालन नभएकाले तराईबाट भरियाद्वारा ढुवानी गर्दा महँगो पर्ने हुँदा भएका उद्योगहरू पनि बन्द हुने अवस्थामा रहेको हस्तकला व्यवसायी बुद्धराज शाक्यले बताए ।

भोजपुरको टक्सार तिब्बतको व्यापारिक केन्द्र दिगर्चा जाने अर्को मुख्य बाटो थियो । टक्सारमा निर्मित हस्तकलाका सामग्रीहरू नेपालमा मात्र होइन, चीनको तिब्बत र भारतको दार्जीलिङ, आसाम, सिलिगुडी तथा कलकत्तासम्म निर्यात गरिन्थ्यो । पाटनबाट टक्सारमा आएका नेवारहरूले आफ्नो भाषा, धर्म, संस्कार, संस्कृति र परम्परागत मूल्य-मान्यताहरू सँगै ल्याएका थिए । उनीहरूको गुम्बा, चैत्य, बौद्धविहार, शाक्यमुनि विहार, भीमसेनको घण्टा, करुणामय मन्दिर, अजिमा मन्दिरमा दाफा भजन, नामसंगीति, स्तोत्रपाठ, ज्ञानमाला भजन गाउने र पूजा गर्ने परम्परा अझै छ । नेवारहरूले लाखेनाच, बुद्धजयन्ती,



गाईजात्रा, मत्या, कृष्णजात्रा र भीमसेनजात्रा मनाउने गरेका छन् ।

टक्सारमा बौद्धमार्गी नेवारजातिको बाहुल्यता छ । काठमाडौं र ललितपुरका नेवारले जस्तै टक्सारका नेवारहरूले गुंला पर्व, वसुन्धरा व्रत, गाईजात्रा, लाखेजात्रा, इन्द्रजात्रा, दसैं, तिहार चाडपर्व मनाउने गरेका छन् ।

सदरमुकाम भोजपुरदेखि एक घण्टा पैदल दूरीमा रहेको विमानस्थल पनि टक्सारमै छ । ऐतिहासिक टक्सार बजारको उचित संरक्षण भए पर्यटकीय स्थलका रूपमा विकास गर्न सकिने अधिवक्ता प्रकाशचन्द्र शाक्य बताउँछन् ।

# कछुवाको गतिमा जिम्न्यास्टिक





● यशु श्रेष्ठ

अंग्रेजी शब्द 'जिम्न्यास्टिक' ग्रीक शब्द 'जिमनोस' बाट विकसित भएको हो, जसको अर्थ नाङ्गै खेलिने खेल वा नाङ्गै कला प्रदर्शन गर्ने खेल हो। प्राचीन ग्रीसबाट विकसित यो खेल सन् १७९३ मा जर्मन विद्वान 'जे.सी. गट्स' ले 'जिम्न्यास्टिक फर योङ' लेखेपछि मात्र 'जिम्न्यास्टिक' शब्दबाट परिचित भएको हो। त्यसकारण गट्सलाई 'जिम्न्यास्टिकका पिता' मानिन्छ। अन्तर्राष्ट्रिय क्षेत्रमा सन् १८८१ मा 'अन्तर्राष्ट्रिय जिम्न्यास्टिक महासंघ (एफआईजी) को स्थापना भएपछि सन् १८९६ मा ग्रीसको राजधानी एथेन्समा आयोजित प्रथम आधुनिक ओलम्पिक खेलमा जिम्न्यास्टिकलाई समावेश गरिएको थियो। जिम्न्यास्टिक सन् १९३२ को 'लसएन्जलस' ओलम्पिकदेखि आधुनिक रूपमा स्थापित हुँदै गयो।

अन्तर्राष्ट्रिय स्तरमा जिम्न्यास्टिक खेलको स्थापना शताब्दिऔं पहिले भए पनि नेपालको परिप्रेक्ष्यमा हेर्दा सन् १९७० को दशकतिर मात्र जिम्न्यास्टिक खेलले प्रवेश पाएको हो। जापानी स्वयंसेवी संस्थाका तर्फबाट जापानी स्वयंसेवकहरू हात्तोरी तादासा, मासातो मोरी आदिले सीमित सामग्री प्रयोग गरी नेपाल प्रहरीका जवानलाई खुला चौरमा प्रशिक्षण गराई यो खेल नेपालमा थालनी गरेका थिए। तत्पश्चात वि. सं. २०३७ सालमा राष्ट्रिय खेलकुद परिषद्मा 'नेपाल जिम्न्यास्टिक संघ' को स्थापना भएको थियो।

संघको स्थापना भएको पहिलो वर्षको अवसरमा वि.सं. २०३८ सालमा पर्साको वीरगन्जमा पहिलो राष्ट्रिय प्रतियोगिता सम्पन्न भयो। त्यसपछि २०३९ सालमा काठमाडौं, २०४०/४१ मा पोखरा, ०४२ मा पुनः वीरगन्ज, ०४४ मा पोखरा, ०४५ मा काठमाडौं, ०४६ मा विराटनगर गरी हालसम्म १३ वटा मात्र राष्ट्रिय प्रतियोगिता सम्पन्न भएका छन्। संघले वार्षिक रूपमा राष्ट्रिय प्रतियोगिता आयोजना गर्नुपर्ने भए पनि हाल दुई-तीन वर्षको अन्तरालमा एकपटक मात्र राष्ट्रिय प्रतियोगिता हुने गरेको छ।

राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत केन्द्रीय जिम्न्यास्टिक प्रशिक्षण केन्द्रले काठमाडौंको रंगशालामा जिम्न्यास्टिकको प्रशिक्षण गराइरहेको छ भने नेपालका विभिन्न जिल्लामा जिल्ला खेलकुद विकास समितिको निर्देशनानुसार जिम्न्यास्टिक प्रशिक्षकको नियुक्ति गरी प्रशिक्षण गराउने कार्य भए पनि अधिकांश जिल्लामा प्रशिक्षण हुन सकेको छैन।

जिम्न्यास्टिकमा पुरुष विधातर्फ फ्लोर, लङ हर्ष, पोमेल हर्ष, रोमन रिङ, प्यारालल वार र होरिजेन्टल बार गरी ६ विधा हुन्छ भने महिलातर्फ फ्लोर, विम, लङ हर्ष र विमेन वार गरी चारवटा विधा भए पनि नेपालमा प्रशिक्षकको अभावमा सबै विधामा प्रशिक्षण हुन सकेको छैन। जिम्न्यास्टिकका लागि आवश्यक सामग्रीहरू महँगो पर्ने भएकाले पनि सम्पूर्ण प्रशिक्षण केन्द्रमा पूर्ण रूपमा सामग्रीहरू उपलब्ध छैनन्। यतिसम्म कि केन्द्रीय जिम्न्यास्टिक प्रशिक्षण केन्द्र, काठमाडौंमा पहिले जे-जति सामग्री उपलब्ध थिए, तिनै पुराना सामग्रीहरूद्वारा प्रशिक्षण गराउनुपर्ने बाध्यता छ।

विभिन्न समस्याबाट गुज्रिएका कारण जिम्न्यास्टिकले नगण्य मात्रामा मात्र अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागिता गर्ने गरेको छ। ओलम्पिक वा वर्ल्ड च्याम्पियनसिपजस्ता प्रतियोगितामा अहिलेसम्म नेपालका तर्फबाट जिम्न्यास्टिक खेलले भाग लिन पाएको छैन भने सार्कस्तरीय प्रतियोगीताहरूमा समेत न्यून मात्रामा मात्र भाग लिएको छ। नेपालले सन् १९९८ मा प्रथम सार्क अन्तर्राष्ट्रिय जिम्न्यास्टिक प्रतियोगितामा भाग लिँदा नेपालका राजेश्वरमान स्थापितले फ्लोर र रोमन रिङ्स विधामा दुई कांस्य पदक प्राप्त गर्नुबाहेक अन्तर्राष्ट्रिय प्रतियोगिताबाट पदक भित्र्याउन सकेको छैन।

अन्तर्राष्ट्रिय जिम्न्यास्टिक महासंघले नेपालका जिम्न्यास्टिक प्रशिक्षकहरूको क्षमता वृद्धि गर्न सोलिड्यारीटी कोर्स पनि सञ्चालन गर्दै आएको छ। नेपालमा हालसम्म यस्तो किसिमको कोर्स जम्मा दुई पटक मात्र सञ्चालन हुन सकेको छ।

अहिले नेपाली जिम्न्यास्टिकलाई निजी स्तरका विद्यालयहरूले जोगाइरहेका छन्। जिम्न्यास्टिक खेलमा देखिएको खेलाडी अभावलाई केही हदसम्म राहत दिन नेपालकै पहिलो र एक मात्र निजी स्तरको जिम्न्यास्टिक क्लब 'निशान जिम्न्यास्टिक क्लब' २०६१ देखि सञ्चालनमा आएको छ। नेपालमा जिम्न्यास्टिक खेलको गति हेर्ने हो भने यो अझै पनि कछुवाकै चालमा छ।

**(श्रेष्ठ जिम्न्यास्टिक खेलका प्रशिक्षक हुन्।)**



## कतारबाट सहारालाई सहयोग


पोखरा- कतारवासी नेपालीले सहारा क्लबको सहारा एकेडेमी निर्माणका लागि आर्थिक सहयोग गरेका छन्। कतारका विभिन्न कम्पनीमा कार्यरत नेपालीले सहयोग रकम संकलन गरेका थिए। उनीहरूले संकलन गरेको ४ लाख २१ हजार ८ सय ६९ रुपैयाँ सहाराका अध्यक्ष विक्रम थकालीलाई हस्तान्तरण गरिएको छ। क्लबले २०६१ देखि विभिन्न २५ जना असहाय बालकलाई अध्ययन तथा फुटबल प्रशिक्षण सुविधा दिरहेको छ।

क्लबको उदाहरणीय काममा साथ दिन सहयोग गरेको रकम संकलन समितिका संयोजक वीरभद्र आचार्यले बताए। 'वैदेशिक रोजगारमा भए पनि सहाराको खेलकुदको योगदानलाई बिर्सन सकेनौं र सहयोग संकलनमा लाग्यौं,' आचार्यले बताए। क्लबले बालबालिकालाई फुटबल सिकाउन एकेडेमी भवन र मैदान निर्माण गर्न लागेको छ। अनाथ, असहाय तथा सडक बालबालिकाका लागि फुटबल प्रशिक्षणसँगै अध्ययनमा समेत सहयोग पुर्याइरहेको क्लबका अध्यक्ष विक्रम थकालीले बताए। पोखरा उपमहानगरपालिका-१७ को दोबिल्लामा बन्ने उक्त भवन सुविधासम्पन्न हुने जानकारी क्लबले दिएको छ।

● मैदान बाहिर ●

## प्रेमिकालाई कार





अस्ट्रेलियन क्रिकेट टिमका उपकप्तान माइकल क्लार्कले आफ्नी प्रेमिका लारा ब्रिङ्गललाई ३ लाख डलर पर्ने कार उपहारमा दिएका छन्। स्पिडो कम्पनीकी ब्रान्ड एम्बेसडर मोडल ब्रिङ्गललाई क्लार्कले उपहारस्वरूप दिएको एस्टोन मार्टिन कार अहिले उनी चढेर हिँड्न थालेकी छिन्। यसअघि अर्कै जिप चढ्ने ब्रिङ्गलको जिप बाटोमा बिग्रिएपछि क्लार्कले उनलाई उपहारस्वरूप मार्टिन कार दिएका हुन्। स्पोटी प्रकारको यो कारमा दुईवटा मात्र सिट छ र यो कारले ५ सेकेन्ड भित्र १ सय किलोमिटर प्रतिघन्टाको गति लिन सक्छ। केही साताअघि अस्ट्रेलियाका सञ्चारमाध्यमहरूले क्लार्क र ब्रिङ्गलले स्वयंवर गरेको समाचार प्रकाशित गरेलगत्तै कारको समाचार सार्वजनिक भएपछि उक्त कुराको स्वयं खण्डन भएको अनुमान गरिएको छ। कार उपहारमा दिएपछि क्लार्क र ब्रिङ्गलबीच प्रेम प्रगाढ हुँदै गएको संकेत मिलेको छ।

आफ्नो प्रेमीले दिएको कार चढेर बजारमा निस्किएलगत्तै ब्रिङ्गलले अति व्यस्त सडकमा गाडी रोकेर किनमेल गर्ने प्रयास गरिन्। उनलाई पच्छ्याइरहेका पापाराजी फोटोग्राफरहरूले घेरेर उनको फोटो खिच्न थाले। सोही क्रममा नियम उल्लंघन गरेको आरोपमा ट्राफिकले उनलाई समायो, तर ती पत्रकारहरूले आफ्नो तस्बिर खिच्न खोजेको बताएर ब्रिङ्गल उम्किइन्, नत्रभने उनले ७५ डलर जरिवाना तिर्नुपर्ने हुन्थ्यो।

## ग्लब्सभित्र न्यापी

वर्ल्ड बक्सिङ च्याम्पियनसिपको हेभिवेट तौल समूहका विजेता युक्रेनका भिताली क्लित्स्कोले आफूले भिडन्त गर्दा शिशुले पिसाब गर्दा प्रयोग गर्ने न्यापीलाई बक्सिङ ग्लब्सभित्र लगाउने गरेको बताएका छन्।

हालै नाइजेरियाका बक्सर स्याम्युयल पिटरलाई पराजित गरेपछि उनले उक्त रहस्योद्घाटन गरेका हुन्। ३७ वर्षीय भितालीले विगत केही वर्षदेखि शिशुले प्रयोग गरेको न्यापीलाई भिडन्तका बेला बक्सिङ ग्लब्सभित्र प्रयोग गर्दै बक्सिङ रिङमा उत्रने गरेको बताए। भिताली भन्छन्- शिशुको पिसाबमा कुनै हानिकारक तत्त्व हुँदैन, जसले भिडन्तको बेला दुखेको हातलाई चाँडै ठीक पार्छ र त्यो पिसाब गन्धरहित पनि हुन्छ। भिडन्तका बेला शिशुले प्रयोग गरेको न्यापी उनले आफ्नो तीन वर्षीय छोराबाट प्राप्त गर्ने गरेका छन्। उनले शिशुको पिसाबबाट फाइदा हुने र सुन्निएको भागमा सेक्दा राम्रो गर्ने कुरा आफ्नी हजुरआमाबाट थाहा पाएको पनि बताए।





## टुट्यो सम्बन्ध

फ्रान्सका स्ट्राइकर थिएरी हेनरीले आफ्नी श्रीमतीसँग अलग हुन ठूलो धनराशि तिर्नुपरेको छ। आर्सनल क्लबबाट व्यावसायिक फुटबल खेलिरहेका हेनरीले श्रीमती क्लेरी मेरीसँग अलग भएबापत करिब ८० लाख स्टर्लिङ पाउन्ड (९२ करोड ८० लाख रुपैयाँ) तिरेको समाचार स्रोतहरूले जनाएका छन्। ३१ वर्षीय हेनरी र २७ वर्षीया मेरीबीच भैरहेको विवाद अदालतले मिलाउन नसकेपछि उनीहरूले लिखित सहमतिमा पारपाचुके गर्ने निर्णय गरेका थिए। आर्सनलबाट खेलेबापत र केही कम्पनी (प्रिङ्गल, म्याकडोनाल्स) को ब्रान्ड एम्बेसडर भएबापत हेनरीले प्रत्येक साता १ लाख ३० हजार पाउन्ड (१ करोड ५० लाख ८० हजार रुपैयाँ) आम्दानी गर्छन्। यसबाहेक हेनरीले उत्तरी लन्डनमा ५९ लाख पाउन्ड (६८ करोड ४४ लाख रुपैयाँ) पर्ने भवन किनेका छन्। विवाह गर्नुअघि व्यावसायिक फुटबल र ब्रान्ड एम्बेसडर भएर मात्र उनले करिब २५ करोड पाउन्ड (२ अर्ब ९० कारोड रुपैयाँ) बराबरको सम्पत्ति जोडेका थिए। थिएरीले पारपाचुकेबापत ८० लाख पाउण्ड दिने सम्झौता गरे पनि मेरीले भने आफूले १ करोड पाउन्ड बराबरको सम्पत्ति पाउनुपर्ने दाबी गरेकी छिन्।

# राजेन्द्र भण्डारी फेरी विवादमा




गत साता सम्पन्न सिंगापुर म्याराथनमार्फत नेपाली धावक राजेन्द्र भण्डारी फेरि विवादमा परेका छन्। म्याराथनका आयोजकको आधिकारिक वेबसाइटमा भण्डारीले कुदेको कुनै आधार नदेखाइएपछि विवाद बढेको हो। काठमाडौंमा सम्पन्न काठमाडौं म्याराथनका विजेता भण्डारी र चौथो स्थानमा रहेका पूर्ण तामाङलाई नेपाल एथलेटिक्स संघले उक्त म्याराथनमा सहभागिता गराएको थियो। काठमाडौं म्याराथनमै दोस्रो स्थान पाएका अर्जुन बस्नेत र यसअघि भएको रियल अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगितामा सहभागी उत्तम खत्रीलाई छाडेर तामाङको सहभागीता नै शंकास्पद बनेको थियो।

नेपाल एथलेटिक्स संघले भण्डारीले २ घन्टा २९ मिनेटमा दौड पूरा गरेको दावी गर्दै आएको छ। संघको दावीअनुसार नै भण्डारीले पनि २ घन्टा २९ मिनेटमा दौड पूरा गरेको जनाएका छन्। तथापि प्रतियोगिताको आधिकारिक वेबसाइट 'सिंगापुर म्याराथन डटकम' मा ११ हजारभन्दा बढी सहभागीको नामावली समावेश भए पनि नेपालका दुवै खेलाडी भण्डारी र तामाङको नाम समावेश छैन। सिंगापुरमा बसोबास गर्दै आएका नेपाली भने प्रतियोगितामा समावेश भएको कुरा सोही वेबसाइटले प्रमाणित गरेको छ।

'भण्डारीले निर्धारित समयमा दौड पूरा गरेका हुन्। उनले चिप्स लगाउन बिर्सिएका कारण सहभागीमा उनको नाम समावेश नभएको हो।' नेपाल एथलेटिक्स संघका महासचिव रवि राजकर्णिकार बताउँछन्। यदि कर्णिकारको दाबी सही हो भने पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउने खेलाडीले सामान्य जानकारीसमेत नराख्नु अर्को हास्यास्पद घटना बनेको छ। प्रतियोगिता सकिएको केही दिनसम्म यस विषयमा जानकारी गराउने प्रयास नगर्नुले एथलेटिक्स संघको गतिविधिलाई शंकास्पद बनाएको थियो। दुई धावक प्रतियोगितामा समावेश नभएको कुरा प्रकाशमा आएपछि मात्र संघले चिप्स लगाउन छुटेको जनाएको थियो।

संघको दाबी एवं आधिकारिक वेबसाइटको तस्बिरलाई नै आधार मान्ने नेपाली धावकले दौड बीचैमा छाडेको सम्भावनालाई भने नकार्न मिल्दैन। प्रतियोगिताको आधिकारिक वेबसाइटमा यी दुई धावक कुदेको तस्बिर भने समावेश छ। यसअघि मध्यम दूरीका धावक भण्डारीले काठमाडौं म्याराथन जितेका थिए। बारम्बार विवादमा आइरहने धावक भण्डारी १० औं दक्षिण एसियाली खेलकुदमा दुई स्वर्ण पदक जिते पनि डोपिङमा असफल भएका कारण कार्बाहीमा परेका थिए। दुई वर्षको प्रतिबन्धपछि फुकुवा भएका भण्डारीले काठमाडौं म्याराथनको उपाधि जित्दै सनसनी फैलाएका थिए।

छोटो दूरीका धावकले लामो दूरीमा पाएको सफलताले धेरैलाई आश्चर्यमा पारे पनि एथलेटिक्सका प्राविधिकहरू भने भण्डारीले लामो दूरीमा पाएको सफलतालाई स्वाभाविक मानेका छन्। 'एरोबिक पावर' र 'नन एरोबिक पावर' दुवैमा भण्डारी अन्य एथलेटभन्दा अग्रणी भएका कारण उनको सफलता सामान्य भएको प्राविधिकहरूको मत छ।




## बारम्बार विवादमा एथलेटिक्स

संसारकै प्रमुख खेल एथलेटिक्स भने नेपालको हकमा सधैं विवादमा पर्ने गरेको छ। विगतमा डोपिङ र खेलाडी पलायनका कारण चर्चामा रहेको एथलेटिक्स यसपटक प्रतियोगितामा सहभागिता नजनाएका कारण चर्चामा रह्यो। विगतमा नाम चलेकै स्टार प्रतियोगीतामा सहभागिता नै नजनाई भाग्ने क्रम नेपाली एथलेटिक्सका लागि सामान्य भैसकेको छ। छनौट प्रतियोगिताको आयोजना नगरी वैदेशिक प्रतियोगितामा सहभागी गराउने रोगले ग्रसित नेपाली एथलेटिक्समा स्तरीय व्यवस्थापनविना भैरहेका थुप्रै म्याराथन प्रतियोगिता पनि विवादमा आइरहेका छन्।

# अमृतलाई मानवअधिकार म्याराथन कप



आँखिसल्ला- पूर्वाञ्चलस्तरीय खोकु छिन्ताङ मानवअधिकार म्याराथनको उपाधि धनकुटा आँखीसल्लाका अमृत राईले हात पारेका छन्। ६० औं विश्व मानवअधिकार दिवसका अवसरमा पूर्वाञ्चलस्तरीय म्याराथन प्रतियोगितामा सहभागी १७ धावकलाई पछि पार्दै २१ वर्षीय राईले सो उपाधि हासिल गरेका हुन्।

धनकुटाको आँखीसल्ला गाविसको थलथलेबाट छिन्ताङ गाविसको पञ्चकन्या सहिद स्मृति पार्कसम्मको साढे सात किलोमिटरको दूरी २६ मिनेट २० सेकेन्डमा पार गर्दै राईले नगद २ हजार ५ सयसहित कप हात पारेका हुन्। भोजपुरका नवीन राईले २६ मिनेट ३१ सेकेन्डमा निर्धारित दूरी पार गर्दै दोस्रो स्थान हासिल गरे। उनले १ हजार ५ सय नगद र कप प्राप्त गरेका थिए। तेस्रो र सान्त्वना पुरस्कार प्राप्त गर्ने क्रमश: छिन्ताङका देवल राई र सुनकुमार राईले नगद १ हजार र ५ सय पाए। उक्त म्याराथन प्रतियोगिता खोकु, छिन्ताङ आँखीसल्ला मानवअधिकार दिवस समारोह समिति पूर्वाञ्चल र धनकुटाको संयुक्त आयोजनामा भएको थियो।

-भिषा काफ्ले

## ५ प्रश्न

**हडकडमा जन्मिएका ३३ वर्षीय लोकेन्द्र परियार पूर्वब्रिटिस गोर्खा सैनिकका छोरा हुन्। ६ वर्ष भारतीय सेनामा रहेका परियार हाल एक प्रतिष्ठित व्यापारीका निजी बडीगार्डका रूपमा कार्यरत छन्। 'गर वा मर' को कडा अनुशासनमा बाँधिएर कामको अनुभव सँगालेका परियार पहिलो सहभागितामै दुई पूर्वविजेतालाई हराउँदै यस वर्ष 'मिस्टर हडकङ नेपाल' घोषित भए। जितसँगै नेपालमा हुने कुनै प्रतिष्ठित शारीरिक सुसंगठन प्रतियोगिता भिड्न हौसिएका लोकेन्द्रसँग साप्ताहिकका लागि निर्मल श्रेष्ठले गरेको पाँच प्रश्न :**



तस्बिर : निर्मल

**एकाएक चर्चामा आउनुभयो, कस्तो अनुभव भैरहेको छ ?**

रमाइलो लागिरहेछ, पहिलेको तुलनामा साथीभाइ तथा इष्टमित्रले हेर्ने दृष्टिकोणमा परिवर्तन पाएको छु, थप जिम्मेवारीका साथ अझ केही गर्ने जोस-जाँगर बढेको छ।

**मिस्टर हडकङ नेपाल बन्छु भन्नेमा कत्तिको विश्वस्त हुनुहुन्थ्यो ?**

अघिल्ला प्रतिस्पर्धा जितिसकेका खेलाडीहरूको सहभागिताले जित्छु नै भन्ने नभए पनि कुनै न कुनै टाइटल ल्याउँछु भन्ने सोचेको थिएँ, स्टेजमा उत्रँदा भने सयौं दर्शकले मेरो नाममा हुटिङ गर्दा मैले नै जित्छु भन्ने विश्वास बढेको थियो।

**दुई पूर्वविजेतालाई हराउँदा कस्तो अनुभव भएको छ ?**

जिम गर्नुपूर्व ५ फिट १० इन्च उचाइ भएको म, ५८ किलोग्रामको मात्र थिएँ। पातलो शरीरकै कारण कामका लागि अन्तर्वार्तामा जाँदा विना सोधपुछ फर्काइनुलगायत साथीभाइको अप्रिय शब्द पनि धेरै खेपें। वजन बढाउने उद्देश्यले व्यायाम सुरु गरेको थिए, तर पहिलो पटकमै 'मिस्टर हडकङ नेपाल' घोषित हुँदा मेहनतअनुसार सफलता मिलेको अनुभव गरेको छु।

**शरीर अनुसारकै काम पाउनुभएछ त ?**

त्यसै भन्नुपर्‍यो, मेरो पेसाबाट सन्तुष्ट नै छु।

**तपाईंको बलिष्ठ शरीरले युवतीलाई कत्तिको आकर्षित गरेको छ ?**

युवतीको आकर्षक शरीरमा युवक लट्ठिएजस्तै उनीहरू पनि मप्रति आकर्षित हुनु स्वाभाविक हो। सनबाथका लागि समुद्रछेउमा पल्टिँदा विदेशी युवतीहरू नजिकै आई घोरिन्छन्, कतिले जिज्ञासासमेत राख्छन्। डिस्कोतिर जाँदा सुमसुम्याउँछन्, विवाहित परियो, त्यसैले यत्तिमै सीमित छ।





# सेनिया विश्वसुन्दरी

**साप्ताहिक समाचार**

काठमाडौं- शनिबार साँझ दक्षिण अफ्रिकाको जोहान्सबर्ग सहरमा 'मिस वर्ल्ड' प्रतिस्पर्धा सम्पन्न भयो। भव्यतापूर्वक सम्पन्न समारोहमा यसपटक रूसकी २१ वर्षीया सुन्दरी सेनिया सुखिनोभा १ सय ११ प्रतिस्पर्धीमध्ये सर्वोत्कृष्ट ठहरिन्। १ सय ८७ देशका ३ सय ७३ टेलिभिजन च्यानलबाट एकैपटक प्रत्यक्ष प्रसारण गरिएको उक्त समारोहको प्रारम्भ अफ्रिकन बाजाको तालमा प्रतिस्पर्धी सुन्दरीहरूलाई दक्षिण अफ्रिकन तथा जमैकन डिजाइनरहरूबाट सिर्जना गरिएका पहिरन प्रस्तुत गर्न लगाएर गरिएको थियो। दर्शकदीर्घाबाट प्रतिस्पर्धी देशका झन्डा फर्फराइरहेका थिए, जसलाई दर्शककै बीचबाट मञ्चमा ल्याइयो। सूचना प्रविधिको यो



युगमा विश्वसुन्दरीको छनौट पनि अनलाइन भोटबाट हुने प्रावधान राखिएको थियो, जसमा दर्शकहरूले आफूलाई मन परेकी सुन्दरीलाई भोट गर्न पाउँथे। मिस इन्डिया पार्वती ओमानाकुथ्थन, मिस ट्रिनिट्याड एन्ड टोबागो ग्राबिली वालकोट, मिस एंगोला ब्रिगिथ डस सान्टोस, मिस साउथ अफ्रिका टेन्सी कोइट्जी तथा मिस रसिया अन्तिम पाँच प्रतिस्पर्धी बने र तीमध्ये मिस रसिया सेनियाले उक्त उपाधिमा आफ्नो हक जमाइन्। त्यसैगरी मिस इन्डिया फस्ट रनरअप तथा मिस ट्रिनिडाड एन्ड टोबाको सेकेन्ड रनरअप घोषित भए।

**को हुन् मिस वर्ल्ड सेनिया ?**

सेनिया भनिए पनि उनको नामको अगाडिको अक्षर अंग्रेजीको 'के'बाट आरम्भ हुन्छ। उत्तरी रूसको साइबेरियास्थित सानो सहर निज्नेभार्टोविष्कमा जन्मिएकी सेनिया ट्युमेन आयल एन्ड ग्यास युनिभर्सिटीकी विद्यार्थी हुन्। २००६ मा उनलाई युनिभर्सिटीले 'आउटस्ट्याडडिङ स्टुडेन्ट'का रूपमा पहिचान गरेको थियो। उनी जिम्न्यास्टिक, पौडी खेलका अतिरिक्त ब्याले र ब्याथलोनमा पोख्त छिन्। बिरालो पाल्ने सौख राख्ने सेनिया धेरै समय साथी तथा अभिभावकहरूसँग बिताउन मन पराउँछिन्। उनलाई मन पर्ने संगीत समूह 'स्टिङ' हो। चलचित्र 'मस्को डजन्ट बिलिभ इन टियर्स' मन पराउने सोनियाले १२ वर्षको उमेरमा समुन्द्रमा एक माइलको दूरी पौडेर पार गरेकी थिइन्।

Computer Hardware & Networking
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor: Tel: 016217094
Adwait Marg Old Buspark: Tel: 4232866
Lagankhel: Tel: 5004018

रोजगारमूलक तालिम
सफल व्यवसायी हुन तथा रोजगार प्राप्तिको लागि
फोटोग्राफी CAMERAMAN
DIGITAL VIDEO-EDITING & ANIMATION
PHOTO-VIDEO पत्रकारिता
FREE Camera, Lens, Film Studio Lab, IELTS Computer Lab, Library etc.
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

होटल तालिम
माउण्टेन होटल ट्रेनिङ सेन्टर
Ph:016212336,9841812055

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

मोबाईल तालिम
मोबाईल फोन
रेडियो, क्यासेट, DVD, VCD, TV
एसी / फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
कम्प्युटर हार्डवेयर, सफ्टवेयर
प्लम्बर
१२ वर्ष पुरानो
३०% छुटमा
Job को लागि सहयोग
तालिमका लागि सम्पर्क :
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोनः 4495581
कालिमाटी 01-6224798
9841824851
नोटः विदेश जानेलाई विशेष कोर्ष।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।